# पहिलो परिच्छेद

## १. शोधपरिचय

प्रस्तुत **राजेन्द्र थापाको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शीर्षकको शोधपरिचयअन्तर्गत पहिलो परिच्छेदमा क्रमशः शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखाको चर्चा गरिएको छ ।

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षकको अध्ययन '**राजेन्द्र थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

काठमाडौँको डिल्लीबजारमा वि.सं. २००८ भाद्र १७ गते पिता तुलाबहादुर थापा र माता तारादेवी थापाका दोस्रो पुत्रका रूपमा राजेन्द्र थापाको जन्म भएको हो । सम्पन्न र शिक्षित परिवारमा जन्मिएका राजेन्द्र थापाले पद्मोदय हाइस्कुल, काठमाडौँबाट २०२२ सालमा १४ वर्षको उमेरमा एस्.एल्.सी. उत्तीर्ण गरेका थिए । २०२५ सालमा त्रिचन्द्र कलेजबाट आई.ए. उत्तीर्ण गरेका थापा २०२६ सालमा बी.ए. पढ्दा-पढ्दै शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छनौट भएका थिए । यिनले २०२७ सालमा शाही नेपाली सेनाको सहायक सेनानी पदमा नियुक्ति पाएका थिए ।

विद्यार्थी जीवनदेखि नै साहित्यसिर्जनामा रुचि राख्ने थापाले कविता, कथा, नाटक, गीत र गजलका क्षेत्रमा कलम चलाए तापनि उनका गीत र गजलसङ्ग्रह मात्र प्रकाशनमा आएका छन् । २०२६ सालबाट गीति क्षेत्रमा लागेका थापाको पहिलो गीत 'मेरो गीत उडी गयो' निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको हो । उनका हालसम्म प्रकाशित कृतिहरूमा- **यस पाली त मनै फाट्यो** (२०५३ गीतिसङ्ग्रह) **सूर्जेपनि अस्ताउजन मात्रै** (२०६२ गजलसङ्ग्रह) , **सहने कै छाती अचानो** (२०६२ गजलसङ्ग्रह) र **बाटोले अब मान्छे हिँड्छ** (२०६४ गजलसङ्ग्रह) हुन् । उनी निरन्तर रूपमा साहित्यक्षेत्रमा लाग्दै आएका छन् । यस शोधपत्रमा तिनै राजेन्द्र थापाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्रकाश पारिएको छ ।

## १.४ समस्याकथन

वि.सं. २००८ भाद्र १७ गते काठमाडौँको डिल्लीबजारमा जन्मेका राजेन्द्र थापा नेपाली साहित्यमा एक विशिष्ट सर्जक हुन् । उनले नेपाली साहित्यमा गीत र गजलका क्षेत्रबाट योगदान पुऱ्याएका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनसँग सम्बद्ध प्रस्तुत शोधकार्यका समस्याहरू देहायबमोजिम रहेका छन्-

(क) राजेन्द्र थापाको जीवनीका मुख्य पक्षहरू के- के हुन् ?

(ख) राजेन्द्र थापाको व्यक्तित्वका के-कस्ता पाटाहरू छन् ?

(ग) राजेन्द्र थापाका हालसम्मका प्रकाशित कृतिहरू के-कति छन् ?

(घ) राजेन्द्र थापाले नेपाली साहित्यमा पुऱ्याएको योगदान कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यअन्तर्गत उपर्युक्त समस्याकथनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू राखिएका छन्-

(क) राजेन्द्र थापाको जीवनीका प्रमुख घटनाहरू र कार्यहरूबारे स्पष्ट पार्नु ,

(ख) राजेन्द्र थापाको व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु ,

(ग) राजेन्द्र थापाका प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ,

(घ) नेपाली साहित्यजगत्मा उनले पुऱ्याएको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

मूलतः गीतकारका रूपमा परिचित राजेन्द्र थापाले नेपाली साहित्यमा गीत र गजल विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई धनी तुल्याएका छन् तापनि आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन भएको देखिँदैन मात्र फाटफुट चर्चा पाइन्छ । उनका बारेमा आजसम्म जेजति कार्य भएका छन् तिनलाई संक्षिप्त र कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ -

माधव घिमिरेले **यस पाली त मनै फाट्यो** (गीतिसङ्ग्रह २०५३) को भूमिकामा राजेन्द्र थापाका गीतमा नेपाली लोकलय र उखान टुक्काको प्रयोग बलियो रूपमा भएको उल्लेख गरेका छन् ।

गीतकार किरण खरेलले **यस पाली त मनै फाट्यो** (गीतिसङ्ग्रह २०५३) को भूमिकामा राजेन्द्र थापाका गीतमा सबैभन्दा मीठो लाग्ने र मनपर्ने पक्ष उनको रचनामा पाइने नवीन प्रयोग हो, यसर्थ उनलाई नेपाली गीतिजगत्का प्रयोगवादी गीतकारका रूपमा चिनाएका छन् ।

दयाराम श्रेष्ठले **यस पाली त मनै फाट्यो** (गीतिसङ्ग्रह २०५३) को भूमिकामा गीतकार राजेन्द्र थापालाई अन्तर्मनका द्रष्टाका रूपमा चिनाएका छन् ।

पारसमणि प्रधानले **गरिमा** पत्रिकामा (वर्ष १८, अङ्क १, २०५६ पौष, ४५) ‘राजेन्द्र थापाका गीतहरूः सक्षिप्त रेखाङ्कन’ शीर्षकमा उनका गीतहरूमा अद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको राम्रो तारतम्य मिलेको कुरा व्यक्त गरेका छन् ।

कृष्णहरि बरालले **गीतः सिद्धान्त र इतिहास** (२०६०) पुस्तकमा राजेन्द्र थापालाई गीतकारका रूपमा चिनाउँदै उनको सामान्य परिचय दिएका छन् ।

देवेन्द्र भट्टराईले **स्रष्टा र समय** (२०६२) पुस्तकमा राजेन्द्र थापा जे जति लेख्छन् त्यति बाहिर ल्याउँदैनन् । मूर्च्छना जेमा भेट्छन् त्यही मात्र बाहिर ल्याउने गीतकार हुन भनी चिनाएका छन् ।

मन्जुलले **सहनेकै छाती अचानो** (२०६२) को भूमिकामा राजेन्द्र थापालाई लोकलयका गजलकारका रूपमा चिनाएका छन् ।

मोदनाथ प्रश्रितले **बाटोले अब मान्छे हिँड्छ** (२०६४) को भूमिकामा 'राजेन्द्र थापाका गीत र गजल नियाल्दा' भन्ने शीर्षकमा लक्ष्मीप्रसाद देवकोटा शिक्षक र मन्त्री बन्न हैनन्, साहित्य सिर्जनाकै लागि जन्मेका हुन् । मोहन कोइरालाको जीवनी प्रयोगवादी कविताकै लागि भएको हो भने राजेन्द्र थापालाई गीत सिर्जनाकै निम्ति बाबु आमाले जन्माएका हुन् भनी उनलाई प्रखर गीतकारका रूपमा चिनाएका छन् ।

प्राज्ञ डा. देवीप्रसाद ओझाले **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२) गजलसङ्ग्रह) को भूमिकामा उनलाई राष्ट्रिय अस्तित्व र एकताको प्रश्न , राष्ट्रिय जिम्मेवारीको प्रश्न तथा मानव मनमा हिंसा र अशान्तिले उब्जाएको कुण्ठाको प्रश्नलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने गजलकारका रूपमा चिनाएका छन् ।

राजेन्द्र थापाका बारेमा आजसम्म गरिएका फाटफुट चर्चाहरू यिनै हुन् । यी फाट्टफुट्ट चर्चाहरूले राजेन्द्र थापालाई केही हदसम्म साहित्यिक क्षेत्रमा स्थापित गराउनमा ठूलो सहयोग गरेको छ र यी सामग्रीहरूले शोधकार्यका लागि पनि सकारात्मक सहयोग गरेका छन् । तर अहिलेसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन । उनका बारेमा आजम्म जे जति अध्ययन भएका छन् ती अपूर्ण र अधुरा एवम् छिटफुट नै रहेका छन् । यसर्थ यहाँ यिनै अभावको परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गर्न खोजिएकाले यसमा राजेन्द्र थापाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार राजेन्द्र थापालाई नेपाली साहित्यजगत्का माध्यमबाट सबैमा चिनाउने प्रयास गरिएको छ । यस्तै नेपाली साहित्यको विकासका निम्ति राजेन्द्र थापाले पुऱ्याएको मुख्य योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ , साथै राजेन्द्र थापाको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङ्न गरिने हुनाले आउने पिंढीलाई यिनका बारेमा तथा यिनका कृतिहरूका बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा यो अध्ययनको आफ्नै औचित्य रहेको छ ।

यसप्रकार राजेन्द्र थापाको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षक प्रस्तुत शोधपत्रले यिनका बारेमा अध्ययन गर्ने अध्ययतालाई थप सहयोग पुऱ्याउने छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि प्रस्तुत शोधपत्रले महत्त्वपूर्ण टेवा पुऱ्याउने छ । यो विविध दृष्टिकोणले प्रस्तुत शोधपत्र औचित्यपूर्ण हुन पुगेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार राजेन्द्र थापाले नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाएका छन् । उनका साहित्यिक रचनाहरू केही प्रकाशित र केही अप्रकाशित रूपमा रहेका छन् । यस शोधपत्रमा उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित गीत र गजलसङ्ग्रहको विषयगत रूपमा व्याख्या विश्लेषण गरी अध्ययन गरिएको छ । उनका अप्रकाशित रूपमा रहेका रचनाहरू भने यस शोधपत्रमा चर्चा गरिएको छैन् । यही नै यस शोधपत्रको सीमाङ्कन रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रका निम्ति साहित्यकार राजेन्द्र थापाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग सम्बन्धित र

परिचित व्यक्ति, उनका परिवार नातेदारहरूसँग सम्पर्क गरी अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । यसैगरी पुस्तकालयीय अध्ययनबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ र कृतिपक्षको वर्णनात्मक र विधागत सैद्धान्तिक तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ ।

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : राजेन्द्र थापाको जीवनी

३. तेस्रो परिच्छेद : राजेन्द्र थापाको व्यक्तित्व

४. चौथो परिच्छेद : राजेन्द्र थापाका गीतिसङ्ग्रहको अध्ययन

५. पाँचौ परिच्छेदः राजेन्द्र थापाका गजलसङ्ग्रहको अध्ययन

६. छैटौँ परिच्छेद : उपसंहार

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजित गरी अध्ययन गरिएको छ ।

# परिच्छेद – दुई

# राजेन्द्र थापाको जीवनी

## २.१ वंश परम्परा

राजेन्द्र थापाको वंशपरम्परा आधुनिक नेपालको निर्माण अभियानसँग प्रत्यक्ष रूपमा जोडिएको पाइन्छ । वंशावलीहरूमा उल्लेख गरिएअनुसार राजेन्द्र थापा उमराव बाघ भीमसिंह थापाका नवौँ पुस्ताका सन्तति हुन् ।[ज्ञ] एकीकरणको अभियानमा पृथ्वीनारायण शाहलाई योगदान पुऱ्याउन जुटेका अनेकौँ योद्धामध्ये भीमसिंह थापा पनि एक थिए । यिनले वि.सं १८१४ मा कीर्तिपुरको युद्धमा अद्‌भूत साहस देखाई पृथ्वीनारायण शाहबाट पारितोषिक स्वरूप 'बाघ' भन्ने खिताब (इनाम) पाएका थिए । त्यसपछि अर्को नाम बाघ भीमसिंह थापा बन्न पुगेको थियो । विश्वास र भरोसाका प्रतीक भएकाले भीमसिंह थापालाई पृथ्वीनारायण शाहले "उमराव" को पद पनि दिएका थिए ।[द्द] राजेन्द्र थापा यिनै उमराव बाघ भीमसिंह थापाका नवौं पुस्ताका सन्तति हुन् । भीमसिंह थापाका तीनमात्र छोरा थिए । जेठा बढाकाजी अमरसिंह थापा, माहिला सरदार भैरवसिंह थापा र कान्छा भूजवलसिंह थापा थिए । राजेन्द्र थापा सरदार भैरवसिंह थापाका पुस्तामा पर्दछन् । सरदार भैरवसिंह थापाका दाजु अमरसिंह थापा नेपालका राष्ट्रिय विभूति हुन् । आधुनिक नेपालको इतिहासमा उनी ख्याति प्राप्त छन् । कान्तिपुरको युद्धमोर्चामा कलिला अमरसिंह थापाले देखाएको साहस र पुरुषार्थ अत्यन्तै गहकिलो रूपमा प्रकट भएको महसुस गरी पृथ्वीनारायण शाहले कान्तिपुर विजय भएको भोलिपल्ट (वि.सं. १८२५ आश्विन १४ गते) रामकृष्ण कुँवरका साथै अमरसिंह थापालाई पनि कदरस्वरूप सरदारको खान्गी दिए ।[घ] उनको समस्त जीवन नै स्वदेशका निम्ति लडाइँ गर्दै बितेको थियो । उनलाई धनदौलत बटुल्ने तथा सांसरिक ऐश्वर्य प्राप्त गर्ने न आकाङ्क्षा थियो न इच्छा नै थियो । उनको जीवनको

---

[ज्ञ] बाबुराम सिंह थापा, **ऐतिहासिक रन्जै थापा वंशावली**, अप्रकाशित ।

[द्द] इन्दिरा जोशी , **बुढाकाजी अमरसिंह थापा र बृहत् नेपाल**, (काठमाडौं: २०६३ ) , पृ. १८ ।

[घ] ऐजन ।

एकमात्र लक्ष्य स्वदेशको गौरव वृद्धि गर्ने थियो । यिनको घर लडाइको थर्पु थियो, खेत युद्धस्थल थियो, लुगा जङ्गी पोसाक थियो, गहना खुकुरी र खुँडा थियो , युद्धघोष यिनले सुन्ने गीत थियो, करनाल तुरही तथा मृदङ्ग आफ्ना गम्भीर स्वरले यनका कानलाई आनन्दित तुल्याउथ्यो ।[ढ]

राजेन्द्र थापाका बाजे गणेशबहादुर थापा राणा शासनकालका बडा हाकिम थिए । उनी बडा हाकिम भएर पूर्व खटिदाँ सिन्धुलीमा भव्य दरबार निर्माण गरी धेरै जमिन जोडेका थिए ।[छ] उनले काठमाडौँमा पनि डिल्लीबजार स्थापना हुँदाका बखत ५ तले घर निर्माण गरेका थिए ।[ट] राजेन्द्र थापाका बुबा तुलाबहादुर थापाले राणाकालको अन्तिम समयमा प्रहरी अधिकृतमा सेवा सुरु गरेका थिए । उनी २०१६ साल नारायणी अञ्चलका प्रहरी प्रमुख थिए ।[ठ] गणेशबहादुर थापाका चार छोरा जेठा नरसिंह थापा, माहिला तुलाबहादुर थापा, साहिँला पद्मजङ्ग थापा र कान्छा सम्मरजङ्ग थापा हुन् । महिला तुलाबहादुर थापाका चार छोरा र तीन छोरी छन् । छोराहरू प्रकाशबहादुर थापा, राजेन्द्र थापा, धिरेन्द्रबहादुर थापा र देवेन्द्रप्रताप थापा हुन् भने छोरीहरू राजेश्वरी के.सी. , राजकुमारी राणा र विन्देश्वरी रायमाझी हुन् ।[ड]

उमराव बाघ भीमसिंह थापादेखि राजेन्द्र थापासम्मको नौ पुस्ताको वंशावली यस प्रकार पाइन्छ ।


[ढ] ऐजन ।

[छ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[ट] ऐजन ।

[ठ] ऐजन ।

[ड] ऐजन ।




स्रोतः ऐतिहासिक रन्जैथापा वंशावली प्रकाशोन्मुख २०६५

## २.२ जन्म र जन्मस्थान

राजेन्द्र थापाको जन्म तुलाबहादुर थापा र उनकी श्रीमती तारादेवी थापाका कोखबाट वि.सं. २००८ भाद्र १७ गते तद्नुसार सन् १९५१ सेप्टेम्बर २ काठमाडौँको डिल्लीबजारमा भएको हो ।[ढ] यिनको न्वारनको नाम लेखबहादुर थापा हो ।[ज्ञण] यिनको नाम कहिले राजेन्द्रवरसिंह, कहिले राजेन्द्रमोहनसिंह र कहिले राजेन्द्रसिंह रहे पनि यिनी अहिले राजेन्द्र थापाका रूपमा परिचित छन् ।[ज्ञज्ञ] एस्.एल्.सी. को फाराम भर्दा तत्कालीन फेसनअनुसार 'कुमार' नाम जोडिएकाले उनको जागिरे नाम भने राजेन्द्रकुमार थापा रहेको देखिन्छ ।[ज्ञद्द]

## २.३ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण क्षण हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म प्रभाव पारिरहेको हुन्छ । यस उमेरमा जुनसुकै बालक पनि बालसुलभ आचारण मनोरञ्जन तथा खेलकुदमा रमाउने र बिताउने गर्दछन् । कतिपय मानिसको बाल्यकालमा थुप्रै आपत्-विपत् आइपर्छन् जसको कारणले उसको शारीरिक तथा मानसिक विकासमा समेत असर पर्न जान्छ । सम्पन्न परिवारमा जन्मेका राजेन्द्र थापाको बाल्यकालमा दुःख, कष्ट, आपत्-विपत् भने आइपरेनन् । पिता प्रहरी अधिकृत भएकाले यिनको बाल्यकाल पीतासँगै काठमाडौँ, गोरखा, वीरगञ्ज, चितवनमा बितेको थियो ।[ज्ञघ] राजेन्द्र थापाको बाल्यकालीन व्यक्तित्व निर्माणमा आमाको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । आमाको शिष्टता, धैर्यता, नम्रता सरलताजस्ता व्यवहारबाट राजेन्द्र थापाले बाल्यकालमा धेरै कुराहरू सिके । यसको छाप यद्यपि उनमा छँदैछ । उनी बाल्यकालमा सरल र शान्त स्वभावका, सहनशील र सकभर आफ्नो दुःख व्यक्त नगर्ने, अन्यायबाट पीडित हुँदा पनि सहने, मौखिक या भौतिक

---

[ढ] शोधनायकको जन्मकुण्डलीअनुसार प्राप्त जानकारी ।

[ज्ञण] ऐजन ।

[ज्ञज्ञ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[ज्ञद्द] ऐजन ।

[ज्ञघ] ऐजन ।

प्रतिकार नगर्ने, शान्त स्वभावका मात्र साथी खोज्ने असल स्वभावका थिए । उनको शारीरिक बनोट अति सुन्दर र गोरो भएका हुनाले बाल्यकालमा उनको रूपको तारिफ सबैले गर्दथे ।[ज्ञढ]

बाल्यकालका केही घटनाहरू उनी अझै पनि सम्झिरहन्छन् -राजा महेन्द्रको राज्याभिषेकमा बिजुली अड्डा अगाडि अग्रपङ्क्तिमा उभिने मौका पाएको र त्यसबखत हात्तीबाट राजाले पालेका मोहर फेला पारेका थिए । काठमाडौँबाट त्रिसुली हुँदै बोर्लाङ्ग पुगेको र त्यहाँ बृद्ध मानिसहरूले बाजे नाता जोडी यिनलाई ढोगेका थिए । प्रहरीले पक्रेका चोरहरूलाई पिट्नलाई दुई दाजुभाइलाई प्रहरीले उक्स्याउँदा दाजुले लातले हाने पनि उनले कुट्न सकेका थिएनन् । करिब ६/७ वर्षको उमेरमा उक्सेहाटमा खुट्टा बाँधेर थुनेको चोरको बायाँ घुँडामा एकपटक हानेपछि दोस्रोपटक हान्न नसकेको र उक्त घटनाले हालसम्म पनि ग्लानी र पश्चाताप उत्पन्न गर्ने उनी बताउँछन् ।[ज्ञछ] बाल्यकालमा पिताका साथ वीरगञ्ज, बारा, पर्सा, रौतहट, चितवन, वनारस तथा अलाहावाद आदि ठाउँका भ्रमण गरेका थिए । विभिन्न क्षेत्रबाट विभिन्न समयमा अनुभव बटुली सामाजिक, सांस्कृतिक र प्राकृतिक वातावरणअनुरूपको व्यक्तित्व निर्माण गर्दै उनको बाल्यकाल बितेको थियो ।

## २.४ उपनयन संस्कार

हिन्दू संस्कारअनुसार ब्राह्मण र क्षेत्रीय कुलमा छोरालाई व्रतबन्ध गराई जनै लगाइदिने, गुरुमन्त्र सुनाउने परम्परा पाइन्छ । यसैअनुरूप राजेन्द्र थापाको उपनयन संस्कार २०२१ सालमा १३ वर्षको उमेरमा वैदिक विधि विधानअनुसार भएको थियो । उनको उपनयन अरू भाइहरूसँगै सगोलमा तामझामका साथ पूर्वको झाङ्झोलीमा सम्पन्न भएको थियो ।[ज्ञट] उनी व्रतबन्ध समयका केही घटनाहरू अझैसम्म सम्झना रहेको बताउँछन्- व्रतबन्ध १०/११ जना दाजुभाइका सँगै गरिएको थियो । इष्टमित्र भाइभारदार सबैलाई बोलाएर बाजागाजाका साथ उनको व्रतबन्धका अवसरमा निकै ठूलो भोज गरिएको थियो । टाढा-टाढाका मानिसलाई पनि

---

[ज्ञढ] ऐजन ।

[ज्ञछ] ऐजन ।

[ज्ञट] ऐजन ।

बोलाएका थिए । खेत कमाउने मानिसमात्रै २०० भन्दा बढी भएका थिए । यी विविध घटनाहरू थापाको मानसपटलमा सजीव रहेको कुरा बताउँछन् । [ज्ञठ]

## २.५ शिक्षादीक्षा

राजेन्द्र थापाका बुबा शिक्षित र सम्पन्न अनि प्रहरी अधिकृत भएका कारण यिनको पढाइ ४/५ वर्षको उमेरदेखि नै प्रारम्भ भएको थियो तर राजेन्द्र थापालाई गोरखामा हुँदा पढेको मात्र याद छ अरू कुनै याद छैन । राजेन्द्र थापाले रामशाहपथ स्थित विजय प्राइमरी स्कुलबाट औपचारिक शिक्षा प्रारम्भ गरेका हुन् । १, २, र ३ कक्षा विजय प्राइमरीमा पढेपछि पिता वीरगञ्ज सरुवा भएका कारण राजेन्द्र थापाले पनि २०१६ सालदेखि वीरगञ्जको त्रिभुवन हनुमान स्कुलमा कक्षा ४ र ५ पढे । त्यसपछि उनी काठमाडौँ फर्के र कक्षा ६ देखि रामशाहपथको पद्मोदय हाइस्कुलमा पढ्न थाले । उनले २०२२ सालमा पद्मोदय हाइस्कुलबाट १४ वर्षको उमेरमा एस्.एल्.सी. उत्तीर्ण गरे ।[ज्ञड] स्कुलको जीवनमा उनी साथीभाइसँग विभिन्न किसिमका खेल खेल्ने, विभिन्न सांस्कृतिक कार्यक्रममा भाग लिने, कविता लेख्ने, रेडियो नेपालको बालवाटिका कार्यक्रममा नियमित भाग लिने, समाजसेवाका लागि साथीभाइहरूसँग पाटनका ग्रामीण क्षेत्रहरूमा पुगी भत्केका चौतारा बनाउने, कसैको चर्पी बनाइदिने, बाटो र ढल खनिदिने, शिवरात्रीमा पशुपति, कृष्णाष्टमीमा कृष्णमन्दिर, बुद्धजयन्तिमा स्वयम्भू तथा टुँडिखेलमा हुने राष्ट्रिय समारोहमा स्वयम्सेवक भई काम गर्नु, भीडको व्यवस्थापन, पानी वितरण, प्राथमिक उपचारजस्ता कार्यक्रममा संलग्न हुनु, बेलावखत ट्राफिकलाई सहयोग गर्नु आदि कार्य गरेका थिए ।[ज्ञढ]

राजेन्द्र थापाले त्रिचन्द्र कलेजबाट वि.सं. २०२५ मा अर्थशास्त्र, नेपाली र भूगोल मुख्य विषय लिई आई.ए. उत्तीर्ण गरे तर बी.ए. मा पढ्दा पढ्दै वि.सं २०२६ मा शाही नेपाली

---

[ज्ञठ] ऐजन ।

[ज्ञड] ऐजन ।

[ज्ञढ] ऐजन ।

सेनाको अधिकृत क्याडेटमा छानिएपछि उनको व्यावहारिक शिक्षा समाप्त भयो ।[द्ण] तर सैनिक सेवामा पनि राजेन्द्र थापाले विभिन्न सैनिक प्रशिक्षण र तालिम लिएका छन् । सन् १९८२/८३ मा अमेरिकाको यु.एस्.ए. कमाण्ड तथा जनरल स्टाफ कलेजबाट सैनिक कला तथा स्नातकोत्तरसरहको डिग्री अनर्स हासिल गरेका थिए । सन् २००२/०३ मा चीनको नेशनल डिफेन्स विश्वविद्यालयबाट नेशनल सेक्युरिटी एण्ड स्ट्रेटेजिक स्टडिज विषयमा स्नातकोत्तरसरह डिग्री हासिल गरेका थिए । सैनिक विज्ञान सम्बन्धमा भारतबाट विभिन्न अवसरमा तालिम प्राप्त गरेका थिए ।[द्ज्ञ] उनले प्राप्त गरेको शिक्षा र सैनिक तालिमको तालिका यसप्रकार रहेको छ -

| क्र.सं | संस्था | डिग्री | कैफियत |
|---|---|---|---|
| १ | एस्.एल्.सी. बोर्ड नेपाल (पद्मोदय हाइस्कुल) | एस्.एल्.सी. | |
| २ | त्रिभुवन विश्वविद्यालय (त्रिचन्द्र कलेजबाट | आई.ए | |
| ३ | यु.एस्.य. कमाण्ड तथा जनरल स्टाफ कलेज, अमेरिका | स्नातकोत्तर सरह<br>डिग्री अनर्स | तालिम |
| ४ | नेशनल डिफेन्स विश्वविद्यालय चीन | सेक्युरिटी एण्ड स्ट्रेस्टडिज विषयमा स्नातकोत्तरसरह डिग्री | तालिम |

राजेन्द्र थापाले आफ्नो जीवनमा उच्च शिक्षातर्फ औपचारिक शिक्षा बी.ए. सम्मको अध्ययन गरे पनि उक्त तहको पढाइ पूरा गरेनन् । सैनिक शिक्षातर्फ विभिन्न सैनिकसम्बन्धी तालिम प्राप्त गरे । उनी अनौपचारिक रूपमा अध्ययन, चिन्तन, मनन आदिजस्ता कार्यहरूमा निरन्तर लागिरहेका छन् ।

[द्ण] ऐजन ।

[द्ज्ञ] ऐजन ।

## २.६ दाम्पत्य जीवन र छोराछोरी

राजेन्द्र थापाले अन्तर्जातीय विवाह गरेका थिए । उनकी श्रीमती गम्भीरबहादुर राजभण्डारी र मोतीदेवी राजभण्डारीकी एक्ली छोरी ज्योति राजभण्डारी हुन् । केही समयको प्रेम सम्बन्धपछि उनीहरू हिन्दू परम्परागत संस्कारअनुसार वि.सं. २०३५ मङ्सिर २७ गते वैदिक विधिपूर्वक विवाह बन्धनमा बाँधिएका थिए ।[द्द] ज्योति राजभण्डारीको घरपरिवारबाट सुरुमा अवरोध भए तापनि सहमतिको वातावरण तयार भएपछि परम्परागत रूपमा नै इष्टमित्र, भाइभारदारहरूको उपस्थितिमा तामझामका साथ उनीहरू वैवाहिक बन्धनमा बाँधिएका थिए ।[द्घ]

ज्योति राजभण्डारीका बुबा शाही नेपाली सेनामा कर्णेल थिए । कुपण्डोलमा जन्मिएकी ज्योति राजभण्डरीले प्रारम्भिक शिक्षा र माध्यमिक शिक्षा काठमाडौँबाट पूरा गरेकी थिइन् भने आई.ए. दिल्लीको लेडि श्रीराम कलेजबाट गरेकी थिइन् । पद्मकन्या कलेज काठमाडौँबाट बी.ए. पूरा गरी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट अर्थशास्त्र विषयमा एम्.ए. पूरा गरेकी थिइन् । वीरेन्द्र सैनिक महाविद्यालयमा १६ वर्षसम्म अध्यापन पेसामा संलग्न रहेकी ज्योति राजभण्डारी हाल रातो बङ्गला स्कुल 'ए' लेवलमा अध्यापन कार्यमा संलग्न रहेकी छन् ।[द्ढ]

राजेन्द्र थापाको परिवार सानो र सुखी छ । एक छोरा र एक छोरीमात्र रहेका थापाको परिवारमा आफ्ना सन्तानलाई शिक्षादीक्षाको राम्रो प्रबन्ध मिलाएको देखिन्छ । थापाका छोरा तपसवरसिंह थापाको जन्म २०३६ असोज ६ गते भएको हो । पत्रकारितामा बी.ए. उत्तीर्ण गरेका तपसवरसिंह थापाले व्यवस्थापनमा समेत बी.बी.एस्. उत्तीर्ण गरेका छन् । ग्रामीण विकास विषयमा एम्.ए. अध्ययन गर्दै रहेका तपसवरसिंह काठमाडौँ पोष्टका पत्रकार हुन् ।[द्छ] दोस्रो

---

[द्द] ऐजन ।

[द्घ] ज्योति राजभण्डारीबाट प्राप्त जानकारीअनुसार ।

[द्ढ] ऐजन ।

[द्छ] ऐजन ।

सन्तानका रूपमा जन्मलिएकी छोरी युग्मीराज्यश्री थापाको जन्म वि.सं २०४७ पौष २ गते भएको हो । युग्मीराज्यश्री रातो बङ्गला 'ए' लेवलमा कक्षा १२ मा अध्ययन गरिरहेकी छन् । [द्ट]

## २.७ पारिवारिक वियोग

प्रत्येक मानिसको जीवनमा सुख-दुःखको आरोह-अवरोह भइरहन्छ । मानिसका जीवनमा सधैँ खुसीमात्र आउँदैन दुःख पनि आउँछ वि.सं २०५१ असारमा थापाकी आमाको अचानक देहावसान भयो । आमाको देहावसान भएको केही महिनाको अन्तरालमा ससुरा गम्भीरबहादुर राजभण्डारीको देहावसान भयो । त्यसको ११ महिनापछि सासुको आकस्मिक निधन भयो । सासुले एकवर्षभित्रमा आफ्नो पनि मृत्यु भएमा सती गएजस्तो हुन्थ्यो भन्ने कुरा बारम्बार भनेअनुसार बिना कुनै रोग नै देखा नपरी निधन भएको कुरा राजेन्द्र थापा बताउँछन् । यसैगरी थापाका बुबाको निधन वि.सं २०५४ मङ्सिरमा भयो ।[द्ठ] तीन वर्ष चार महिनाको अन्तरालभित्र थापा दम्पत्तिका आमाबाबु चारैजनाको निधनले उनलाई हालसम्म पनि पीडाको अनुभूति गराइरहेको छ । श्रीमती ज्योतिका आमाबाबुका छोरीज्वाइँबाहेक अरू कोही नभएकाले राजेन्द्रले सासुससुरालाई लामो समयसम्म रसियामा छँदा आफ्नै साथ राखेका थिए । रसियाबाट फर्किएपछि पनि उनीहरूको एक्लोपन मेट्न सासुससुराको घरमा अलग्गै फ्ल्याट लिई बसेका थिए ।[द्ड] सासुससुराको निधनपछि मात्र उक्त स्थान छाडी भक्तपुर लोकन्थली स्थित आफ्नै घरमा बसेका छन् । सासुससुराका छोरा नभएका हुनाले उनीहरूले ज्वाई छोरालाई नै छोराछोरी मानेका थिए । फलतः सासुससुराको काजकिरिया पनि थापाले नै गरेका थिए ।[द्ढ]

## २.८ आर्थिक अवस्था

राजेन्द्र थापाका बाजे गणेशबहादुर थापा राणाशासनकालका बडाहाकिम कप्तान थिए । वि.सं. १९८०/८५ तिर आधुनिक डिल्लीबजारको प्रारम्भिक विकासको समयमा डिल्लीबजारमा

---

द्ट ऐजन ।

द्ठ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

द्ड ऐजन ।

द्ढ ऐजन ।

५ तले दरबार बनाएका थिए भने उनले वि.सं १९९० अघि नै पूर्व नं १ र २ मा बडाहाकिम हुँदा भ्काङभ्कोलीमा ५०० रोपनी भन्दा बढी जग्गा जोडी सबैभन्दा ठूलो दरबार बनाएका थिए । त्यसैगरी पिता तुलाबहादुर थापा अञ्चलका प्रहरी प्रमुख थिए ।[घण] उनले पनि प्रशस्त सम्पत्ति जोडेका थिए । यसैले राजेन्द्र थापाको परिवार निकै सम्पन्न देखिन्छ ।

राजेन्द्र थापाले बाबु बाजेका सम्पत्तिमा लोभ नगरी आफ्नै पौरखले चलअचल सम्पत्ति कमाएको पाइन्छ । १८ वर्षको उमेरदेखि नै शाही नेपाली सेनाको सहायक सेनानी बन्ने अवसर पाएका र देश विदेशमा विभिन्न सैनिक प्रशिक्षण सम्बन्धित तालिम र कूटनीतिक सेवामा समेत खटिएका थापाले आफ्नै पौरखले प्रशस्त चलअचल सम्पत्ति जोडेका छन् । उनकी श्रीमती बाबुआमाकी एक्ली सन्तान भएकाले माइतीतर्फको पैतृक सम्पत्ति उनकै नाममा रहेको छ ।[घज्ञ] थापाको आम्दानीको स्रोत यस प्रकार देखिन्छ -

- नेपाली सेनाको उपरथी पदबाट प्राप्त हुने मासिक आम्दानी ।
- श्रीमती ज्योतिको वीरेन्द्र सैनिक महाविद्यालयबाट प्राप्त हुने निवृत्तिभरण ।
- श्रीमती ज्योतिको रातो बङ्गला स्कुलबाट प्राप्त हुने मासिक आम्दानी ।
- थापाको स्वामित्वमा वि.सं २०५२ सालदेखि सञ्चालनमा रहेको प्लोरी कल्चरको नर्सरी (नेपालकै सबैभन्दा ठूलो गुलाव उत्पादन फार्म) बाट प्राप्त हुने आम्दानी ।
- छोरा तपसवरसिंह थापाले काठमाडौं पोष्टबाट प्राप्त गर्ने मासिक आम्दानी ।
- श्रीमती ज्योतिको पैतृक घरबाट प्राप्त हुने बाहाल आदि ।

परिवारका तीनजना सदस्य जागिरे भएका र अन्य आयआर्जनको माध्यम भएकाले राजेन्द्र थापाको आर्थिक स्थिति सम्पन्न र सुदृढ रहेको देखिन्छ ।

---

[घण] ऐजन ।

[घज्ञ] ऐजन ।

## २.९ बसोबास

राजेन्द्र थापाको बाल्यावस्था काठमाडौँ, गोरखा, चितवन र वीगञ्जमा बित्यो, युवावस्था र प्रौढावस्था जागिरका क्रममा देशविदेशका विभिन्न स्थानमा बिताए । पैतृक घरबाट अंश नलिएको र ससुरालीको पुर्ख्यौली घरमा केही समय बसेका थिए । जागिरका सिलसिलामा यताउता भौतारिए तापनि निश्चित बसोबास भक्तपुरमा हुँदै आएको छ । लोकन्थली स्थित आफ्नै मिहिनेत र कमाइले निर्माण गरेको तीनतले घरमा हाल उनी आफ्ना छोराछोरी र श्रीमतीसहित स्थायीरूपमा बसोवास गर्दै आएका छन् ।[घ६] उनले घर अगाडि विविध वातावरणमा पाइने बोटविरुवा र फलफूल लगाएका छन् । घरभित्र आधुनिकताले सजिसजाउ नगरेर थापाले आफ्नै हातले काठमा कपेका काष्ठकलाहरू राखेका छन् लोकन्थलीमा २०५९ सालदेखि स्थायीरूपले बस्दै आएका छन् ।[घघ]

## २.१० कार्यक्षेत्र

राजेन्द्र थापा वि.सं २०२६ मा खुल्ला प्रतियोगिताबाट शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छनोट भएका थिए । उनले सैनिक शिक्षालयअन्तर्गत नगरकोट र भक्तपुरमा एकवर्षको तालिम पश्चात् वि.सं. २०२७ असोजमा २० गते सहायक सेनानीमा नियुक्ति पाएका थिए । २०६५ भाद्रदेखि सेनाको जागिरे जीवनबाट अवकाश लिएका छन् ।[घद्ध] सेनामा जागिरे व्यक्तिले सामाजिक सङ्घ-संस्था र अन्यक्षेत्रमा जान नपाउने हुँदा उनको कार्यक्षेत्र सैनिक सेवामा सीमित रहेको छ । सहायक सेनानीबाट जागिरे जीवन सुरु गरेका थापाले नेपाली सेनाकै विशिष्ट श्रेणी उपरथी पदबाट हाल अवकाश पाएका छन् ।[घछ]

---

[घ६] ऐजन ।

[घघ] ऐजन ।

[घद्ध] ऐजन ।

[घछ] ऐजन ।

## २.११ साहित्यलेखन

कुनै पनि साहित्यकारले कुनै लेख, रचना, कविता, कथा, उपन्यास आदि सिर्जना गरेको हुन्छ र कसै न कसैको प्रभाव वा प्रेरणा प्राप्त गरेको हुन्छ । प्रसिद्ध साहित्यकारहरूका कृतिहरूको अध्ययन, प्रेम प्रसङ्ग, प्रियजनको विछोड आदिका कारणले पनि साहित्यसिर्जना हुने गर्दछ । विविध ठाउँमा भ्रमण गर्दा प्राप्त हुने प्राकृतिक र सांस्कृतिक पक्षले पनि व्यक्तिलाई साहित्यिक बनाउँछ । राजेन्द्र थापाको लेखन कार्यको जागरुकतामा पनि यस्तै विभिन्न क्षेत्र एवम् व्यक्तिबाट प्रभाव र प्रेरणा परेको पाइन्छ ।

### २.११.१ प्रेरणा र प्रभाव

राजेन्द्र थापा घरायसी वातावरण, रेडियो नेपालको बालवाटिका कार्यक्रममा संलग्नता, वीरगञ्जको ग्रामीण परिवेश, आफ्नै प्रेमप्रसङ्ग, छिमेकमा बस्ने लक्ष्मण घिमिरेले निःशुल्क दिएको ट्युशन कविता लेखन, यादव खरेलले दिएको प्रेरणा र ऊर्जा आदिका कारण साहित्यसिर्जनामा लागेका देखिन्छन् ।[घट] उनी वीरगञ्जको ग्रामीण क्षेत्रमा पैदल यात्रा गर्दा साँझ गोधूलीको दृश्यले पहिलो कविता लेख्न प्रेरित गरेको बताउँछन् । उनी त्यसबेला नौ वर्षका मात्र थिए । त्यसबेला लेखिएको कविता यस प्रकार छ-

*“समय थियो साँझको बेला*
*तोरीहरू झुलिरहेका*
*मौरी भुनभुन गरिरहेका*
*चरा घर फर्की रहेका । ”*

राजेन्द्र थापाको पुख्यौली पारिवारिक परिवेश काठमाडौँ देखिन्छ भने उनले बाल्यकालदेखि नै देशका विभिन्न स्थानमा भ्रमण गर्ने अवसर पाएको देखिन्छ । फलतः थापाको साहित्यलेखनमा ग्रामीण र सहरिया परिवेश, जागिरे जीवनमा भोगेका र देखेका देशविदेशका विविध प्राकृतिक, सांस्कृतिक, राजनीतिक वातावरण आदिले प्रभाव पारेको पाइन्छ । स्वअध्ययनको उत्तरोत्तर प्रगति, दुर्गम ठाउँमा बस्ने नेपाली जनताहरूका पीडा, आर्थिक र

---

[घट] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

राजनीतिक कारणले जन्माएका विविध समस्या अनि रूढिवादी र परम्परागत धारणाहरू उनका साहित्यलेखन प्रेरणाका अन्य स्रोत बनेका छन् । उनले आफ्नै आमाबाट प्रभाव र प्रेरणा पाएका छन् ।[घठ] उनी भन्दछन्- "असलमा म भित्र अन्तर्निहित साहित्य बीजाङ्कुर प्रस्फुटनका निम्ति आवश्यक हुने संवेदनशील हृदयले नै मलाई साहित्यिक फाँटमा ल्याएको हुनुपर्छ ।" त्यसैगरी भारतीय साहित्यकार प्रेमचन्द्र निराला, मैथलीशरण गुप्त, हरिवंशराय वच्चन, महादेव बर्माका कृतिहरूको अध्ययन, अङ्ग्रेजी साहित्यकार शेक्सपियर, अर्नेस हेमिङ्वे, मोपासा, बङ्गाली साहित्यकार रवीन्द्रनाथ टैगोर शरदचन्द्र आदिका कृतिहरूको अध्ययन र नेपाली साहित्यकार बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरूको अध्ययन पनि उनका आंशिक प्रेरणाका स्रोत रहेको पाइन्छ ।[घड]

राजेन्द्र थापाले अति मनपराएको कृति अर्नेस हेमिङ्वेको **द वर्ल्ड म्यान एण्ड सी** २३०० वर्ष पुरानो चिनिया रणनीतिकार सुन्जु तथा उनको अमर कृति **द आर्ट अफ वार** र नेपाली साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** कृति हुन् । यी कृतिले उनलाई निकै प्रभावित पारेका छन् साथै उनको मस्तिष्क हल्लाएका छन् । [घढ]

## २.११.२ लेखनको प्रारम्भ र प्रकाशित कृतिहरू

राजेन्द्र थापाले २०१७ सालदेखि कविता लेखनको अभ्यास गरेको जानकारी पाइन्छ । बाल्यकालदेखि नै साहित्यलेखनको शुभारम्भ र अभ्यास गरेका थापाले प्रारम्भिक समयमा कविता, कथा, लघुनाटक र गीतका क्षेत्रमा कलम चलाएका छन् । हालसम्म उनका पुस्तकाकार कृतिका रूपमा गीत र गजलसङ्ग्रहहरू प्रकाशित भएका छन् भने केही लघुनाटक प्रदर्शन भएका छन् ।[द्धण] २०२६ सालबाट गीतलेखन सुरु गरेका थापाले हालसम्म गीतलेखनक्रमलाई निरन्तरता दिएका छन् । उनका गीतहरू २०२६ सालबाटै रेकर्ड हुन थालेका हुन् । निर्मला

---

[घठ] ऐजन ।

[घड] ऐजन ।

[घढ] ऐजन ।

[द्धण] ऐजन ।

श्रेष्ठको स्वरमा रेकर्ड भएको **मेरो गीत उडिगयो** ... बाट प्रारम्भ भएको देखिन्छ । उनी आफूले लेखेका गीत, गजल तथा कविताहरू पत्रपत्रिकामा छपाउन रुचाउँदैनन् बरु उनी पुस्तकाकार कृति नै प्रकाशित गर्दछन् । उनले लेखेका १०९ गीतहरूको सङ्कलन गरी **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रह वि.सं २००५३ मा साझा प्रकाशनले प्रकाशित गरेको छ । उनका गीत र गजलसङ्ग्रहको प्रकाशन कालक्रमिक रूपमा निम्नानुसार रहेको पाइन्छ -

| क्र.सं. | प्रकाशित कृति | प्रकाशित वर्ष | विधा |
|---|---|---|---|
| १ | **यस पाली त मनै फाट्यो** | वि.सं २०५३ | गीतसङ्ग्रह |
| २ | **सूर्जे पनि अस्ताउन मात्रै** | वि.सं २०६२ | गजलसङ्ग्रह |
| ३ | **सहने कै छाती अचानो** | वि.सं २०६२ | गजलसङ्ग्रह |
| ४ | **बटोले अब मान्छे हिडँछ ।** | वि.सं २०६४ | गजलसङ्ग्रह |

थापाका थुप्रै कविता, कथा, गीत र गजलहरू अप्रकाशित देखिन्छन् । तिनीहरू फुटकर रूपमा उनकै डायरीमा रहेका छन् । यिनको विवरण यहाँ दिइएको छैन ।

## २.१२ पुरस्कार तथा सम्मान

असल काम गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि इनाम तथा सम्मान दिइने गरिन्छ । यस्ता किसिमका पुरस्कार तथा सम्मानले व्यक्तिमा अझै हौसला प्रदान गर्दछ र उसलाई लगनशील बनाउँदछ । राजेन्द्र थापाले पनि सानै उमेरदेखि विद्यालय स्तरमा बादविवाद, हाजिरजवाफ र कविता प्रतियोगितामा पुरस्कार पाएका थिए । उनले विभिन्न सम्मान, प्रशंसापत्र र पुरस्कारहरू पनि प्राप्त गरेका छन् । उनले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरूको विवरण यसप्रकार रहेको छ -

| क्र.सं. | पदको नाम | सम्मान गर्ने संस्थाको नाम | योगदान | वि.सं. |
|---|---|---|---|---|
| १ | प्रमाणपत्र सहित प्रथम पुरस्कार | गौरीशङ्कर छात्र समिति | कविता प्रतियोगितामा प्रथम | २०२२ |
| २ | प्रमाणपत्र सहित प्रथम पुरस्कार | गौरीशङ्कर छात्र समिति | भूगोलसम्बन्धी हाजिरजवाफ प्रतियोगितामा प्रथम | २०२४ |
| ३ | राष्टिय पुरस्कार सहित प्रमाणपत्र | - | युवामेला लामो दौडमा प्रथम | २०२५ |
| ४ | प्रमाणपत्र सहित प्रथम पुरस्कार | - | पद्मोदय स्कुलको बादविदा प्रतियोगितामा प्रथम | २०२२ |
| ५ | प्रमाणपत्र सहित प्रथम पुरस्कार | - | गद्य कविता लेखन कविता महोत्सवमा प्रथम | २०३३ |
| ६ | छिन्नलता गीत पुरस्कार रु.२००००। सहित | छिन्नलता पुरस्कार गुठी | नेपाली भाषाको गीत रचनाका क्षेत्रमा तीन दशक भन्दा बढी समयदेखि साधनरत रही उच्च स्तरको योगदान गरे वापत रु. २००००। | २०५९ |
| ७ | पहलमानसिंह स्वार साहित्य प्रतिभा सम्मान | पहलमानसिंह स्वारको १२९औँ जयन्तिको अवसरमा | विगतचार दशकदेखि अनवरत रूपमा गीत तथा गजल विधाका माध्यमद्वारा नेपाली साहित्यको श्री वृछिमा पुऱ्याएको विशिष्ट योगदान | २०६४ |
| ८ | दामोदर पुडासैनी प्रतिभा सम्मान पुरस्कार | दामोदर पुडासैनी प्रतिभा कोष | गीत र गजलका क्षेत्रमा पुऱ्याएको योगदान वाफत | २०६५ |
| ९. | गो.द.बा.चौथो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०३६ |

| | | | | |
|---|---|---|---|---|
| १०. | त्रिशक्ति पट्ट चौथो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०४१ |
| ११. | दैवी प्रकोप पदक | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०५३ |
| १२ | गो.द.बा. चौथो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०५४ |
| १३ | त्रिशक्ति पट्ट तेस्रो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०५८ |
| १४ | सुप्रदीप्त वीरेन्द्र प्रजातन्त्र भाष्कर तेस्रो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरेवापत | २०६२ |

## २.१३ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भ्रमण

डिल्लीबजारमा जन्मेका राजेन्द्र थापा हाल लोकन्थलीमा स्थायीरूपमा बसोबास गरिरहेका छन् । उनले जागिरका क्रममा देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । नेपाली सेनामा जागिरे भएका कारणले देश विदेशका धेरै मुलुकको भ्रमण गर्ने अवसरसमेत उनले पाएका छन् । थापाले नेपालका अधिकांश जिल्लामा भ्रमण गरेका छन् । यसक्रममा उनले इलाम, पाँचथर, झापा, धनकुटा, धरान, मोरङ, जनकपुर, वीरगञ्ज, पर्सा, रौतहट, मनाङ, मुस्ताङ, पाल्पा, चितवन, गोरखा, बुटवल, भैरहवा, पोखरा, कर्णालीक्षेत्र, नेपालगञ्ज, कैलाली, कञ्चनपुर , दीपायल, सुर्खेत, अछाम, खप्तडक्षेत्र, डडेलधुरा आदि थुप्रै जिल्ला तथा ठाउँहरूको भ्रमण गरेका छन् भने कतिपय ठाउँहरूमा विभिन्न समयमा लामो समयसम्म बसेका पनि छन् ।[द्वज्ञ]

राजेन्द्र थापाले विदेशका विभिन्न मुलुकहरूमा सैनिक तालिम, शान्ति सेनाको सिलसिलामा र आफ्नै खर्चमा समेत भ्रमण गरेका छन् र कतिपय देशमा लामो समयसम्म बसेका छन् । लामो समयसम्म बसेका देशहरूमा भारत, चीन, अमेरिका लेवनान, मस्को, रसिया

[द्वज्ञ] ऐजन ।

रहेका छन् ।[द्धद] भ्रमणमात्र गरेका देशहरूमा इजरायल, सिङ्गारपुर, बैङ्कक, अष्ट्रेलिया, स्वीजरल्याण्ड, फ्रान्स, जर्मनी, पोल्याण्ड, लेटमिया, स्तोनिया, जर्जिया, जापान, थाइल्याण्ड इजिप्ट , सिरिया, साइवेरिया लगायतका मुलुक तथा तिनका प्रमुख सहरहरू छन् ।[द्धघ] विभिन्न देश तथा विदेशका ठाउँहरूको अवलोकन र भ्रमण गर्दा उनले ती देशहरूका संस्कृति, रहन-सहन र जनजीवनका बारेमा अनुभव बटुल्ने अवसर पाएका छन्, जसको प्रभाव उनका कतिपय कृतिमा भेटिन्छ ।

## २.१४ रुचि तथा स्वभाव

मान्छेको रुचिले उसको व्यक्तित्व निर्धारण गर्दछ । राजेन्द्र थापाका पनि विविध रुचि र स्वभाव रहेका पाइन्छन् । सरल, सहज व्यवहार एवम् मिलनसारिता र मृदुभाषिताले यिनको स्भाव निष्कपट देखिन्छ । सकभर साधारण पहिरनमा हिँडने , कुनै लुगा मन परेपछि महिनौसम्म त्यहीमात्र लगाइरहने थापा घरमा बस्दा ट्र्याकसुटमा बस्न रुचाउँछन् ।[द्धद्ध] पाइन्ट, कमिज, ट्र्याकसुट उनका मनपर्ने पहिरन हुन् । दौरा सुरुवाल लगाउन पटक्कै रुचि नराख्ने थापा पार्टीहरूमा टाई लगाए पनि जोडी सुट नलगाई क्याजुअल कोट लगाउन मन पराउँछन् । उनी सफा र तातो खाना भएमा जुनसुकै ठाउँमा पनि सन्तोषका साथ खाना रुचाउँछन् । विशेष गरेर चिया, कफि, कालोदाल, तातो भात, गुन्द्रुक र कुखुराको मासु, काँचो सलाद उनी ज्यादै मन पराउँछन् ।[द्धछ] धुम्रपानको स्वाद नलिएका थापाले ४० वर्षको उमेरपछि हल्का मादकपदार्थ सेवनमा रुचि राखेका छन् । दैनिक चार किलोमिटर दौड्ने थापा छिटो छरितो, आकर्षक र हँसिलो अनुहारका  देखिन्छन् । न्याउरी मुसा, कुकुर, चराचुरुङ्ग पाल्न विशेष मन पराउने थापाले आफ्नो घरमा पाँचवटा कुकुर पालेका छन् ।[द्धट] उनी घरमा विभिन्न फलफूल र बोटविरुवा लगाउन मन पराउँछन् । बोटविरुवामा पानी हाल्ने र गोडमेल गर्ने कार्यमा उनी पछि हट्दैनन् ।

---

[द्धद] ऐजन ।

[द्धघ] ऐजन ।

[द्धद्ध] ज्योति राजभण्डारीबाट प्राप्त जानकारीअनुसार ।

[द्धछ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[द्धट] ऐजन ।

कसैले दुःख पाएको देखेपछि आर्थिक रूपमा सहयोग गर्ने थापा शान्त र प्राकृतिक वातावरण बढी मन पराउँछन् ।[ढठ] देश प्रेम र राष्ट्रियता झल्किने गीतहरू सुन्नु, हिन्दी र अङ्ग्रेजी साहित्यका उपन्यास पढ्नु, दैनिक पत्रपत्रिका पढ्नु उनका रुचिका विषय हुन् ।[ढड]

सबै तह र तप्काका मानिसहरूसँग समान व्यवहार गर्ने थापा अरूबाट पनि यस्तै अपेक्षा राख्छन् । कार्यक्षेत्रका हिसाबले सैनिक सेवामा प्रवृत्त भए पनि सबै मानिससँग समान र न्यायोचित व्यवहार देखाउनु उनको स्वभाव रहेको छ । निम्नस्तरका मान्छेहरूप्रति सहानुभूति व्यक्त गर्ने, सामन्ती सोच भएका व्यक्तिहरूप्रति रोष व्यक्त गर्ने, भूगोलप्रति माया, सांस्कृतिक चाडपर्वहरूप्रति सकारात्मक सोच राख्ने , अन्धपरम्पराप्रति सुधारको अपेक्षा राख्ने, देशप्रेम र समाज सुधारको चाहना राख्ने, अनुशासन र नीतिप्रति बढी झुकाव राख्ने स्वभाव भएका राजेन्द्र थापा शिक्षा र सिर्जनशीलतामा बढी जोड दिन्छन् ।[ढढ] आफ्नो काम आफैले गर्नुपर्छ भन्ने मान्यता राख्ने थापा जुनसुकै काम गर्न पनि अप्ठेरो मान्दैनन् । अतिथि सत्कारमा विशेष रुचि राख्ने, साहित्यकारहरूको सम्मान गर्ने, नयाँ-नयाँ युवा साहित्यकारहरूलाई प्रेरणा र ऊर्जा दिने, साहित्यिक सेवाका लागि आफूले सकेसम्म सहयोग गर्ने स्वभावका थापा समाजमा समानताको भावना राख्दछन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताका निम्ति कामगर्ने वर्गीयताको अन्त्य, समानता र मानवताको व्यवहार गर्ने स्वभाव उनमा पाइन्छ । [छण]

उनले हालसम्म कसैसँग पनि भेट्दा या सम्बन्ध राख्दा पदीय, वर्गीय या प्रख्यातिको उच्चता र सामाजिक सम्माननीयता सकभर थाहै नहोस् र महसुस नहोस् भनी व्यवहार गर्ने गरेकाले उनीसँग उनका पिताका उमेरका देखि छोराछोरीका उमेरका व्यक्तिहरूसँग राम्रो सम्बन्ध रहेको छ । उनी हरेक वर्ष आफ्ना पुराना लुगाहरू गरिबलाई बाँड्ने गर्दछन् ।[छज्ञ]

---

[ढठ] ज्योति राजभण्डारी पूर्ववत् ।

[ढड] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[ढढ] युवा साहित्यकार तीर्थराज जोशीका अनुसार

[छण] साहित्यकार पदमराज जोशीका अनुसार ।

[छज्ञ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

## २.१५ साहित्यिक मान्यता र जीवनदर्शन

जुनसुकै स्रष्टाका सिर्जनाको विश्लेषण एवम् मूल्याङ्कन गर्न उसको जीवनदृष्टि र चिन्तनको अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यिक कृतिको यथार्थ मूल्याङ्कन गर्नका लागि जीवन जगत्प्रतिको दृष्टिकोणलाई पनि बुझ्न नितान्त आवश्यक हुन्छ । यसले साहित्यकारको सिर्जनाको धरातल निर्माण गर्दछ । जीवनजगत्का विविध पक्षले उसको चिन्तन र अनुभूतिमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । थापाका गीत र गजलमा विविध मानसिक स्थिति नेपाली समाजका पीडा, रूढिवादी र परम्परागत गलत धारणाप्रति व्यङ्ग्य, नारीका समस्या आदि विषयवस्तुले स्थान पाएका छन् ।

जीवनको बारेमा उनी भन्छन्- "नैसर्गिक आवश्यकताले भन्दा चाहनाले जीवन चलेको हुन्छ । चोर्ने, ठग्ने, ठूलो पदमा पुग्ने सबै भौतिक जीवनले गर्दा हो । भौतिकता बाहेक जीवनको अर्को पाटो चेतनशील भएकाले जीवन जति तलमाथि भए पनि ठूलो मान्छे भएर बस्दा वा सानोमान्छे भएर बस्दा आत्मसन्तुष्टि लिनु नै जीवन हो । जीवनको आत्मसन्तुष्टि वा अनुभूति नै सबैभन्दा ठलो कुरा हो ।"[छद] साहित्यसम्बन्धी अर्को दृष्टिकोण छ - 'मान्छेले मान्छेको मानसिक रूपमा तस्बिर खिचेर प्रस्फुटन गर्न सक्ने सिर्जना नै साहित्य हो । प्रत्येक मान्छेमा कला प्रतिभा हुन्छ । अनि कोही अरूको कला देखेर खुसी हुन्छन् भने कोही आफै कला सिर्जना गर्न लाग्छन् । सिर्जना शून्यताबाट सुरु गर्नुपर्छ , असल कलाकार लगातार सिर्जनामा लागिरहन्छ । स्रष्टाको सिर्जनाले अन्य व्यक्तिको पीडाको अभिव्यक्ति दिन्छ भने त्यो नै साहित्य हो । सँगसँगै सधैं जनतासँग हिड्न र हिडाउन सक्ने नै साहित्य हो ।"[छघ] उनी साहित्यमा मानवीय जविनको संवेदना देखाउन चाहन्छन् । समाजमा देखिने विखण्डन, अन्याय, अत्याचार र विसङ्गत पक्षको विरोध गरी समाजलाई सुधारको बाटो देखाउनु उनका गीत, गजलको उद्देश्य रहेको पाइन्छ । समाजलाई सुधारको मार्ग देखाएर प्रत्येक मानिसले प्रगति गर्नुपर्छ र समाजमा आफू पनि माथि उठ्दै समाजसँगसँगै राष्ट्रलाई पनि सुधार गर्नुपर्छ भन्ने धारणा उनका गीत र गजलमा पाइन्छ । 'कला, साहित्य, वस्तुगत यथार्थजगत्को कलात्मक प्रतिविम्ब हुनाका साथै

[छद] ऐजन ।

[छघ] ऐजन ।

जीवनको आत्मसन्तुष्टि हो भन्ने मान्यता राख्ने थापा समाजको आर्थिक सामाजिक र सांस्कृतिक पक्षलाई कला साहित्यमा वास्तविक उपजीव्य ठान्दछन् ।[छद्ध]

राजेन्द्र थापा मूलतः मनको गहिराइबाट बोल्ने गीतकार हुन् । मनोविज्ञानले मानिसको अन्तर्द्वन्द्वलाई सूक्ष्मरूपले विश्लेषण गरेर अचेतनका यथार्थहरूको अन्वेषण  गर्दछ । राजेन्द थापा मनोविज्ञानका व्याख्याता होइनन् तर उनी आफ्ना गीतहरूमा जे भन्दछन् वा बोल्दछन् ती कुराहरूको आधार भने मनोविज्ञान अवश्य हो ।[छछ] कलाकार (गीतकार) भएको नाताले कलात्मक सौन्दर्यको तहमा उक्लेर उनले मानिसको मनभित्रका तमाम संवेदना, चेतना र वृत्तिलाई विभिन्न माध्यमबाट प्रकाशित पारेका छन् । 'पोहर साल खुसी फाट्दा जतनगरी मनले टालेँ ... " भन्ने गीतमा मन सिउने अथवा जोड्ने अवस्था विदीर्ण मानिसको मनोवैज्ञानिक कुण्ठा वा भग्नावस्था कारणका रूपमा रहेको पाइन्छ । स्थिति सापेक्षिक प्रतीकका रूपमा मनलाई विभिन्न वस्तुका रूपमा रूपायन गरेर गीतकार थापाले आफ्ना गीतमा एउटा मीठो नादको सिर्जना गरेका छन् । 'यो वर्ष पनि मनको खेत बाँझै रहने हो कि; 'भूलै भूलले मेरो मन वनको काँडासरह भयो , 'कतै नअलझी बस्दैन मन एकै ठाउँमा', 'दाना फुटी मन भिज्यो-मन फुटी जीवन', 'धेरै धेरै कुराहरू मनले पालेछ' आदि गीतहरूमा गीतकार राजेन्द्र थापा अन्तर्मर्मका प्रत्यक्ष द्रष्टा बनेर आफ्ना गीतहरूमा अवतरित भएका छन् । मनको कोणबाट उनी बाह्य संसार र भौतिकवस्तुलाई हेर्दछन् । आफ्ना गीतहरूमा मनलाई केन्द्रविन्दु बनाएर उनले प्रेमबाट उत्पन्न हुने तनाव र अन्तर्द्वन्दहरूको पनि मार्मिक गहिराइलाई शब्दबद्ध गरेका छन् । उनी भन्दछन् 'दुख्ने त ठाउँ हो मन' अथवा 'घच्घच्याई जोवनलाई उठाइदिने पनि हो मन' मनलाई मूर्तरूप मानेर यसका मानसिक अवयव तथा क्रिया-प्रतिक्रियालाई विभिन्न सन्दर्भमा अभिव्यक्ति गर्ने सीपले गर्दा राजेन्द्र थापाका गीतहरूको मनोवैज्ञानिक आयाम ज्यादै सशक्त भएको छ ।[छट] उनले आफ्ना गीतहरूमा मनलाई बढी स्थान दिएकाले उनको साहित्यिक मान्यता मनोवैज्ञानिक तर्फ बढी ढल्केको देखिन्छ ।

---

[छद्ध] ऐजन ।

[छछ] राजेन्द्र थापा, (भूमिका), **यस पाली त मनै फाट्यो,** (काठः साझा प्रकाशन, २०५३) , पृ. ट ।

[छट] ऐजन ।

राजेन्द्र थापा जे देख्छन् त्यही लेख्छन्- भौगोलिक दृष्टिले दुर्गम र विकट कालीकर्णाली प्रदेशका ठगिएका र मूलधारबाट बाहिर पारिएका काली कर्णाली बासीको दुःख निर्धनता विपन्नता अभाव र पछ्यौटेपनलाई सहानुभूति पूर्वक उच्चतम बिन्दुमा अनुभूत गरेर गजलको माध्यमले व्यक्त गर्नु राजेन्द्र थापाको मानवीय संवेदनशीलताको उत्कर्ष हो ।[छठ]कविता वा गजलमा स्रष्टाले भोगेको समयको पीडा र छटपटी व्यक्त भएको हुन्छ । उनको कविता त झन यस्तो ऐना हो जसबाट वर्तमान छर्लङ्ग देखिन्छ । उनको गजलमा छलकपट, षड्यन्त्र र विसङ्गति तथा विकृतिग्रस्त आजको जीवनको चित्रण सजीव रूपमा भएको छ । उनका गजलले समसामयिक परिस्थिति, जीवन, समाज, नेता, जनता र राजनीतिदेखि उपभोक्तासम्मको वस्तु बन्न लागेको प्रेममाथि समेत कठोर व्यङ्ग्य गरेको पाइन्छ । पीडाको गहनता र प्राचूर्यता भएको उनका गजलमा सधैं अमानवीयताको विरोध र मानवीयताको पक्षधर रहेको छ । गजलका माध्यमले निम्नस्तरका जनताका भावना र पीडा बोकेका छन् र निम्नस्तरका जनताका अधिकारका लागि वकालत समेत गरेका छन् । उनका गजल समसामयिक समाजका प्रतिविम्ब हुन् । यिनै विविध विषयवस्तुलाई आफ्ना कृतिमा मिहिन तरिकाले प्रस्तुत गरेका छन् ।

## २.१६ निष्कर्ष

तुलाबहादुर थापाका चार छोरामध्येका राजेन्द्र थापा माहिला छोरा हुन् । वि.सं २००८ मा काठमाडौंको डिल्लीबजारमा यिनको जन्म भएको हो । यिनको न्वारनको नाम लेखबहादुर थापा हो । सम्पन्न परिवारमा जन्मेका थापाको बाल्यकाल सुख र आनन्दपूर्वक बित्यो । उनको वि.सं २०२० मा १३ वर्षको उमेरमा पूर्व नं २ झाङ्झोलीमा उपनयन संस्कार सम्पन्न भएको हो । उनले रामशाहपथ स्थित विजय प्राइमरी स्कुलबाट प्राथमिक शिक्षा पूरा गरेका हुन् । पद्मोदय हाइस्कुलबाट २०२२ मा एस्.एल्.सी. उत्तीर्ण गरेका थापाले त्रिचन्द्र कलेजबाट वि..सं २०२५ मा आई.ए. उत्तीर्ण गरेका हुन् । वि.सं. २०२६ मा बी.ए. पढ्दा-पढ्दै नेपाली सेनाको अधिकृत क्याडेटमा छानिएका थापाले वि.सं. २०२७ मा सहायक सेनानी पदमा नियुक्ति पाए । उनले २०१७ सालबाट नै कविता लेखन अभ्यास गरेका हुन् । २०२६ सालमा गीत लेखन सुरु गरेका थापाको पहिलो गीत निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको **मेरो गीत उडिगयो** गीत हो ।

[छठ] राजेन्द्र थापा, (भूमिका) **बाटोले अब मान्छे हिँड्छ** , (काठ. छाया प्रकाशन, २०६४), पृ. १६ ।

उनले २०३५ सालमा ज्योति राजभण्डारीसँग विवाह गरेका हुन् । उनका एक छोरा र एक छोरी छन् । उनी भक्तपुरको लोकन्थली स्थित आफ्नै घरमा स्थायीरूपमा बसोबास गर्दै आएका छन् । साहित्यका विविध विधा उपविधामा कलम चलाएका थापाले गीत र गजलका क्षेत्रमा प्रसिद्धि कमाएका छन् । वि.सं २०३० सालदेखि २०५३ सालसम्म लेखिएका उनका १०९ गीतहरूको सँगालो **यस पाली त मनै फाट्यो** (गीतिसङ्ग्रह २०५३) मा साझा प्रकाशनबाट प्रकाशित भएको छ । गीत पछिको अर्को लेखनको क्षेत्र गजलविधा रहेका थापाका हालसम्म तीनवटा गजलसङ्ग्रह प्रकाशित भएका छन् गजल र गीतहरू पत्रपत्रिकामा छपाएर सार्वजनिक हुन नचाहने थापा हालका दिनहरूमा साहित्यिक कार्यक्रमहरू गर्ने र भाग लिने गर्दछन् । उनका गजलसङ्ग्रहहरू **'सूर्जे पनि अस्ताउन मात्रै'** (२०६२) **सहनेकै छाती अचानो** (२०६२), **बाटोले अब मान्छे हिँड्छ** (२०६४) प्रकाशित भएका छन् ।

सैनिक सेवाबाट अवकाश प्राप्त गरेका थापाले देश विदेशका थुप्रै भू-भागको भ्रमण गरेका छन् ।

हँसिलो र फूर्तिलो अनुहारका अनि आकर्षक व्यक्तित्व भएका थापा सरल र मिजासिला छन् । आफ्नो पदीय हैसियतको घमण्ड नगरी साना ठूला सबैलाई समानरूपले व्यवहार गर्ने थापा निकै सहयोगी भावनाका छन् । एउटा बत्तीबाट अर्को बत्ती जलाउन पर्छ भनी मान्यता राख्ने थापा युवा साहित्यकारहरूलाई प्रेरणा र ऊर्जा दिन पनि कहिल्यै पछि पर्दैनन् । उनले हिन्दी, बङ्गाली, अङ्ग्रेजी र नेपाली साहित्यको अध्ययन गरेका छन् । उनले आफ्ना गजलमा समाजमा रहेका विकृति, विसङ्गति र राजनीतिक अस्थिरताले जकडिएको हाम्रै नेपाली समाजको चित्रण गरी सुधारको मार्गसमेत देखाएका छन् । गीतहरूमा भने उनले मनलाई बढी केन्द्रित गरेर मनका विविध कुण्ठाग्रस्त उतार चढावलाई प्रस्तुत गरेका छन् । उनका गीतहरूमा गीति अनुभूति र निर्वयक्तिक रचनाको राम्रो संयोग हुन्छ । प्रेमविषयक, देशभक्तिविषयक, जीवनविषयक आदि विभिन्न पक्षहरू उनका गीतहरूमा पाइन्छन् । मान्छेको सर्वोपरिहित चिताउनु उनका कृतिहरूको प्रवृत्ति रहेको छ । शिष्ट, सभ्य, सौम्य र प्रगतिशील विचार राख्नु उनको जीवनदृष्टि रहेको छ ।

# तेस्रो - परिच्छेद

# राजेन्द्र थापाको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिको जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानिसक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण गर्नु हो । एक रूपता भनेको एकै किसिमको मात्र काम नभई परिवेशअनुसारको एक रूपता हो । परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट गहन छाप छोड्न सक्नुपर्दछ । यस अर्थमा व्यक्तित्व भनेको परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने शक्ति हो । यही शक्तिले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन प्रस्तुत गर्छ । परिस्थितिअनुकूल चल्नसक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[छड] व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवनभोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि , सामाजिक सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ ।[छढ] यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ । जसमा आन्तरिक एवम् बाह्य व्यक्तित्व पर्दछन् । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारहरूका सन्दर्भमा भने सार्जजनिक व्यक्तित्वलाई साहित्य र साहित्येत्तरमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उप कोटिभित्र वर्गीकरण गर्न सकिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका साहित्यका विविध विधा, उपविधा पर्दछन् भने द्रष्टाभित्र

---

[छड] दशरथ ओझा, **समीक्षा शास्त्र,** (दिल्लीः राजपाल एण्ड ई. १९७५) , पृ. ३१ ।

[छढ] खगेन्द्रप्रसाद लुइँटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति,** (अप्र. एम्.ए. शोधपत्र, ने.के.शि.वि., २०४६) पृ. २२ ।

समालोचना, सम्पादनजस्ता कुरा पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका विविध पक्षहरूमा गरेका कार्यहरूलाई साहित्येत्तर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

राजेन्द्र थापा नेपाली साहित्यका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन तापनि साहित्येत्तर क्षेत्रको योगदानमा पनि यिनले सहयोग पुऱ्याएका छन् । उनी २०२५ सालदेखि आजसम्म साहित्य एवम् साहित्येत्तर क्षेत्रमा संलग्न हुँदै आएका छन् । यसबाट यिनको बहुमुखी प्रतिभाको निर्माण र बहुआयामिक व्यक्तित्व निर्माण हुनपुगेको छ । उनले कविता, कथा, गीत, गजल, उपन्यास र लघुनाटकजस्ता विधा उपविधामा कलम चलाएका छन् तापनि उनले गीत र गजलका क्षेत्रमा प्रसिद्धि हासिल गरेका छन् ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिका निजी बानीबेहोरासँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । यही निजी व्यक्तित्वको प्रभाव सामाजिक वा सार्वजनिक व्यक्तित्वमा पर्छ । निजी व्यक्तित्वले व्यक्तिको बाहिरी अर्थात् शारीरिक पक्ष र भित्री तथा आन्तरिक पक्षको बोध गराउने भएकाले यसलाई दुई भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

### ३.२.१ आन्तरिक व्यक्तित्व

कुनै पनि मानिसका आन्तरिक व्यक्तित्वमा उसका बानी, बेहोरा, स्वभाव, आचरण आदि पर्दछन् । यसै आधारमा राजेन्द्र थापाको आन्तरिक व्यक्तित्व बुझ्दा उनी सानै उमेरदेखि गम्भीर स्वभावका व्यक्ति हुन् । उनमा आन्तरिक वेदना, पीडा, कुण्ठा भएर पनि भित्रभित्रै दबाएर राख्ने बानीको विकास भएको छ । अरूको दुःख पीडालाई आफ्नै दुःख पीडा सम्झने राजेन्द्र थापा सहयोगी र मिलनसार भावनाका छन् । ठूलो-सानो जात-भात, धनी-गरिब आदिको भेदभाव नगर्ने, सबैप्रति समान मित्रवत् व्यवहार गर्ने, भौतिक विलासिताभन्दा बौद्धिकतामा रुचि राख्ने राजेन्द्र थापा चिन्तनशील र अध्ययनशील छन् ।[ट४] उनको व्यक्तित्व आकर्षक छ । उनी आफू स्रष्टा भइकन पनि अरू स्रष्टाहरूको मूल्याङ्कन र सम्मान गर्दछन् । सानैदेखि स्वाभिमानी र

---

[ट४] देवेन्द्रप्रताप थापाबाट प्राप्त जानकारीअनुसार ।

स्वावलम्बी प्रवत्तिले गर्दा यिनी विद्यार्थी जीवनदेखि नै परिआउने विविध समस्यामा विचलित नभइकन सङ्घर्ष गर्दै आएको बुझिन्छ । असहाय, गरिब, निमुखाप्रति सदासयता राख्ने राजेन्द्र थापा चाकडी चाप्लुसी गर्न पटक्कै मन पराउँदैनन् । उनी कर्मयोगी बन्नुपर्छ भन्ने कुरामा विश्वास राख्छन् ।[टज्ञ] राजेन्द्र थापाका आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा उनमा सरल, सहज, सहयोगी, भावुक, कर्तव्यपरायण, कर्मयोगी र स्वाबलम्भीजस्ता विशेषताहरू पाइन्छन् ।

## ३.२.२ बाह्य व्यक्तित्व

शारीरिक बनावट नै बाह्य व्यक्तित्वसँग सम्बन्धित भएकाले राजेन्द्र थापालाई त्यसैअनुसार हेर्दा निम्न कुरा थाहा पाइन्छ । यिनी पाँच फिट नौ इन्च अग्ला छन् ।[टद्द] सुन्दर हँसिलो चेहरा, फराकिलो निधार, गोलो अनुहार, मिलेका दाँत, छरितो फूर्तिलो मिलेको जिउडाल, बाक्ला केश चञ्चले र जिज्ञासु स्वभावका राजेन्द्र थापा उमेर र व्यवहारले वार्धक्य अवस्थाका देखिए पनि अनुहारको चमक र जोसिलो जाँगरले आकर्षक व्यक्तित्वका देखिन्छन् ।[टघ] अर्कालाई दुःख दिने, फाटो पार्ने, अनावश्यक कुरामा वादविवाद गर्ने यिनको बानी छैन । स्वाबलम्बी र आत्मनिर्भर बन्नु, सबैसँग मित्रता र सौहार्दतापूर्ण व्यवहार गर्नु कसैको कुभलो नचिताउनु र ठूलो मान्छे हुँ भन्ने अभिमान नराख्नु उनको स्वभाव हो । उनमा आफ्ना माताहतका कर्मचारीलाई माया गर्ने नजानेको काम सिकाउने, सरल र मिजासपूर्ण व्यवहार गर्ने, पदीय हैसियतको घमण्ड नगर्ने प्रवृत्ति पाइन्छ । यिनी मौसमअनुसारको सफा कपडा लगाउन तथा दाह्री जुँगा काटेर चिटिक्क परी बस्न रुचाउँछन् ।[टढ] आफ्ना कुरा स्पष्टसँग राखेर नीतिनियमको पालना गरी नेतृत्व गर्न चाहने थापा राष्ट्र र राष्ट्रियताको सवालमा कसैसँग पनि सम्झौता नगर्ने बताउँछन् । [टछ] नयाँ कुरा प्रयोग गर्न रुचाउने र नयाँ-नयाँ तरिका र विचार ल्याएर लागू

---

[टज्ञ] ऐजन ।

[टद्द] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[टघ] शोधनायकसँग प्रत्यक्ष भेटघाटबाट प्राप्त जानकारीअनुसार ।

[टढ] क्याटेन सुमनबाट प्राप्त जानकारी ।

[टछ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

गर्ने यिनको बानी रहेको छ । यिनी जुन क्षेत्रमा हात हाल्छन् त्यस क्षेत्रमा काम पूरा गरेर मात्र छाड्ने गर्दछन् ।[टट]

## ३.३ स्रष्टा व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको स्रष्टा व्यक्तित्वको त्यस व्यक्तिका साहित्यिक कृतिको आधारमा गरिन्छ । कविता, कथा, निबन्ध, नाटक, उपन्यास गीत, गजलजस्ता साहित्यका विविध क्षेत्रको मूल्याङ्कन, विश्लेषण, समालोचना आदिबाट नै उसको साहित्यिक व्यक्तित्व प्रकट भएको हुन्छ । राजेन्द्र थापाको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित, अप्रकाशित कृतिहरू (रचनाहरू) को विधागत सापेक्षताका आधारमा बुँदागत रूपमा छुट्याउँदा सान्दर्भिक हुन्छ । उनी वि.सं. २०२६ मा **मेरो गीत उडी गयो** बोलको गीत निर्मला श्रेष्ठको स्वरमा रेकर्ड गराई साङ्गीतिक क्षेत्रमा प्रवेश गरेका हुन् । उनी २०२८ मा 'जस्तो तिमीलाई रहर मलाई उस्तै रहर' २०२९ मा 'फूलको बयानमा काँडाको नाम आउँछ' , २०३३ मा 'पोहर साल खुसी फाट्दा ... ' जस्ता थुप्रै लोकप्रिय गीतहरू रचना गरेर नेपाली सात्यिका क्षेत्रमा देखापरेका हुन् । गीतका अतिरिक्त गजलका क्षेत्रमा यिनको योगदान रहेको छ । यिनका तीनवटा गजलसङ्ग्रह प्रकाशित भएका छन् । यिनको पहिलो गजलसङ्ग्रह **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२) हो । यिनले कविता, कथा, उपन्यास, लघुनाटक लेखे तापनि प्रकाशित गरेका छैनन् । हालसम्म पनि साहित्य सिर्जनामा निरन्तर साधनारत थापाको विधागत टुङ्गो लागिसकेको छैन । यिनको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखिने भएकाले यहाँ त्यसैअनुरूप बुँदागत रूपमा राखेर अध्ययन गरिन्छ ।

### ३.३.१ गीतकार व्यक्तित्व

राजेन्द्र थापाले सबैभन्दा बढी सफलता पाएको विधा नै गीत हो । यिनले २०२६ सालदेखि गीत रचना गर्न थालेका हुन् ।[टठ] २०२६ सालमा '**मेरो गीत उडी गयो** बोलको गीत निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको पहिलो गीत हो । २०२८ सालमा योगेश वैद्यको स्वरमा

[टट] ऐजन ।

[टठ] ऐजन ।

'जस्तो तिमीलाई रहर मलाई उस्तै रहर' रेकर्ड भएको हो । यस्तै वि.सं. २०३३ सालमा अरूणा लामाको स्वरमा 'पोहोर साल खुसी फाट्दा' रेकर्ड भएको गीत अहिलेसम्म त्यत्तिकै लोकप्रिय छ । उनले लेखेका गीतहरू अरूणा लामा, निर्मला श्रेष्ठ, तारादेवी, प्रेमध्वज प्रधान, योगेश वैद्य, रमेश ताम्राकार आदि लोकप्रिय गायकले स्वर दिएका छन् ।[टड] साझा प्रकाशनले उनका गीतहरू सङ्कलन गरेर **यस पाली त मनै फाट्यो** गीतिसङ्ग्रह वि.सं. २०५३ मा प्रकाशित गरेको छ । उनी भन्छन् "वनले कोइलीलाई तानीरहे जस्तै खोलाले पानी तानी रहेजस्तै दौड्दा गीत रचना भइरहन्छ । यात्रामा , मोटरमा , हिँड्दा बस्दा, जहाँ पनि गीत लेख्दा पाउन आनन्दबाट आउने सुख भोग मलाई यस्तो अद्भूत लाग्छ कि अरू विधाहर पटक्कै मेरो आफ्नो हुँदै होइनन् जस्तो महसुस हुन्छ ।"[टढ]

राजेन्द्र थापाका केही गीतहरू प्रेमका विविध भावहरूलाई प्रकट गर्ने प्रकारका छन् भने जीवनका निराशालाई व्यक्त गर्ने गीतहरू पनि छन् । यस्तै राष्ट्रमा व्याप्त असमानतालाई देखाउने, देशभक्तिको भावलाई प्रकट गर्ने वातावरणसम्बन्धी विषयलाई व्यक्त गर्ने तथा जीवनका उज्याला पक्षहरूलाई प्रकट गर्ने प्रकारका गीतहरू पनि उनको सङ्ग्रहमा भेटिन्छन् ।[ठण] देशभक्तिको भाव भएका उनका गीतहरूमा राष्ट्र तथा राजमुकुटप्रति श्रद्धा प्रकट गरिएको हुन्छ । उनले आफूलाई माटोको पुजारी भनेका छन् , छातीमा नेपाली मन भए मात्रै नेपाली बन्न सकिने विचारप्रकट गरेका छन् । खुकरीको पूजा नहुने ठाउँ तथा हिमाल नभएको ठाउँमा आफू नउभिने विचार व्यक्त गरेका छन् । आफूले माटोको सेवा गर्नुपर्ने भाव अभिव्यक्त गरेका छन् अनि हिमाललाई अझै चुल्याउनु पर्ने तथा आमाका लागि सयचोटि मर्ने आशय पनि प्रकट गरेका छन् ।[ठज्ञ]

---

[टड] ऐजन ।

[टढ] ऐजन

[ठण] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास,** (काठः विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. २०१

[ठज्ञ] ऐजन ।

## ३.३.२ गजलकार व्यक्तित्व

राजेन्द्र थापाको गीतकार व्यक्तित्व पछि दोस्रो स्थानमा गजलकार व्यक्तित्व रहेको छ । वि.सं. २०६० सालतिरबाट गजललेखन सुरु गरेका थापाका तीनवटा गजलसङ्ग्रह प्रकाशित छन् । यिनको पहिलो गजल सङग्रह **सूर्जे पनि अस्तान मात्रै** (२०६२) **सहने कै छाती अचानो** (२०६२) दोस्रो र **बाटोले अब मान्छे हिँड्छ** (२०६४) तेस्रो गजलसङ्ग्रह प्रकाशित भएका छन् । उनले आफ्ना गजलमा समाजमा रहेका विकृति, विसङ्गति, राजनीतिक, आर्थिक र सामाजिक कारणले जन्माएका विभिन्न समस्याहरूलाई स्थान दिएका छन् । उनका गजलहरू व्यङ्ग्यात्मक छन् । राजेन्द्र थापाले आफ्ना गजलहरूमा कविले ढुङ्गाको उन्मादजस्तै समय र जीवनका उन्मादहरू समातेका छन् । प्रायः सबैजसो गजलहरूले समयभित्र अनुभव गरिने संवेदनाहरूलाई गजल लयभित्र राखेका छन् । गजलविधा पारम्परिक भए पनि यसलाई समय सापेक्ष अनुभवहरू अभिव्यक्त गर्ने माध्यमका रूपमा राख्न सकिन्छ भन्ने बलियो उदाहरण उनका गजलले प्रस्तुत गरेका छन् ।[ठ६]

## ३.३.३ नाटककार व्यक्तित्व

राजेन्द्र थापाले कविता कथाका अतिरिक्त लघु नाटक पनि लेखेका छन् । प्रकाशनका दृष्टिले उनका लघुनाटक पनि प्रकाशित भएका छैनन तर उनी लघुनाटकहरू मञ्चन भएको बताउँछन् । उनले २०४१ सालमा 'सात दिदी बहिनी' लघुनाटक लेखेर प्रदर्शन गरेका छन् । २०४२ सालमा **बलभद्र** नाटक लेखेर पूर्व मेची देखि पश्चिम कैलाली सम्म आफै मञ्चन गरेका छन् ।[ठघ] उनले २०५० सालमा 'झोले माइलोको उद्योग' लघुनाटक लेखेर सन्तोष पन्तको निर्देशनमा आर्मी नाचघरमा प्रदर्शन भएको थियो, यस्तै २०५२ सालमा 'कुरो छिन्दा' लघुनाटक लेखी सन्तोष पन्तको निर्देशनमा सेनाको कार्यक्रममा प्रदर्शन भएको थियो ।[ठद्ध] उनले आर्मी

---

[ठ६] राजेन्द्र थापा, (भूमिका) **सहनेकै छाती अचानो** , (काठः साझा प्रकाशन, २०६२), पृ. ८५ ।

[ठघ] ऐजन ।

[ठद्ध] ऐजन ।

कार्यक्रमका लागि 'हामीलाई अंश कसले दिने' 'सुन्तलीको बिहे' जस्ता लघुनाटक लेखेर आर्मी नाचघरमा प्रदर्शन गरेका छन् ।[ठछ]

## ३.३.४ कवि व्यक्तित्व

राजेन्द्र थापाले वि.सं २०१७ देखि कविता लेखन अभ्यास गरेका हुन् । उनी २०२० सालतिर रेडियो नेपालबाट शनिबार प्रशारित हुने 'बालवाटिका' कार्यक्रममा नियमित रूपमा भाग लिई कविता लेखेर वाचनसमेत गर्ने गर्दथे ।[ठट] उनले कविता लेखेर प्रकाशित गरेको पाइँदैन । उनका २०२५ सालतिर लेखेका कविताहरू पण्डुलिपिको रूपमा सुरक्षित छन् । उनी त्यतिखेरको समयमा कविता प्रतियोगितामा भाग लिने गरेको तथा कविता लेखेर स्कुलमा साथीभाइलाई सुनाउने गरेको बताउँछन् । गद्य कविता लेखनमा दख्खल रहेका थापाको कविताको पाण्डुलिपिमा थुप्रै गद्य कविताहरू पाइन्छन् । उनले लेखेका केही गद्य कविताका शीर्षक यस प्रकार छन् -

- *'तोरीको फूल भित्रका हामीहरू'*
- *'यो सतीले सरापेको देश'*
- *'म आइदिनेछु एक अञ्जुली हावा बोकेर'*
- *'एउटा प्रयोग कीराको'*
- *'आधुनिक शान्ति'*
- *'प्रतिक्षक सूची र तिम्रा रेडिमेड आँखाहरू'*
- *' समस्या, समस्याः समस्यै , समस्या'*
- *'हाम्रो इतिहास भन्छ मैले के देखे'*
- *' के अचम्म भो र'*
- *'यो देश फर्कन्छ'*
- *'हो मसान पनि शान्त हुन्छ'*

---

ठछ ऐजन ।

ठट ऐजन ।

## ३.३.५ कथाकार व्यक्तित्व

राजेन्द्र थापा कथाकार पनि हुन् । विद्यार्थीकालदेखि नै कथालेखन सुरु गरेका थापाका कथाहरू प्रकाशित भने भएका छैनन् । २०२५ सालतिर लेखिएका कथाहरू पण्डुलिपिका रूपमामात्र रहेका छन् । उनका केही कथाका शीर्षकहरू यसप्रकार छन्-

- *'रङ्ग पोत्ने भित्रको कथा'*
- *'चिन्ता ग्रस्तकथाको आयामभित्र एउटा बेहोस कथा'*
- *'हो त्यो रात त्यस्तै थियो'*
- *'साटिएको माया'*
- *'नजिकको क्षितिज'*
- *'टुरिष्टको माया'*
- *'दोष कस्तो दोष कसलाई'*

थापाका कथामा ग्रामीण र सहरी परिवेशको चित्रण गरिएको छ । धेरैजसो कथामा 'म' पात्र आएको छ । उनका कथाहरूमा बालमनोविज्ञान, प्रेमसम्बन्धी, नारीका पीडा, गरिबी र बेरोजगारीले जन्माएको समस्या र समाजका विविध पक्षहरूलाई देखाउन खोजिएको छ । उनका कथामा गाडीको ठक्करबाट मरेको मानिसको पीडा भन्दा जिउँनेको पीडाको कथा देखाउन खोजिएको छ । [ठठ]

## ३.३.६ उपन्यासकार व्यक्तित्व

राजेन्द्र थापाले उपन्यासका क्षेत्रमा पनि कलम चलाएका छन् । २०३१ सालमा लेखिएको 'क्षितिजको खोजीमा' उपन्यास पाण्डुलिपिमा सीमित रहेको छ ।यस उपन्यासमा उनले काठमाडौं, भक्तपुर, र चन्दीगढको परिवेश देखाएका छन् ।[ठड] उनले उपन्यास लेखेर प्रकाशित

---

ठठ ऐजन ।

ठड ऐजन ।

नगरे पनि पाण्डुलिपिका रूपमा सुरक्षित राखेका हुनाले उनको उपन्यासकार व्यक्तित्व पनि रहेको छ ।

### ३.३.७ मुक्तक व्यक्तित्व

राजेन्द्र थापाले मुक्तकका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका **भूइँ मान्छे १, भूइँमान्छे २** शीर्षकका मुक्तकसङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसकारण उनको मुक्तक व्यक्तित्व पनि स्पष्ट रूपमा देखिन्छ ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

जीवनका हरेक पाटा हुन्छन् । साहित्य जीवनको एक पाटो हो । यस भन्दाभिन्न व्यक्तिका सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक क्षेत्रसँग सम्बन्धित पाटाहरूसँग सम्बद्ध व्यक्तिको व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वका रूपमा लिइन्छ । राजेन्द्र थापाको साहित्येतर व्यक्तित्वलाई बुँदागत रूपमा अध्ययन गरिएको छ ।

### ३.४.१ कलाकार व्यक्तित्व

कला शब्दले कुनै पनि मानिसमा भएको सीपलाई जनाउँछ । राजेन्द्र थापा लघुनाटक लेख्नुका अतिरिक्त अभिनय पनि गर्दथे । उनले वि.सं २०२६ सालमा सिंहबहादुर वस्नेतले लेखेको नाटकमा नीरविक्रम प्यासीको निर्देशनमा पहिलो पटक अभिनय गरेर कला क्षेत्रमा प्रवेश गरेका हुन् ।[ठढ] २०२९ सालमा 'शक्ति बल्लभ' नाटकमा अभिनय गरेका थिए । २०४१ सालमा आफूले लेखेको लघु नाटक 'सात दिदी बहिनी र २०४२ सालमा हरिप्रसाद शर्माका निर्देशनमा 'बलभद्र' नाटकमा अभिनय गरेका थिए ।[डण] 'बलभद्र' नाटक पूर्व मेचीदेखि पश्चिम कैलालीसम्म मञ्चन गरिएको थियो । यिनले आफैले लेखेका र अरूले लेखेका नाटकमा अभिनय गरेका छन् । यिनी युवा कालमा अत्यन्त सुन्दर भएका कारण नाटकमा मुख्य नायकको भूमिका निभाएको बताउँछन् ।

---

[ठढ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[डण] ऐजन ।

राजेन्द्र थापाले विभिन्न किसिमका काष्ठकलाहरू बनाएका छन् । उनले विभिन्न शीर्षक दिएर विम्बात्मक र प्रतीकात्मक अर्थ दिने चित्रहरू काठमा कपेर बनाएका छन् ।[ङ्ञ] उनले काष्ठकलामा दिएका शीर्षक यस प्रकार छन्-

(१) 'नारी' (२) 'मातृत्व' (३) 'मन त तलाउ हो ढुङ्गा नफेक' (४) 'काठमाडौँको फोहरमा लतपतिएका छन् स्वयम्भूका आँखा' (५) 'तेस्रो आँखा' (६) 'पति पत्नी कति नजिक कति टाढा'

जागिरका समयमा देशका विभिन्न ठाउँमा गएका बेला उनले काष्ठकलाहरू निर्माण गरेका हुन् । यी काष्ठकलाहरू यिनका घरमा सजाएर राखिएका छन् । यसकारण राजेन्द्र थापाको कलाकार व्यक्तित्वभित्र अभिनयकला र काष्ठकला देखिन्छ ।

## ३.४.२ समाजसेवी व्यक्तित्व

राजेन्द्र थापा कुनै सङ्घ-संस्थामा आबद्ध भएका छैनन् तर पनि उनले समाज सुधारका कामहरू गरेका छन् । डोटीको दिपायलमा बसेका बेला उनले दिपायल आसपासका स्कुलमा महिला शौचालय बनाउन, खेलमैदान बनाउन, छानो निर्माण गर्न, बिग्रेभत्केको ठाउँमा मर्मत गर्न र स्कुलमा पिउने पानीको व्यवस्थाका लागि आर्थिक सहयोग गरेका छन् । डोटीको खप्तड क्षेत्रमा पर्यटकहरूको सेवा सुविधाका लागि बाटो निर्माण कार्यमा आफ्नै आर्थिक सहयोगबाट सुरु गराएर पछि बजेट निकासा गराउने काम गरेका छन् ।[ङ्द]उनले 'श्री सुदूरपश्चिमाञ्चल प्रतिभा प्रस्फुटन कोष' २०६३ संस्थाको गठन गरेर दर्तासमेत गराएका छन् । 'सुदूरपश्चिमाञ्चल साहित्य तथा सांस्कृतिक महोत्सव' २०६३ मा देशका विभिन्न स्थानबाट स्थापित साहित्यकारहरूलाई निमन्त्रणा गरी सुदूरपश्चिमाञ्चलमा साहित्यको विकासका लागि कार्यक्रम आयोजना गराएका छन् ।[ङ्घ] उनले डोटी जिल्लामा रूढिवादी परम्परागत धारणाको बारेमा जनचेतना जगाउने उद्देश्यले विभिन्न गाउँ विकास समितिमा गई जनचेतनामूलक कार्यक्रम

---

[ङ्ञ] ऐजन ।

[ङ्द] युवा साहित्यकार तीर्थराज जोशी प्राप्त जानकारीअनुसार ।

[ङ्घ] साहित्यकार पदमराज जोशीबाट प्राप्त जानकारी ।

गरेका छन् ।[ड्ढ] मन्दिर निर्माणका लागि आर्थिक सहयोग गरेका छन् । डोटीमा २ वटा मन्दिर निर्माण गराएका छन् ।[डछ] उनले युवा साहित्यकार प्रेमप्रकाश मल्लको उपचारका लागि आर्थिक सहयोग स्वरूप बीसहजारभन्दा बढी रकम सहयोग गरेका छन् ।[डट] उनले समाज र त्यसक्षेत्रका जनताका लागि आर्थिक र मानिसक रूपमा आफूले सकेसम्म सहयोग गरेकाले उनको समाजसेवी व्यक्तित्व झल्किन्छ ।

## ३.४.३ चिन्तनशील व्यक्तित्व

राजेन्द्र थापा चिन्तनशील व्यक्तित्व हुन् । उनका रचनाहरूमा पाइने तार्किकता, बौद्धिकता, कल्पनाशीलता नै चिन्तनशील व्यक्तित्वका परिचायक हुन् । उनका प्रत्येक गीत, गजल खारिएका, माझिएका र चिन्तन मनन गरेरै प्रस्फुटित भएका छन् ।" चिन्तन विना कुनै किसिमको रचना गर्नु कठिन कुरा हो, चिन्तनका लागि एकान्त, स्वच्छ वातावरण र समयको आवश्यकता हुन्छ, गहिरो चिन्तन नगरी लेखिएका लेख रचना बोक्रे हुन आउँछन् र पाठक अथवा श्रोताका मनमा प्रभाव पार्न सक्दैनन् । बौद्धिकताको चिन्तनभन्दा पनि हृदयबाट गरिएको चिन्तन काम लाग्छ । दिमागले मात्रै गरेको चिन्तन काम लाग्दैन, दिमागले २+२ मात्र गर्दछ ।[डठ] यसरी एक चिन्तनशील व्यक्तित्वका रूपमा राजेन्द्र थापा देखिएका छन् ।

## ३.४.४ बहुभाषी व्यक्तित्व

राजेन्द्र थापा मातृभाषा नेपालीका अतिरिक्त हिन्दी र अङ्ग्रेजी भाषा धारा प्रवाह लेख्न र बोल्न सक्छन् । यसै गरी उर्दू, नेवारी, अरबी र रसियन, डोटली, भोजपुरी भाषाको पनि यिनलाई राम्रो ज्ञान रहेको छ ।[डड] मातृभाषा नेपालीका अतिरिक्त अन्य आठवटा भाषा भाषिकाको ज्ञान भएकाले यिनलाई बहुभाषी व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

---

[ड्ढ] ऐजन ।

[डछ] ज्योति थापाबाट प्राप्त जानकारी ।

[डट] पत्रकार टि.एन. जोशी 'किशोर' बाट प्राप्त जानकारी ।

[डठ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[डड] ऐजन ।

## ३.४.५ सैनिक व्यक्तित्व

राजेन्द्र थापा एक कुशल सैनिक व्यक्तित्वका रूपमा देखिन्छन् । प्रशासनिक काम आफैमा महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण कार्यालयकै जिम्मा लिएर सबैको रेखदेख तथा उनीहरूको इच्छाअनुसार काम गरिँदै जाँदा धेरै ठाउँमा व्यवधान पनि उत्पन्न हुने गर्छ, तर त्यसको उचित समाधान गर्दै व्यवस्थापन र प्रगतिको संयोजन गर्न पनि कम साह्रो विषय भने होइन ।

राजेन्द्र थापा वि.सं २०२६ मा शाही नेपाली सेनाको खुल्ला प्रतियोगिताबाट अधिकृत क्याडेटमा छनोट भई सैनिक शिक्षालयअन्तर्गत नगरकोट र भक्तपुरमा एक वर्षको तालिम उत्तीर्ण गरी वि.सं २०२७ मा नियुक्ति पाई हाल उनले उपरथी पदबाट अवकाश प्राप्त गरेका छन् । आफ्ना मातहतका नेपाली सेनाहरूलाई अनुशासनमा राखेर नीति-नियमप्रति बढावा राख्ने थापाले सेनाहरूलाई सामाजिक काममा लगाएका छन् । उनले २०५२ सालदेखि २०६३ सालसम्म भूमिगत रहेको माओवादीहरूलाई सही धारमा ल्याउने क्रममा आफ्नो क्षेत्रमा शान्तिपूर्वक सेना परिचालन गरेका थिए ।[डढ] यिनी सुदूरपश्चिममा पृतनापति भएको समयमा यिनका मातहतका नेपाली सेनाबाट ठूलो क्षति भएको पाइँदैन । आफ्नो क्षेत्रमा समातिएका माओवादी छापामार र कार्यकर्तालाई गायब नगरी यिनले सर्वाजनिक गरेका थिए ।[ढण] माओवादीसँगको लडाइँ शत्रुसँगको लडाइँ नभएर भाइभाइबीचको लडाइँ सम्झने थापाले आफ्नो शक्तिको दुरूपयोग गरेको पाइँदैन राज्यले माओवादी छापापार र कार्यकर्तालाई आतङ्कारी र दुस्मनको संज्ञा दिएको बेला यिनले माओवादी हाम्रा दाजुभाइ दिदीबहिनी हुन् । उनीहरू र हाम्रो झगडा भनेको दुस्मनबीचको झगडा नभएर एकै घरका दाजुभाइको झगडा हो भनी अन्नपूर्ण पोष्टमा २०६१/१/९ गते लेख छपाएका छन् ।[ढज्ञ] देशमा अशान्ति मच्चिरहेको बेला नेपाली सेनाको दुरूपयोग नगरी नीतिनियम र अनुशासनपूर्वक राष्ट्र, राष्ट्रियता र जनताप्रति उत्तरदायी रही भातृत्व र भगिनीत्वको सम्बन्ध राखेर जनताहरूलाई नेपाली सेनाबाट कुनै किसिमको दुःख

---

[डढ] पत्रकार टि.एन. जोशी 'किशोर' बाट प्राप्त जानकारी ।

[ढण] ऐजन ।

[ढज्ञ] राजेन्द्र थापा, “शान्तिस्थापना गर्न सेना सक्षम छ ”, **अन्नपूर्ण पोष्ट**, (वर्ष   अङ्क   २०६१, वैशाख, ९ गते) पृ. १० ।

नदिई सुदूरपश्चिम क्षेत्रमा कुशल प्रशासकका रूपमा काम गरेका छन् ।[ढ६] उनी सुदूरपश्चिममा रहेका बेला त्यहाँका जनताले केही राहत महसुस गरेका थिए । सेनामा माथिल्लो स्तरका सेनाले तल्लो सतरका सेनालाई हेप्ने , गाली गर्ने, व्यक्तिगत काम गर्न लगाउने र झर्केर बोल्ने गरेको पाइन्छ, तर थापाले हालसम्म पनि आफ्नो मातहतका र तल्लो दर्जाका सेनालाई हेप्ने र गाली गर्ने गरेका छैनन् । उनी सबैलाई प्रेमपूर्वक शिष्ट शब्द प्रयोग गर्दछन् ।[ढघ]यी विविध कारणले यिनमा कुशल सैनिक व्यक्तित्व प्रभावकारी रहेको छ ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तः सम्बन्ध

राजेन्द्र थापाको ५७ वर्षे लामो जीवन विभिन्न परिवेशका माझबाट गुज्रेको  देखिन्छ । यही लामो अवधिको जीवनभोगाइमा आफूले अनुभव गरेका सरल र जटिल परिस्थिति, सैनिक शिक्षण र तालिमका क्रममा विदेशयात्रा गर्दाको अनुभव, जागिरका क्रममा काम गर्दाको क्षण, बाल्यकालदेखि आजसम्मको आरोह-अवरोह, घरायसी वातावरण, साथीभाइको सङ्गत आदिले उनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ । यिनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक र पठनपाठनबाट प्राप्त गरेको ज्ञानले साहित्यिक लेखनलाई डोऱ्याएको छ । यिनको साहित्य मूलतः गीतकार र अंशतः गजलकारका रूपमा अघि बढेको देखिन्छ । यिनका गीतमा मनोविज्ञान पाइन्छ । यिनका रचनामा राष्ट्रियता र देशप्रेमको भाव पोखिएको पाइन्छ । विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृतिमार्फत् प्रोत्साहन, जीवनका मोड-उपमोड, उतार-चढाव र देश विदेशका भ्रमणमा देखापरेका विविध विषयवस्तु नै यिनका लखेनका प्रेरक तत्त्व बनेका छन् । साहित्यका विविध विधाका सर्जक लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरे, विश्वेश्वरप्रसाद कोइराला, शेक्सपियर, अर्नेस हेमिङवे, मोपासा, सिन्जु, रवीन्द्रनाथ टैगोर, प्रेमचन्द्र निराला, आदि साहित्यकारहरूप्रति यिनी श्रद्धा गर्छन् । यिनले नेपाली अङ्ग्रेजी, हिन्दी र बङ्गाली भाषाका साहित्यको अध्ययन गरेर प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ ।

---

[ढ६] साहित्यकार पदमराज जोशीबाट प्राप्त जानकारी ।

[ढघ] क्याप्टेन सुमन थापाबाट प्राप्त जानकारी ।

सहरदेखि गाउँसम्मको र विभिन्न देश विदेशको सामाजिक जीवन भोगिसकेका राजेन्द्र थापा ग्रामीण एवम् सहरी परिवेश र देशको आर्थिक, राजनीतिक र सामाजिक परिवेशलाई हेरी साहित्य सर्जिना गर्छन । यिनी जे देख्छन् त्यही लेख्छन् र त्यही बोल्छन् । यिनका रचनामा ग्रामीण एवम् सहरिया जीवनको सामाजिक वस्तुस्थिति, नारीप्रति सद्भाव, समाजको तल्लो वर्गप्रति सहानुभूति, समानता, राष्ट्रप्रेम प्रेमप्रणय, प्रकृति चित्रण, सामाजिक राजनीतिक विकृतिप्रति तीव्र रोष प्रकट गरिएको पाइन्छ । साहित्य सिर्जनामा भावको सरलता र सहज अभिव्यक्ति स्पष्ट शैलीमा रोचक ढङ्गले प्रस्तुत गरी आफ्नो छुट्टै वर्चस्व कायम राख्न सफल थापाको चार दशक समयावधि राष्ट्रको सेवा सुरक्षा र साहित्य सिर्जनामा बितेको छ । जीवनयापनमा पाइरहेका सरलता तथा घरायसी सङ्कटबाट सधैं मुक्त रहन पाएका थापा हालका दिनहरूमा तीव्र रूपले साहित्य सिर्जनामा लागिरहेका हुनाले नेपाली साहित्यले अझै यिनबाट धेरै कुरा प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । यसरी आजसम्मको थापाको जीवन र व्यक्तित्वलाई हेर्दा साहित्य सिर्जनामा आन्तरिक संयोजन भएको देखिन्छ ।

## ३.६ निष्कर्ष

राजेन्द्र थापाको बाह्य व्यक्तित्व जति आकर्षक छ आन्तरिक व्यक्तित्व पनि त्यति नै मनमोहक छ । बहुमुखी प्रतिभाका धनी थापाले नेपाली गीतिक्षेत्रमा थुप्रै लोकप्रिय गीत थपेका छन् । २०१७ सालदेखि नै कवितालेखन अभ्यासमा लागेका थापा २०२६ सालमा **मेरो गीत उडी गयो** निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको गीतबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । २०५३ सालमा साझा प्रकाशनले उनका गीतहरू सङ्कलन गरी 'यस पाली त मनै फाट्यो' गीतसङ्ग्रह प्रकाशित गरेपछि उनी अझ बढी चर्चामा आएका हुन् । उनका गीतहरूमा तारादेवी, अरूणा लामा, निर्मला श्रेष्ठ, प्रेमध्वज प्रधान, योगेश वैद्य र रमेश ताम्राकारजस्ता लोकप्रिय गायकहरूले स्वर दिएका छन् । वि.सं. २०६० बाट गजललेखन सुरु गरेका थापाका हालसम्म तीनवटा गजलसङ्ग्रह प्रकाशित भइसकेका छन् । बौद्धिकता, व्यङ्ग्यात्मकता, प्रेमप्रणय, विचारमा सौम्यता र इमानदारीपूर्ण कथनपद्धति उनका गजललेखनका प्रवृत्तिहरू हुन् । साहित्यका विविध विधामा कलम चलाए पनि प्रकाशनका दृष्टिले गीत र गजलमात्रै प्रकाशित भएका छन् । थापाले लघु नाटक लेखेर आफूले मञ्चनसमेत गरेका छन् । २०४२ सालमा

'बलभद्र' नाटक लेखेर पूर्व मेचीदेखि पश्चिम कैलालीसम्म आफै मञ्चन गरेका थिए । कविता कथा फुटकररूपमा उनका डायरीमा सुरक्षित रहेका छन् । उनले **क्षितिजको खोजिमा** उपन्यास लेखेर पाण्डुलिपिका रूपमा राखेका छन् । राजेन्द्र थापाको व्यक्तित्व बहुमुखी रहेको छ । मूलतः उनी गीतकार, गजलकार हुन् तापनि यसका अलावा कवि, कथाकार, नाटककार, कलाकार व्यक्तित्व पनि उनमा पाइन्छ ।

साहित्यिक व्यक्तित्वका अतिरिक्त राजेन्द्र थापाको साहित्येतर व्यक्तित्व पनि उत्तिकै बहुमुखी छ । उनी समाजसेवी र कुशल सैनिक पनि हुन् । उनी कुनै पनि सङ्घ-संस्थासँग आबद्ध नरहेर पनि समाजसुधारका कामहरूमा कहिल्यै पछि पर्दैनन् । बहुभाषाका ज्ञाता राजेन्द्र थापाले देश विदेशको भ्रमण पनि त्यत्तिकै गरेका छन् । उनले डोटी जिल्लाका विभिन्न ठाउँमा विद्यालय, खानेपानी बाटो घाटो र मन्दिर बनाउनमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । उनको जीवनको उत्तरार्ध सैनिक सेवामै बितेको छ । त्यसैले उनलाई कुशल सैनिक व्यक्तित्वका रूपमा पनि चिनाउन सकिन्छ । राजेन्द्र थापा बौद्धिक र चिन्तनशील साहित्यकार हुन् । त्यसैले उनका कृतिमा तार्किकता, बौद्धिकता, यथार्थता चिन्तनशीलता पाइन्छ । यसैले उनलाई चिन्तनशील व्यक्तित्वका रूपमा पनि चिनाउन सकिन्छ ।

गीतकार, गजलकार राजेन्द्र थापाको विगत जीवनचक्रलाई हेर्दा उनको विगत सुखपूर्वक नै बितेको देखिन्छ । जागिरका क्रममा देश विदेशका विभिन्न स्थानमा बस्न र भ्रमण गर्ने अवसर पाएका राजेन्द्र थापाले कहिल्यै दुःखको अनुभूति गर्नुपरेन, तापनि उनका कृतिमा उनले देखेका विभिन्न जीवनभोगाइका व्यथा, वेदना, अभाव कुण्ठा वास्तविक रूपमा व्यक्त भएका छन् । उनका कृतिमा काली कर्णाली रोएका छन् र विविध मानसिक कुण्ठाहरू प्रस्फुटन भएका छन् । साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान र साहित्येतर क्षेत्रमा पुऱ्याएको योगदानबाट राजेन्द्र थापाको व्यक्तित्व निर्माण भएको छ । यसरी आफ्नो जीवनका आरोह-अवरोह आदिको अनुभव एवम् अनुभूतिबीच राजेन्द्र थापाको साहित्यसिर्जनाको पारस्परिक प्रभाव एवम् अन्तर्सम्बन्ध रहेको पाइन्छ ।

# चौथो परिच्छेद

# राजेन्द्र थापाका गीतसङ्ग्रहको अध्ययन

## ४.१ गीतको सामान्य चिनारी

गाउन मिल्ने तथा गाइरहेको रचना विशेषलाई गीत भनिन्छ । गीत शब्दको निर्माण 'गै' धातुमा 'क्त' प्रत्यय लागेर भएको छ । यसले गाइएको तथा गाउन मिल्ने रचना विशेषलाई सङ्केत गर्छ ।[ढद्ध] अङ्ग्रेजी भाषामा गीतलाई बुझाउनका लागि 'लिरिक' तथा 'सङ' जस्ता शब्दहरू प्रयोग गरिन्छन् । 'लायर' नामक बाद्ययन्त्रको नामबाट 'लिरिक' शब्दको निर्माण भएको हो ।[ढछ] गीतलाई यही लाईर नामक बाद्ययन्त्रसँगै गाइने भएकाले पनि लिरिक भनिएको हो भनी 'ए ग्लोसरी अफ लिटरेरी टमर्स" (१९९२, पृ. ८९) मा उल्लेख छ ।[ढट] त्यसैगरी जे.एन कडनको डिक्सेनरी अफ लिटरेरी टमर्स (१९८०,पृ.६३७) मा 'सङ' शब्दले सङ्गीतबद्ध नगरिएका रचनालाई बुझाए तापनि मूलतः सङ्गीतबद्ध गरिएका रचनालाई नै बुझाउँछ भनिएको छ ।[ढठ] गीत र कविता दुवै एकै प्रकारका भए पनि कविता नै गीत र गीत नै कविता भने होइन । यसलाई छुट्याउने मुख्य आधार लय हो । गीत पद्यको त्यस छोटो र आख्यानरहित गेय संरचनालाई भनिन्छ जसमा कुनै भाव वा विचारका प्रक्रियाको अथवा मानिसक अवस्थाको तीव्र अभिव्यक्ति हुन्छ ।[ढड] गीत हृदयको भावुक अभिव्यक्ति हो । जसमा एउटै भावना, एउटै विचार वा मनोदशाको चित्रण हुन्छ । भावको उच्छलन नै गीतको जीवन भएकाले यसमा वस्तुतत्त्वको अस्तित्व हुँदैन । जुन मनोवेगका साथ गीत प्रारम्भ हुन्छ, त्यो समाप्त हुँदा गीत पनि समाप्त हुने भएकाले गीतमा वस्तु तत्त्वले प्रवेश नपाएको हो ।[ढढ] त्यसैले गीतलाई आत्मनिष्ठ रचना भनिएको हो । यसको रचना प्रक्रियामा गीतकार आफूभित्र निमग्न हुनु र आफ्नै आन्तरिक भाव

---

[ढद्ध] वामन शिवराम आप्टे, **संस्कृत हिन्दीकोष**, (दो.सं.) (दिल्लीः मोतीलाल वनारसी दास पब्लिसर्स; १९६९), पृ. ३४५ ।

[ढछ] **इन्साइक्लोपिडिया ब्रिटानिका**, भोल्युम १४, पृ. ४८३ ।

[ढट] कृष्णहरि, बराल, **संदृष्टि**, (काठ : साझा प्रकाशन, २०५५), पृ.२ ।

[ढठ] ऐजन ।

[ढड] मोहनराज शर्मा, "गीत विश्लेषणका समकालीन आधारहरु" **प्रज्ञा**, (काठः वर्ष २२, पूर्णाङ्क ७७ फागुन जेठ २०५०), पृ.२७ ।

[ढढ] कृष्णहरि, बराल, "गीत संक्षिप्त चिनारी" **प्रज्ञा**, (काठः वर्ष २२, पूर्णाङ्क ७७, फागुन जेठ, २०५०), पृ.२१ ।

विचार वा अनुभूतिलाई मथेर उसले गीतको प्रेरणा एवम् विषयवस्तु प्राप्त गर्छ । यस विशेषताका कारणले नै गीतलाई आत्मनिष्ट अन्तर्मुखी अभिव्यक्ति भनिन्छ ।[ज्ञण्ण] गीतमा विषयको सीमा हुँदैन, असीमित विषयमा गीतको रचना हुन्छ । त्यसैगरी यसमा भाव वा विचारको एकलता हुन्छ र यही एकलताले यसलाई एकोन्मुख र एकोन्मुखले यसलाई तीव्र आवेगयुक्त तुल्याउँछ अनि आवेग प्रवर्द्धनमा संक्षिप्तता र सुसम्बद्धताको पनि उत्तिकै हात रहेको हुन्छ ।[ज्ञण्ज्ञ] गीतमा कृत्रिमता बाह्यविषयको उपस्थिति, विचार र चिन्तनको उपस्थिति पाइँदैन, अनि कलात्मकता, चित्राङ्कन र तथ्य निरूपण समेत हुँदैन । गीतमा वेदनामय हृदय फुटेर एक विषयको वरिपरि वगिरहन्छ । गीतको बाह्यरूप गेय हुन्छ र गीतमा वेदनामय र सहजरूपमा रहेका मनोभावाभिव्यञ्जक पदावली गेय रूपमै प्रकट भएका हुन्छन् ।[ज्ञण्द्द]

गीतका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । यिनै विचारहरूलाई गीतको परिभाषा मान्न सकिन्छ । यसै क्रममा हर्वट-रीडको विचार यहाँ प्रस्तुत गर्न सकिन्छ । उनका अनुसार-"गीत सूक्ष्म अनुभूति व्यक्त गर्ने एउटा यस्तो रचना हो जसमा व्यक्तिगत अनुभूतिका प्रक्रियाहरूको रूप एकान्त र आनन्दको समयमा जागृत हुने गर्दछ ।[ज्ञण्घ] यसरी रीडले गीतलाई एकान्त तथा आनन्दको क्षणमा सिर्जना हुने व्यक्तिगत अनुभूति मानेका छन् । अनेष्टको गीतसम्बन्धमा यस्तो विचार रहेको छ- "साँचो गीत त्यही हो जहाँ भाव वा भावात्मक विचार भाषामा सहजरूपमा प्रस्फुटित होस्, जुन शब्द र लयको समन्वयद्वारा सूक्ष्म भावपूर्ण तथा अभिव्यक्ति हुन्छ, जसको पदलालित्य शब्दमाधुर्यद्वारा त्यस्तो सङ्गीतमय ध्वनि निस्कन्छ, जसलाई स्वाभाविक अभिव्यक्ति  भनिन्छ । यसमा शब्द सरल, कोमल र नादपूर्ण होऊन्, गीतको त्यसमा प्रवाह होस्, अनुभूतिको सुन्दर आरोह-अवरोह होस्, माधुर्ययुक्त होस् र

[ज्ञण्ण] मोहनराज शर्मा, पूर्ववत्, पृ. २९ ।

[ज्ञण्ज्ञ] ऐजन ।

[ज्ञण्द्द] मनमोहन गौतम, **भ्रमर गीतका काव्य वैभव**, (दिल्ली रामचन्द्र गुप्ता, ई. १९६७) , पृ.७९ ।

[ज्ञण्घ] टंकप्रसाद न्यौपाने, **साहित्यको रुपरेखा,** (काठमाडौंः साझा प्रकाशन, २०३८) , पृ. १२० ।

प्रसादपूर्ण र स्पष्ट होस् । [ज्ण्द्ध] गीतको उपर्युक्त परिभाषामा अर्नेष्ट राइसले निम्नलिखित प्रमुख पक्षहरूलाई अगाडि सारेका छन्-

- गीतमा भाव वा भाषाको सहज अभिव्यक्ति हुन्छ ।
- गीतमा शब्द र लयको समन्वय हुन्छ ।
- गीतमा ललित पदावली वा सङ्गीतमय ध्वनि हुन्छ ।
- गीतमा सुन्दर आरोह तथा अवरोह हुन्छ ।
- गीतमा स्पष्टता हुन्छ ।

उपर्युक्त परिभाषाहरूका अध्ययनबाट गीत ललित पदावलीहरू प्रयुक्त सरल, स्पष्ट, आकर्षक एउटा यस्तो रचना हो जसलाई सङ्गीत र लयमा ढालेर एकान्त र आनन्दका क्षेणमा अभिव्यक्त गर्ने रचना हो भन्ने बुझ्न सकिन्छ । हुन पनि गीत एउटा यस्तो अनुभूतिको प्रकाशन हो जुन सङ्गीतको साथ पाएर आकर्षक बनिदिन्छ र यसले पाठक तथा श्रोतालाई त आनन्द प्रदान गर्छ नै साथै सर्जक स्वयंलाई पनि आनन्दित तुल्याउँछ ।

## ४.२ यसपाली त मनै फाट्यो गीतसङ्ग्रहको विवेचना

**यसपाली त मनै फाट्यो** गीतसङ्ग्रह गीतकार राजेन्द्र थापाद्वारा २०३० सालदेखि २०५३ सालसम्म रचना गरिएका विविध विषयवस्तु समेटिएको गीतिसङ्ग्रह हो । यसमा १०९ गीतहरू सङ्कलन गरी साझा प्रकाशनले २०५३ सालमा प्रकाशन गरेको छ । **यसपाली त मनै फाट्यो** शीर्षक प्रस्तुत गीतसङ्ग्रहमा सङ्गृहीत गीतका नामबाटै राखिएको छ । टेकवीर मुखियाको आवरणकलामा तयार भएको यस गीतसङ्ग्रहको बाहिरी आवरणमै प्रतीकात्मक रूपमा मन फाटेको चित्र देखाइएको छ । २०५३ सालमा प्रथम संस्करणमा यस गीतसङ्ग्रहका ११०० प्रतिहरू छापिएका छन् । यस गीतसङ्ग्रहको मूल्य रु.४४।- रहेको छ । पेज ‘क’ देखि पेज ‘ठ’ सम्म भूमिका समेटिएको यस सङ्ग्रहमा राष्ट्रकवि माधव घिमिरे, रत्नशमशेर थापा, गीतकार किरण खरेल, प्रा.डा. अभि सुवेदी र प्रा.डा. दयाराम श्रेष्ठको भूमिका छापिएको छ । पेज १ देखि

---

[ज्ण्द्ध] ऐजन ।

पेज ११० सम्म यस सङ्ग्रहमा १०९ गीतहरू रहेका छन् । प्रत्येक पेजामा एक-एक गीत रहेका छन् भने पेज ५० र ५१ मा एउटा गीत रहेको छ ।

राजेन्द्र थापाले २०२६ सालदेखि गीत रचना गर्न थालेका भए पनि २०३० सालभन्दा अगाडिका गीतहरू यस सङ्ग्रहमा सङ्कलित गरिएका छैनन् । यस सङ्ग्रहमा थापाका ३० को दशकमा रचना गरेका २६ वटा गीत, ४० का दशकमा रचना गरे ४१ वटा गीत, २०५० देखि २०५३ सालसम्म रचना गरेका ३९ वटा गीत र ३ वटा मिति उल्लेख नगरिएका गीतहरू सङ्गृहीत गरिएका छन् । सबैभन्दा धेरै पङ्क्ति (२६ पङ्क्ति) भएको गीत 'अन्त वसन्त जाँदै जाँदैन कि' (पृ. ५०) हो भने सबैभन्दा थोरै पङ्क्ति (८ पङ्क्ति) भएको गीत 'दाना फुटि मन भिज्यो' (पृ.८१) गीत हो । यस सङ्ग्रंहमा विविध विषयवस्तुका गीत जस्तै -प्रेमविषयक, देशभक्तिविषयक, जीवनविषयक, प्रकृति चित्रण र जीवनका आशा, निराशा र पीडाका गीतहरू रहेका छन् । मानवीय संवेदनाका गीतहरू रहेका यस सङ्ग्रहमा लघु , मध्यम र बृहत् आयामका गीतहहरू समेटिएका छन् ।

## ४.२.१ शीर्षकीकरण

शीर्षक गीतको एउटा अङ्ग हो । जसले गीतभरिको सारभूत भावविचारको सूचना दिन्छ । गीतमा शीर्षक र केन्द्रीय कथ्यबीच बाहिरी वा आन्तरिक सङ्गति भएन भने राम्रो मानिँदैन । त्यसैले गीतको शीर्षक विषयवस्तु हुनु आवश्यक छ ।[ज्ञण्छ] शीर्षक कुनै पनि रचनाको टाउको भएकाले यसले सम्पूर्ण कथ्यको भावलाई बुझाएको हुन्छ । गीतमा प्रकट भएको रागात्मक भावानुभूति र शीर्षकका बीच अभिन्न सम्बन्ध रहेको हुन्छ ।[ज्ञण्ट] शीर्षकबाट नै गीतको सामान्य भाव बुझ्न सकिन्छ । गीतको शीर्षक विभिन्न तरिकाले राखिएको हुन्छ । गीतकार राजेन्द्र थापाको **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रहमा सङ्कलित १०९ वटा गीतहरूको शीर्षक गीतको स्थायी भागबाट चयन गरिएको छ । धेरैजसो गीतमा स्थायीको आदि भागलाई शीर्षक मानेका छन् भने केही गीतमा स्थायीको मध्य र अन्त्य भागलाई शीर्षकीकरण गरेका

---

[ज्ञण्छ] मनमोहन गौतम, पूर्ववत् , पृ. ७२ ।

[ज्ञण्ट] राधिका सिंह, **महादेवी वर्माको काव्यमे लालित्य योजना,** (दिल्ली : दिल्ली नेसनल पब्लिसिङ हाउस, ई. १९९५), पृ. २५५ ।

छन् । यस सङ्ग्रहका प्रत्येक गीतहरूका शीर्षक विषयवस्तुअनुरूपको सारभूत भावविचारको सूचना दिने हुँदा शीर्षक सार्थक बन्न पुगेका छन् ।

गीतकार राजेन्द्र थापाका यस सङ्ग्रहका गीतहरूमा देशप्रेम, प्रकृतिप्रेम, कारुणिकता, सामाजिक यथार्थ र प्रगतिशील स्वर, प्रेमका संयोग र वियोग अवस्था र सामाजिक चित्रणजस्ता विषयवस्तुहरू शीर्षकसँग राम्ररी मिलेर आएका छन् । उनका यस सङ्ग्रहका गीतहरूमा शीर्षक र भावको अर्न्तसङ्गीत पाइन्छ । धेरैजसो गीतहरूमा मनको उतारचढाव र देशप्रेमको भाव देखिएको छ । गीतमा प्रकट भएको रागात्मक भावानुभूति र शीर्षकका बीच अभिन्न सम्बन्ध रहेको छ ।

## ४.२.२ विषयवस्तुगत आयाम

गीतको विषयवस्तु केन्द्रीय भाव वा विचार हुने गर्छ । गीतले मानवमनको एकक्षणलाई प्रस्तुत गर्ने भएकाले यसमा वैचारिकता भावमय भएर आउँछ । विषयवस्तुभित्र जीवन र जगत्का विविध क्षेत्रहरू समेटिने भए पनि गीतमा रागात्मक पक्षलाई सबैभन्दा बढी प्राथमिकता दिएको पाइन्छ । रागात्मक विषयवस्तुभित्र प्रेमपरक र वियोगात्मक दुवै हुन्छ तर रागेतर विषयभित्र भने सामाजिक यथार्थको कुनै पनि बुँदा हुन सक्छ ।[ज्ञण्ठ] यसमा पनि गीतमा विषयभावावेशमा उत्पन्न हुने भएकाले गीतमा व्यक्तिगत स्वर हुने भए पनि श्रोताले आ-आफ्नै प्रकारले भावानुभूति ग्रहण गर्छन् ।[ज्ञण्ड] गीतमा भएका अनुच्छेदमा भाव क्रमशः अगाडि बढिरहेको पनि हुनसक्छ र कतै स्थायी एवम् अन्तरामा अनुच्छेद विभक्ति भएर घुम्दै अघि बढ्न पनि सक्छ ।[ज्ञण्ढ]

गीतकार राजेन्द्र थापाको **यसपाली त मनै फाट्यो** गीतसङ्ग्रहमा सङ्कलित गीतहरूको विषयगत वर्गीकरण गर्दा उनका गीतहरूमा स्पष्टसँग प्रेमविषयक, देशभक्तिविषयक र

---

[ज्ञण्ठ] मोहनरजा शर्मा , पूर्ववत् , पृ. १५ ।

[ज्ञण्ड] मनमोहन गौतम, **सुरकी काव्यकला**, (दिल्ली : भारती साहित्य मन्दिर, ई. १९५६) , पृ. ४६ ।

[ज्ञण्ढ] कृष्णहरि बराल, **एक फूल अनेक पत्र** गीतिसङ्ग्रह, (अप्र.एम्.ए. शोधपत्र, २०४४) , पृ. २७ ।

जीवनविषयक आदि-आदि विभिन्न पक्षहरू देखाउन सकिन्छ । [ज्ञण] राजेन्द्र थापाका केही गीतहरू प्रेमका विविध भावहरूलाई प्रकट गर्ने प्रकारका छन् । जीवनका निराशालाई व्यक्त गर्ने गीतहरू पनि छन् । यस्तै, राष्ट्रमा व्याप्त असमानतालाई देखाउने, देश भक्तिको भावलाई प्रकट गर्ने वातावरणसम्बन्धी विषयलाई व्यक्त गर्ने तथा जीवनका उज्याला पक्षहरूलाई प्रकट गर्नेप्रकारका गीतहरू पनि उनका सङ्ग्रहमा भेटिन्छन् । [ज्ञज्ञ] राजेन्द्र थापाका गीतहरूमा उनले देखेका, भोगेका अनभुव गरेका विषयवस्तुलाई गीतको रूप दिई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । राष्ट्रियता, देशप्रेम, प्रकृतिप्रेम, प्रणयप्रसङ्ग, विरहवेदना, मनका उतारचढाव र समसामयिक परिस्थिति जस्ता विषयहरू कुनै न कुनै रूपमा **यस पाली त मनै फाट्यो** गीतिसङ्ग्रहका एक सय नौवटा गीतका भावभूमि बनेका छन् । गीतकार थापाले **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रहमा विविध विषय र अन्तर्मनका भावनालाई गीतको जलप बनाएका छन् र ती अनुभूतिहरूलाई यसरी क्रमिक रूपमा देखाउन सकिन्छ ।

**(क) देशप्रेमसम्बन्धी गीत**

राष्ट्र र राष्ट्रियताप्रतिको माया, प्रेम र देशभक्ति नै देशप्रेम हो । देशका सपूतहरूले नै देशको उन्नति गर्ने र भविष्यको मार्ग निर्देशन दिने हुनाले राष्ट्र निर्माणमा यिनको विशेष महत्त्व रहेको हुन्छ । मान्छे जुन देशमा जन्मन्छ उसमा त्यो देशको माया छचल्किरहेको हुन्छ । साहित्यकारले देशको सभ्यता र संस्कृतिलाई जीवित राख्नाका साथै देशको भविष्यको सङ्केत पनि गर्दछन् । संसारका जुनसुकै ठाउँभन्दा प्यारो आफ्नो जन्मथलो, आफू जन्मेको माटो, आफ्नै पाखापखेरा र आफ्नै भीरपाखा हुन्छ । यही थलोलाई नै राजेन्द्र थापाले आफ्नो सम्पन्नताको प्रतीक मानेका छन् ।

राजेन्द्र थापाका गीतहरूमा जीवनमा घट्ने थरिथरिका घटनाहरू र प्रकृतिमा परिवर्तनहरूप्रति तनमनले अध्ययन, मनन र चिन्तन गरी लेखिएका गीतहरूमा हाँसो र आँसुको दोभान पाइन्छ । अनेकौं रसहरूको मुहान् पाइन्छ र उनका राष्ट्रिय गीतमा हिमाल उठेको र

---

[ज्ञण] दयाराम श्रेष्ठ (भूमिका), **यस पाली त मनै फाट्यो,** (काठः सा.प्र., २०५३) , पृ. ञ ।

[ज्ञज्ञ] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, (काठः विद्यार्थी पुस्तक भण्डार , २०६०), पृ.२०१ ।

नेपाल बोलेको पाइन्छ ।[ञञद] देशभक्तिको भाव भएका उनका गीतहरूमा राष्ट्र तथा राजमुकुटप्रति श्रद्धा प्रकट गरिएको पाइन्छ । उनले आफूलाई माटोको पुजारी भनेका छन् । खुकुरीको पूजा नहुने तथा हिमाल नभएको ठाउँमा आफू नउभिने विचार व्यक्त गरेका छन् । अनि हिमाललाई अझै चुल्याउनु पर्ने तथा आमाका लागि सयचोटि मर्ने मनशाय पनि प्रकट गरेका छन् ।[ञञघ] देशलाई स्वतन्त्रता प्रदान गर्न शहीद र नेपाली वीरहरूले सबैलाई ऋण लगाएका छन् । उनीहरूले देशको रक्षा र स्वतन्त्रताका लागि लड्दा आफ्नो जीवन बलिवेदीमा चढाए । पारिवारिक सुख, मातृप्रेम, पितृप्रेमजस्ता सबै कुरालाई त्यागेर जन्मभूमिलाई नै सबै कुरा मानेका हुँदा उनीहरूको नाम सुन्दा हाम्रो शिर श्रद्धाले झुक्छ । सबै नेपाली स्वावलम्बी भएमा देश उन्नतिको शिखरमा पुग्छ त्यसैले कसैले पनि काम नगरी बसेर खानु हुँदैन ? सारा नेपाली एकै मालामा गाँसिएर देश विकासको काममा जुट्नुपर्छ भन्ने देशप्रमेको स्वर थापाका गीतमा  पाइन्छ । पुर्खाले गरेको बलिदानको विवरण गीति सुन्दरताका साथ प्रस्तुत भएका पाइन्छन् । आफ्नो मुलुकको खातिर यदि रगत बगाउन सकिदैन भने त्यो रगत होइन फगत पानी हो । उनी स्वर्गबाट फिर्ता हुन पाए फेरि नेपाली नै बन्ने धोको राख्दछन् । हाम्रा पौरखी हातहरू कर्म गर्नका लागि नै बनेका हुन् र ती हातले जस्तोसुकै काम गर्न सक्छन् । सबै मिलेर कर्म गरेमा ढुङ्गामा पनि फूल फुलाउन सकिन्छ र पहाडलाई पनि समथर मैदान बनाउन सकिने भन्दै देशप्रेम र राष्ट्रप्रति समर्पणको भावलाई गीतकारले उच्च स्थान दिएका छन् ।

गीतकार थापाको प्रस्तुत **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रहमा आठवटा गीतहरू देशप्रेमको भावनाबाट ओतप्रोत भएका छन् ती हुन्- 'म माटोको पुजारी' (पृ.१), 'माग्दैन माटोले' (पृ.१४), 'हिमालको छड्के टोपी' (पृ.७), 'फाँट भन्छ अझै फुल्नु छ' (पृ.१५), 'उडेर आए सलइका हुल' (पृ.५५), 'म त्यहाँ उभिन्न' (पृ.१३), 'स्वर्गमा मलाई देउतीले सोधे'(पृ.४७), 'नेपालको पाखे बारी' (पृ.५३) हुन् ।

'म माटोको पुजारी' गीतमा सबैले माटोको पुजारी हुनुपर्ने, यही माटो भएमा मात्र सम्पन्न भइने नत्र भिखारी भइने, स्वदेशको रक्षाका लागि रगत दिन सक्नुपर्ने, आफ्नो देश

---

[ञञद] रत्नशमसेर थापा (भूमिका), **यस पाली त मनै फाट्यो** , (काठः सा.प्र., २०५३ ) , पृ. ६ ।

[ञञघ] कृष्णहरि बराल, पूर्ववत् , पृ. २०१ ।

विर्षन नहुने देशप्रेमको भाव व्यक्त गर्नुका साथै सधैं रगत दिनेको सन्तान भएकाले नेपाल आमाका लागि बलि चढ्नसमेत तयार रहेको कुरा व्यक्त गरिएको छ । 'माग्दैन माटोले' गीतमा हामीले देशका लागि केही गर्न सक्नुपर्छ , बाँझो पाखामा नाङ्गो डाँडामा हरियाली बनाउन सक्नुपर्छ; खुम्चिरहेको भूँइमा र सुकिरहेको खोलामा प्रीत छर्न सकेमा देशको विकास हुन्छ र देश विकासका कामहरू हामी आफैले गर्नुपर्छ भन्ने भाव प्रकट भएको छ । 'हिमालको छड्के टोपी' गीतमा हिमाल, पहाड र तराईका सबै नेपालीको एउटै मन हुनुपर्छ, नेपाली हुनका लागि छातीमा नेपाली मन नशा-नशामा नेपाली रगत बग्नुपर्छ , सबैको दैलोमा खुसी छाए मात्र देश हाँस्छ । जलस्रोत र प्राकृतिक स्रोतको धनी भएकाले यसलाई उपयोग गर्न हामी सबैमा जोस, जाँगर आउनुपर्छ । हामीले हाम्रो पहिचान कायम गर्न चोलो धोती र टोपी लगाई राख्नुपर्छ र प्रत्येकको आँखामा नेपाली हेराई भएमात्र नेपाली भइन्छ भन्ने देशप्रेमको उच्चस्वर प्रकट भएको छ । 'फाँट भन्छ अझै फुल्नु छ' गीतमा हामीले तराईका फाँटमा विकास गर्नुपर्छ पहाड सम्याउनु छ र शिखर ठम्याउनुछ । पुर्खाले रगत बगाएर आर्ज्याको नेपाललाई समयसँगै अघि बढाउनु छ । संसारमा हाम्रो देशको बेग्लै पहिचान रहेको छ । यसको अस्तित्वलाई कायम राख्न सक्नुपर्छ । हाम्रो देशमा खानीका स्रोतहरूको भण्डार रहेकाले हामीले चिताएमा मात्रै पनि माटो र हिमालले पुऱ्याउन सक्छ । एउटा नेपालीले अर्को नेपालीलाई नचिन्नाले हामी पछाडि परेका छौँ यसकारण हामीले हामी आफैलाई र देशलाई चिन्न सक्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । 'उडेर आए सलईका हुल' गीतमा नेपालमा वर्षेनी बढ्दो जनसङ्ख्याले गर्दा गास, बास र कपासको समस्या उत्पन्न भएकामा गीतकार चिन्ता प्रकट गर्छन् । गाउँ सहर सबै ठाउँमा जनसङ्ख्या वृद्धिका कारण मान्छेलाई मान्छेको मन साँघुरो भएको छ भन्ने आशय व्यक्त गरेका छन् ।

'म त्यहाँ उभिन्नँ' गीतमा गीतकारले प्रकृतिसित र नेपाल आमासित आफ्नो गुनासो पोखेका छन् । धवलागिरी, तमोर, त्रिवेणी, असुराफूल, गुराँस, सिमाली, पलाँस, देउराली, भञ्ज्याङ, पहरा, छहरा र नेपाल आमालाई जहाँ हिमाल उभेको छैन, जहाँ आमालाई चिन्दैनन्, जहाँ नेपाली जाति हेपिन्छ , जहाँ खुकुरीको पूजा हुन्न त्यहाँ नउभिने वाचा गरेका छन् । हाम्रा पुर्खाले नेपाल आमाका लागि छातीमा गोली थापेको , विषको बट्को पिएको, छोरीबुहारीहरूले कति नडगी सिउँदो पुछेका, आमाले हाँसेर छातीको मासु दिएका थिए, शत्रुका सामु खुकुरी

फ्याँकी आत्मसमर्पण कहिल्यै नगरेका, बरु ज्यान दिएका थिए । गीतकारले राष्ट्र र राष्ट्रियताका लागि शत्रुका सामु कहिल्यै नझुक्ने विचार व्यक्त गरेका छन् । 'स्वर्गमा मलाई देउतीले सोधे' गीतमा स्वर्गबाट फिर्ता हुन पाए नेपाली नै बन्ने धोको राखेका छन् । मुलुकको खातिर यदि रगत बगाउन सकिदैन भने त्यो रगत होइन फगत पानी हो र ममता सम्झी नदुख्ने छाती ढुङ्गाको खानी हो । सबै नेपाली एउटै घरमा नअटेसम्मलाई सबैको घरदैलोमा गाँस, बास र कपास नपुगेसम्मलाई देशका लागि सयचोटि मर्ने नेपाली बनाइदिन देउताका सामु गीतकारले प्रार्थना गरेका छन् । हिमाल, पहाड र तराईमा विकास हुन नसक्नु भनेको नेपाल फुट्नु हो भन्ने विचार व्यक्त गरेका छन् । 'नेपालको पाखेबारी' गीतमा गीतकारले वीरताकै बीउ रोप्ने र वीरताकै बाली काट्ने कुरा गरेका छन् । परदेशको लडाई अब हाम्रो पीर होइन र अर्काको देशका लागि लड्ने वीर होइन, हामीले हिमाल, पहाड र तराईलाई एकै ठाउँमा गाँसेर देशका लागि केही गर्न सक्नुपर्छ र नेपालीलाई नेपालीले जोड्न सक्नुपर्छ भन्ने देशप्रेमको भावना व्यक्त गरेका छन् ।

यसरी गीतकार थापाले राष्ट्रप्रेम र देशभक्तिलाई महत्त्वका साथ वर्णन गरेका छन् । आफू जहाँ भए पनि आफ्नो जन्मभूमि प्यारो लाग्ने भावना यिनले व्यक्त गरेका छन् । समग्रमा भन्नुपर्दा गीतहरूमा देशोन्नति, स्वाधीनता, वीरता, प्रकृतिप्रदत्त सुन्दर देशको चित्रणमा आत्मानुभूति घुमेको पाइन्छ ।

**ख) प्रकृतिचित्रण सम्बन्धी गीत**

प्रकृति भौगोलिकतामा अडेको चराचर जगत् हो । प्रकृतिले मानव तथा मानवेतर प्राणीलाई बाँच्ने आधार प्रदान गरेको हुन्छ । मानवका संवेदनालाई संवेदित तुल्याउन प्रकृति सहयोगी बनेको हुन्छ । प्रकृतिका काखमा बस्न पाउँदा हामी हाम्रा पीडाहरूलाई भुलेर जीवनलाई गति दिने ऊर्जा प्राप्त गर्दछौं । विभिन्न पशुपंक्षीहरूले प्रकृतिमा आफूलाई हराइरहेका हुन्छन्, प्रकृतिको चक्रअनुसार हाम्रो जीवनचक्र घुमिरहेको हुन्छ , वातावरणअनुकूल जीवनयापन गर्न सिकाउने आधार नै प्रकृति हो ।

गीतकार थापाको प्रस्तुत **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रहमा प्रकृतिचित्रणको पनि राम्रो रूप देख्न पाइन्छ । जीवनजगत्का महत्त्वपूर्ण प्राकृतिक वस्तुहरूबाट बिम्ब र प्रतीकको सहयोग लिएर यिनले गीत प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा प्रकृतिलाई नै साध्य बनाएर लेखिएका गीतहरू त छैनन् तर श्लोक र अनुच्छेदका स्तरमा भने प्रकृति स्वाभाविक रूपमा आएको छ । गीतकार थापाले नेपाली प्रकृतिका छटाहरूलाई विभिन्न प्रकारले प्रयोग गरेका छन् । उनले प्रकृतिलाई कतै मानवीकरण गरेका छन् भने कतै प्रकृतिका उतारचढावलाई जीवनसँग तुलना गरेका छन् विभिन्न प्रसङ्गलाई अर्थ्याउन र स्पष्ट पार्न प्रकृतिका विभिन्न रूपलाई प्रयोग गरेका छन् । उनले प्रकृतिलाई आलम्बन र उद्धीपन दुवै रूपमा सफल प्रयोग गरेका छन् । प्रस्तुत सङ्ग्रहका राष्ट्रभक्ति, प्रेमप्रणय र संवेदनात्मक सबैखाले गीतमा प्रकृतिको तन्मय र मन्मय चित्रण गीतकारले सफल रूपमा प्रयोग गरेका छन् । यस सङ्ग्रहमा प्रकृतिको धेरै प्रयोग गरिएका गीतहरू यस प्रकार छन्- 'जानकीको शिरैमा' (पृ.१६), 'खोलानाला वनपाखा' (पृ.४३), 'टुहुरी चरी हुरीमा परी' (पृ.७४), 'चरीको प्वाँख झऱ्यो' (पृ.७५), 'बस चुपचाप-चुपचाप-चुपचाप' (पृ.८०), 'साउन भदौ खेल्ने ठाउँ' (पृ.८५), 'माथि हेर चन्द्रमा' (पृ.८६), 'छोरी बाबैकी' (पृ.१०३), 'बादलको भाग्य यही कि' (पृ. १०५) रहेका छन् ।

'जानकीको शिरैमा लालीगुराँस' गीतमा हामी सबै एक हौँ, हाम्रो वेषभूषा एकै छ भन्ने प्रसङ्मा जनकपुरकी जानकी र हिमालकी छोरी पार्वतीको शिरैमा लालीगुराँस र आँपमन्जरी छ । हिमाल, पहाड, मधेश, तोरीबारी, कोदोबारी र नेपालका पूर्व पश्चिमका नदी मेची र कालीको प्रसङ्ग प्रकृतिचित्रणका रूपमा आएका छन् । प्रकृति चित्रणका माध्यमद्वारा सबै नेपाली एकै भएको विचार प्रकट गरिएको छ । 'खोलानाला वनपाखा' गीतमा कसको साथ एकै छिनको कसको साथ जुनीभरको हो भन्ने प्रसङ्गमा नेपालका खोलानाला, वनपाखा, पहाड, घुम्ती, खहरेखोला, उकाली, ओराली आएका छन् । प्रेमी प्रेमिकाहरू प्राकृतिक वातावरणमा आफ्ना मनका बह पोख्दै हिड्छन् । यसमा प्रकृतिको मनोरम चित्रण गरिएको छ । 'टुहुरी चरी हुरीमा परी' गीतमा टुहुरी चरी हुरीमा परेर सुगन्धित सास फेर्न नसकेको, चारैतिर कुहिरो लागेको, तुषारोले पखेटा खाएको, वनमा आगो लागेको, चखेवा र चखेवी भूमरीमा परेको, हिउँदले खाएको प्रसङ्गलाई ल्याएर विछोडमा परेकी प्रेमिकाको पीडालाई व्यक्त गरिएको छ । चौतारी, वरपिपल, आकाश, चरीको गुँड, कुहिरो, तुषारो, भूमरी, हिउँद, वन, आगो, चखेवा र चखेवी

आदि प्रकृतिको चित्रण गरिएको छ । 'चरीको प्वाँख झऱ्यो' गीतमा चरीको माध्यमद्वारा प्रेमीबाट विछोड भएकी प्रेमिकाको पीडा व्यक्त गरिएको छ । खोलावारि, खोलापारि खोलामा पानी सुकेको, पतकर झरेका, हावाको वेग रोकिएको, नदीको लहर बग्दै गरेको पानीका माध्यमबाट प्रेमिकाका पीडा व्यक्त गरिनुका साथै प्रकृतिको चित्रण गरिएको छ । 'साउन भदौ खेल्ने ठाउँ' गीतमा प्रेमिकाले धोका दिएपछि प्रेमी एक्लै बस्न नसकेको प्रसङ्गमा प्रकृति आएको छ । दह, वनका घोच्ने काँडा, साउन भदौको बगीजाने खोला, हरियाली, फूलैफूलको बगैंचाका चित्रणका माध्यमले गीतकारले प्रेमीको विछोडको पीडा व्यक्त गरेका छन् ।

'माथि हेर चन्द्रमा' गीतमा रात्रीको अर्धचन्द्राकार चन्द्रमाको वरिपरि बादल लागेको प्रकृतिको चित्रण गरिएको छ । युवतीको रूपरङ्ग देखेर चन्द्रमा लाजले बादलभित्र लुकेको, चन्द्रमाको उज्यालोभन्दा युवतीको अनुहार चम्केको प्रसङ्ग गीतकारले व्यक्त गरेका छन् । 'छोरी बाबैकी' गीतमा गीतकारले घँघारुले गाला कोरेकी, सिस्नुले फोका उठेकी, रातोमाटो लतपतेकी पराइघर जाने छोरीको पीडा चिलाउने ठुटोको पीडा बन्चरोलाई र न्याउली चरी रोएको पीडा जङ्गललाई नभए जस्तै माइतीलाई पनि थाहा नहुने कुरा व्यक्त गरिएको छ । गीतकारले पहाडी क्षेत्रमा पाइने घँघारु, सिस्नु, रातोमाटो, सल्लाघारी, चिलाउने काठ, न्याउलीचरी, फूल, काँडा आदि प्रकृतिको चित्रण गरेका छन् । 'बादलको भाग्य यही कि' गीतमा प्रकृतिको चित्रण गर्ने क्रममा बादल गर्जेपछि पानी पर्ने , पहाड र मधेशको आकाशमा पानी अड्नसक्ने, समुद्रको लहरमाथि माथिसम्म उठ्ने आकाश गुड्किदा बिजुली चम्केर चट्याङ पर्ने प्रकृतिका भयानक रूपको चित्रण गरिएको छ । बादलले आँसु बगाउँदा आकाशमा गड्गडाहट र चट्याङ पारेर थर्कमान बनाए पनि प्रेममा पीडित भएकी प्रेमिकाले लुकेर र झुकेर आँसु बगाउनु पर्ने पीडा व्यक्त गरिएको छ । प्रकृतिको पानी पर्दाको अवस्थाको चित्रणसमेत गरिएको छ । 'बस चुपचाप-चुपचाप-चुपचाप' गीतमा एकान्त र सुनसान वातावरणमा प्रेमी र प्रेमिकाको मिलन भइरहेको अवस्थालाई देखाउने क्रममा गीतकारले प्रकृतिको शान्त वातावरण वनजङ्गल, पाखापखेरा, खोल्सा खोल्सी र पानी पँधेरोलाई सुनसान रहन आग्रह गरेका छन् । पहरा छहराको कलकल आवाज, वनजङ्गलमा हावाको सुसाहट, विस्तारै फक्रिरहेको कोपिला, अस्ताउन लागेको सूर्य र घामको किरणको मनोरम चित्रण गरेका छन् ।

विभिन्न सन्दर्भलाई स्पष्ट गर्ने क्रममा प्रकृति आएको छ । प्रकृतिको विशुद्ध चित्रण भन्दा पनि अन्य विषयको स्पष्ट अभिव्यक्ति प्रदान गर्न प्रकृति चित्रण सहायक भएको छ । प्रकृतिका विविध परिवेशले गीतमा मधुर सङ्गीतप्रवाह गर्नुका साथै गेयात्मकतालाई अझ बढी संवेदनशील बनाएको छ । गीतको भावअनुसार प्रकृतिका प्रतिकूल र अनुकूल दुवै अवस्था देखापरेका छन् । रमणीय र सुकोमल शब्द विन्यास र सरल भाव अभिव्यक्ति दिन प्रकृतिको कुनै अंश वा पाटो प्रायजसो गीतमा कुनै न कुनै हरफहरूमा वर्णन गरिएको छ ।

### ग) शृङ्गारिक गीत

मायाप्रेम, विछोड, पीडा शृङ्गारिक भावअन्तर्गत पर्दछन् । युवा र युवतीबीच अन्जानमै बस्ने माया प्रमेमा नै प्रेम प्रणय सम्झनु पर्छ । मायाप्रेम भावनामा अडेको हुन्छ । संसारका प्रत्येक प्राणीमा मायाप्रेम रहेको हुन्छ । मानव संवेदनशील प्राणी भएकाले भाषा र अनुभूतिका माध्यमबाट मायाप्रेम प्रकट गर्दछ । शृङ्गारिक भावअन्तर्गत सम्भोग शृङ्गार र विप्रलम्ब शृङ्गार पर्दछन् । सम्भोग शृङ्गारमा प्रेमी प्रेमिकाको मिलन, सुख, आनन्द र प्रेमी प्रेमिकाबीच ठट्टा आदि पर्छन । वियोग शृङ्गारअन्तर्गत विछोड, पीडा, प्रेमी प्रेमिकाको कारुणिक स्थिति, रोदन आदि पर्छन् । प्रेमका संयोग पक्षलाई व्यक्त गरिएका थापाका गीतहरूमा जोवन छँदै आगो तापिन्छ , बुद्धि पुऱ्याएर माया लाउनु पर्ने , मायालुले मन बिर्गार्न सक्ने हुँदा सम्हालिनु पर्ने विचार प्रकट गरिएको छ ।[ज्ञञ्ढ] गीतकार थापाले प्रेमका विरह र संयोगका मनोदशाको अवलोकन गरेर गीतहरू रचना गरेका छन् ।

थापाका वियोग र संयोग दुवै अवस्थाका वर्णन गरेर लेखिएका गीतहरू यस प्रकार छन्- ‘रसै बग्यो धरर’ (पृ.१८), ‘जोवन पल्के डर’ (पृ.२०), ‘धेरै धेरै कुराहरू’ (पृ.२१), ‘मनको नदी’ (पृ.२२), ‘ज्यादती कसले गऱ्यो’ (पृ.२३), ‘मायाको यस्तै संसार’ (पृ.२४), ‘गाजल यो मेरो’ (पृ.३३), ‘माया हे माया’ (पृ.४९), ‘कसको कति कति भन’ (पृ.५९), ‘जहिले जहिले मैले बोले’ (पृ.६३), ‘छुन्छ भँवरा रिसाउँछे फूल’ (पृ.६५), ‘यो रोगको नाउ हो माया’ (पृ.७१), ‘सम्झनाले कुट्यो मलाई’ (पृ.७२), ‘मानिसको बानी यस्तै’ (पृ.७६), ‘अचेल भरि’ (पृ.८२), ‘क कसको कति

[ज्ञञ्ढ] कृष्णहरि बराल, पूर्ववत्, पृ. २०२ ।

हो' (पृ.८७) 'गुन केसरी गुन केसरी' (पृ.९३) 'उजुरी छ उजुरी' (पृ.११), 'ललाई फकाई मलाई छकाई' (पृ.१०२), 'गडबड गडबड गरुँ लाग्यो है' (पृ.१०६) गीतहरूमा प्रेमका संयोग र वियोग अवस्था रहेका छन् ।

गीतकार थापाका 'धेरै धेरै कुराहरू' गीतमा शरीरमा जवानीका रेखाहरू कोरिन थालेपछि मन ठेगानामा नरही यताउता बत्तिन थालेको र जीवनले पखेटा हालेको, तनमनले माया खोजेको दिनभर भेट भएकी प्रेमिका रातभर आँखा अगाडि नाचिरहेको भाव व्यक्त गरिएको छ । 'रसै बग्यो धरर' गीतमा केटा र केटी दुवैबीच मायाप्रेम बसेको वनमा र पाखापखेरामा लहरापहराले भरिए जस्तै मनभित्र मायाप्रेम भरिएको शृङ्गारिक भाव प्रकट गरिएको छ । 'जोवन पल्के डर' गीतमा मन र तनलाई सम्हालेर राख्न सकेमात्र मायाप्रेम सफल हुने र तनमनलाई छाडा गरिदिएमा तनमन दुवै बिग्रने भाव व्यक्त गरिएको छ । 'मनको नदी' गीतमा नदीमा पानी बगेजस्तै मनभित्र माया सलल बगेको र माया बसेको थाहै नभएको, मन छचल्किरहेको, मन जतातातै पोखिएको, माया कहिले खहरे खोलाजस्तो भएको र कहिले मनमै दहजमेर बसेको भाव व्यक्त गरिएको छ । 'ज्यादती कसले गऱ्यो' गीतमा मायाका लागि मान्छे जीवनभर रुनसक्ने रावणजस्तो कठोर हृदयभएको मन पनि माया प्रेममा पग्लन सक्ने, मायाप्रेममा ईश्वर पनि बहकिन सक्ने र मायाप्रेमले मन खल्बल्याउने विचार प्रस्तुत गरिएको छ । 'मायाको यस्तै संसार' गीतमा देखावटी माया गर्ने र सच्चा दिलले माया गर्ने मानिस संसारमा हुन्छन् । माया कसैलाई फूल र कसैलाई काँडा हुन्छ । मायाप्रेममा कोही अरूलाई तड्पाउँछन् भने कोही आफै तड्पिन्छन् । आफूले मनपराएको मान्छे पाएमा जीवनका सारा खुशी हारे पनि आफ्नो जीत सम्झन्छन् भन्ने विचार व्यक्त गरिएको छ । 'गाजल यो मेरो' गीतमा प्रेमीले रुवाई छोडेर गए पनि अझैसम्म उसको काखको न्यानोपन र हातको तातोपन प्रेमिकाले सम्झिरहेको, उसैको सम्झनाले पीरोलिरहेको र उसलाई पर्खी बसेको प्रेमको वियोग अवस्थालाई चित्रण गरिएको छ । 'माया हे माया' गीतमा प्रेममा मान्छे पागलपन र अन्धासमान हुन्छ । मायाप्रेम भइरहुन्जेल केही नहुने र मायाप्रेम छुट्न थालेपछि मन बहलाउन थाल्ने कुरा प्रस्तुत गरिएको छ । 'कसको कति कति मन' गीतमा माया प्रेममा तेरोमेरो नभई दुई मुटु एक हुने भएकाले दुवैको पीर एउटै हुने मनको पीर छट्याउन नसकिने विचार व्यक्त गरिएको छ ।

'जहिले जहिले मैले बोले' गीतमा प्रेमीप्रेमिका जति टाढा भए पनि उनीहरूको मन टाढा हुँदैन, सधैँ एक अर्कासँग भइरहन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

'छुन्छ भँवरा रिसाउँछे फूल' गीतमा प्रेमी प्रेमिकाको वार्तालापका माध्यमबाट एकले अर्काको मन बिगारेको प्रेमको संयोग अवस्थालाई व्यक्त गरिएको छ । 'अन्त वसन्त जाँदै जाँदैन' गीतमा खाली मनभित्र कोही पसेर मुटु दुःखाएको, गाग्रीमा पानी छचल्किएजस्तै मनभित्र माया सल्केको आफूले खोजेको र रोजेकोजस्तै कोही मनभित्र पसेको प्रेमको एकालाप भाव व्यक्त गरिएको छ । 'यो रोगको नाउ हो माया' गीतमा मायाप्रेम रोग र मलम दुवै भएको, मायाको रोग लागेपछि देवीदेवता, सञ्जीवनी, रामवाण र औषधीले समेत नछुने मायाले ऋषिमुनीलाई पनि नछोड्ने, मायाको रोग लागेपछि प्यास बढेजस्तो, भोक लागेजस्तो, सास अड्केजस्तो, कतै दुःखेजस्तो र कतै तन्केजस्तो हुने विचार व्यक्त गरिएको छ । 'सम्झनाले कुट्यो मलाई' गीतमा प्रेमीको सम्झनाले सताएको, प्रेमीलाई भेट्न नपाएर आफ्नै शरीर सनासोले च्यापेजस्तो भएको, राति निद्रा पर्न नसकेको प्रेमको वियोग अवस्थाको चित्रण गरिएको छ । 'मानिसको बानी यस्तै' गीतमा प्रेमिका नजिक हुँदा खुसी र टाढा हुँदा दुःखी हुने प्रेमिकालाई पाएको बेलामा मात्तिने र नपाएमा आत्तिने र पिरती जति दिए पनि जीवनभर मागिरहने हुन्छन् भन्ने विचार गीतकारले व्यक्त गरेका छन् । 'अचेल भरि' गीतमा आजकल मान्छेहरू मायाप्रेमको जतातत्तै खाल र जाल थाप्छन् । प्रेम खाल रजाल थापेर हुने होइन चित्त बुझाएर मुटुमा बस्न सकेमा मायाप्रेम हुन्छ । क्षणिक वासनात्मक प्रेमको जाल रचेर जीवनको धागो चुँडाउने कोसिस गर्नु हुँदैन , मान्छेको मन चञ्चले भएकाले कतै नअल्झी एकै ठाउँमा बस्न सक्दैन भन्ने विचार व्यक्त भएको छ । 'गुनकेसरी गुनकेसरी' गीतमा एक्लो जीवन निरर्थक भएकाले सार्थक तुल्याउन कसैको मायाको खाँचो रहेको कुरा व्यक्त गरिएको छ ।

'उजुरी छ उजुरी' गीतमा युवक र युवतीका वार्तालापका माध्यमबाट प्रेमको संयोगावस्था प्रकट भएको छ । युवतीको मन युवकले चोरेकाले युवक विरुद्ध युवतीले उजुरी गरेको र मायाप्रेममा मनपरी भएकाले युवतीले जे गरे पनि युवकको मन्जुरी रहेको कुरा व्यक्त गरिएको छ । 'गडबड गडबड गरुँ लाग्यो है' गीतमा प्रेमिकाका छेउमा बसेर गडबड गर्ने मन लागेको युवतीलाई पनि युवकका छेउमा बसेर गडबड गर्न मन लागेको, युवकलाई बोलाएर

पछ्यौरीले बाँधी पिरतीको नशा पिलाएर आफैसँग राख्न मन लागेको, युवकलाई पिरतीको गाँठो खोलेर फागु खेल्न मन लागेको र लटपटिन मन लागेको कुरा वार्तावापका माध्यमबाट व्यक्त गरिएको छ । यस्तै 'ललाई फलाई मलाई छकाई' गीतमा अल्लारे मायाप्रेमका बारेमा वर्णन गरिएको छ । अल्लारे जोवनको मायाले आफूलाई कतातिर डोल्याउँदैछ भन्ने थाहा नभएको, मोहनी लगाएर ललाई फकाई लैजाने हो कि, घिच्याएर लैजाने हो, सुनको जञ्जीरैले बाँधेर थुन्ने हो कि सुखको प्वाँख लिई उडु भन्ने हो अथवा सुख-दुःख बाँडी-चुँडी बाँचौ भन्ने हो कि औंलाको इशारामा नाच भन्ने हो अहिले थाहा नभएको कल्पनात्मक एकालापयुक्त भाव अभिव्यक्त गरिएको छ ।

गीतकार थापाले आफ्ना गीतमा प्रणयका संयोग र वियोगावस्थाभित्र देखापर्ने विविध सन्दर्भ र अवस्थाहरूको चित्रण गरी गीतको भावलाई हृदयस्पर्शी बनाएका छन् । रागात्मक पक्षमा देखापर्ने संयोग र वियोग अवस्थालाई गीतकारले नजिकैबाट बुझेका छन् र सरल शब्द विन्यासबाट त्यस प्रकारका भावहरू राख्न पुग्दछन् । प्रणयको संयोग र वियोगका पक्षमा यिनको सफल प्रयोग भएको छ । रागात्मक विषयले अपेक्षा गर्ने शब्द र शब्दावलीको चयनमा पनि यिनी सफल भएका छन् । प्रेमका एकालापीय अवस्थालाई पनि सफल रूपमा चित्रण गरेका छन् ।

**घ) आशावादी गीत**

गीतकार राजेन्द्र थापाले मायाप्रेम र जीवनप्रति आशावादी स्वर व्यक्त गरेर गीतहरू रचना गरेका छन् । उनका आशावादी गीतहरू यस प्रकार रहेका छन्- 'यो हृदय' (पृ.५), 'गरिबी हाम्रो भाग्यरेखा होइन' (पृ.३), 'मेरोपालो सुरु भयो' (पृ.१०), 'थाकिसके पाइला पाइला' (पृ.५४), 'चाहुँ भने म भाग्य बदल्न सक्छु' (पृ.५६), 'फुलेका छन् जिन्दगी' (पृ.५७), 'लछारेर पछारेर' (पृ.७७), 'को हो त्यो को हो' (पृ.९०), 'सुख बाँडे दोब्बर' (पृ.९७), 'पिइरहें' (पृ.९८), 'पतकरसरि हुरिमा' (पृ.९९), 'बचाऊँ जिन्दगी जोगाऊँ जिन्दगी' (पृ.१०७), 'हात बढाऔं उसलाई' (पृ.१०९) जस्ता गीतहरूमा जीवनप्रति, देश विकासप्रति र प्रेमी प्रेमिकाप्रति आशा व्यक्त गरिएको छ ।

थापाका 'यो हृदय' गीतमा धेरै समयसम्म चोट परेको मनमा एकपटक फेरि मुना पलाएको छ । रातपछि बिहानी अवश्य आएजस्तै दुःखपछि जीवनमा एक न एक दिन सुख आउने आशावादी दृष्टिकोण व्यक्त गरिएको छ । 'गरिबी हाम्रो भाग्यरेखा होइन' गीतमा प्राकृतिक स्रोतले परिपूर्ण भएको यस पृथ्वीमा मानव सभ्यता र कला संस्कृति नै ठूलो सम्पत्ति हो । हाम्रो पृथ्वी बाँझो छैन, विश्वबन्धुत्वको भावना राखी मिलिजुली काम गरेमा हामी सबैको गरिबी हट्छ , पहाड सुनको भण्डार रहेको र मैदान अन्नको भण्डार रहेको छ । पहाड, मैदान, जङ्गल, समुद्र आदि प्राकृतिक स्रोतको सदुपयोग गर्न सकेमा हामीले गरिबीको रेखामुनी पिल्सिनु नपर्ने भन्दै जीवनप्रति आशावादी भाव व्यक्त गरिएको छ । 'मेरोपालो सुरु भयो' गीतमा माया प्रेममा पाएका पीडाले गर्दा जीवन निराश भएका हुनाले अवदेखि मायाप्रेममा पीडा नहुने र पीडाजति सबै घटेर मत्थर भइसकेका छन् । मायाप्रेममा रहेको निराशा घटेर आशा पलाउन लागेको भन्दै जीवनप्रति सकारात्मक भाव व्यक्त गरिएको छ । 'थाकिसके पाइला पाइला' गीतमा जिन्दगीमा सङ्घर्ष गर्दा गर्दै थाकिसकेको र कहिले खुसी, कहिले पीरले गर्दा मन त्यसै पागल भइरहेको अवस्थामा एकदिन सुख अवश्य आउँछ भन्ने सोच राखी जीवनप्रति आशा व्यक्त गरिएको छ । 'फुलेका छन् जिन्दगी' गीतमा जीवनमा जति धोका पाए पनि मान्छेले जीवन हाँसी हाँसी जिएका छन्, त्यस्तै प्रेममा जति पीर पाए पनि जिन्दगी फुलेरै बाँचेका छन् भन्ने आशावादी दृष्टिकोण व्यक्त गरिएको छ । 'लछारेर पछारेर' गीतमा जीवनका खुसी जति सबै भागेर दुःख आइलागेपछि लछारेर पछारेर भूँईभरिका तीखा काँडाले कलेजोले बढारेर भए पनि बाँचेरै जीवन घिसारी रहेको आशावादी दृष्टिकोण व्यक्त गरिएको छ ।

'को हो त्यो को हो' गीतमा शिशिरले कठ्याङ्ग्रिएका बोटविरुवामा वसन्त ऋतुमा मुना पलाएजस्तै दुःखै दुःखले जेलिएको जिन्दगीमा एकदिन सुख आउँछ भन्ने आशा व्यक्त गरिएको छ । 'सुख बाँडे दोब्बर' गीतमा वनको बाघले खानुभन्दा पहिले मनको बाघले खाएजस्तै भविष्यप्रति निराश नभई वर्तमानदेखि नै आशावादी र निडर हुनुपर्छ भन्ने जीवनप्रति आशावादी सङ्केत गरिएको छ । 'पिइरहें' गीतमा जिन्दगी मैलो भएमा धोएर पखाल्न नसकेजस्तै मनभित्र वेदना जम्यो भने रोएर पगाल्न सकिँदैन, माया चुँडिएमा जीवन नै चुँडिन सक्छ भन्ने निराशावादी नभई आशावादी हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । 'पतकरसरि हुरिमा' गीतमा पतकरसरि हुरिमा जीवन बिताइरहेको, कहिल्यै सबैको साथ नपाएको र सधैँ एक्लै

भौतारिरहेका अवस्थामा पनि सुख र दुःखको जीवन बिताइरहेको सङ्केत गर्दै आशावादी भाव व्यक्त गरिएको छ । 'बचाऊँ जिन्दगी जोगाऊँ जिन्दगी' गीतमा मान्छे मायाप्रेमको खाँचोले गर्दा धुम्रपान र लागूपदार्थ सेवन गरी जिन्दगी नै बर्वाद गरेर आशा जति सबै निराशामा परिणत गरिरहेका छन् , उनीहरूलाई मायाप्रमेम दिएर जीवनप्रति आशावादी बनाउन सबैले हातेमालो गरी जिन्दगी बनाऔं भन्ने आशा व्यक्त गरिएको छ । 'हात बढाऔं उसलाई' गीतमा पनि जीवनमा मायाप्रेमको अभावले दुर्व्यसनमा फसी जीवन बर्वाद गरेकाहरूलाई मायाप्रेम दिएर उनीहरूलाई जीवन जीउने बनाउन सक्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

गीतकार थापाले जीवनका विविध सङ्घर्षमय अवस्थाको चित्रण गरी जीवनमा जति दुःख आइपरे पनि प्रेमी प्रेमिकाले जति पटक धोका खाए पनि जीवन जीउनका लागि भएकाले सधैँ जीवनप्रति आशावादी भइरहनुपर्ने विचार आफ्ना यिनै केही गीतका माध्यमबाट गरेका छन् ।

**ङ) निराशावादी गीत**

राजेन्द्र थापाका गीतमा निराशाको भाव ज्यादै नै फिँजिएको पाइन्छ र यो निराश भगवान वा मान्छे जसले दिएको भए पनि गलत हो भन्ने उनको ठहर छ । उनका धेरै गीतहरूमा बाध्यता, विवशता आदिका कारण उत्पन्न आँसुको पोखरी देख्न सकिन्छ ।[ज्ञज्ञछ] उनका गीतमा मन फाटेका व्यक्तिहरू पनि छन्, वैंशलाई समयमा प्रयोग गर्न नपाएर जीवनलाई अनि बाँझो जग्गासँग तुलना गर्नेहरू पनि छन् । राहु केतुकै आँखा लागेकाले जीवनलाई पाखा लगाई बाँच्न विवश पापीहरू पनि छन् । उनका यस सङ्ग्रहमा जीवनप्रति र मायाप्रेमप्रति निराशा व्यक्त गर्ने गीतहरू यस प्रकार छन्- 'बगीरहेको पानी तिरै' (पृ.६), 'जिन्दगी यो जसका लागि' (पृ.८), 'आँखा बर्स्यो' (पृ.९), 'भन्थे सबैले' (पृ.२६), 'म लडें लडें' (पृ.३२), 'जिन्दगीको रीत यस्तै' (पृ.३६), 'न असार न साउन' (पृ.३९), 'राहुकेतुको आँखा लागेछ' (पृ.४०), 'जोर आँखामा घैंटामा (पृ.४५), 'पछ्याइरहे आँसुहरू' (पृ.४६), 'मोडिसकेको जिन्दगीलाई' (पृ.६०), 'यहाँ फुलेका हरेक फूलमा' (पृ.७०), 'जकडेको छ दुःखले मलाई' (पृ.७३),

[ज्ञज्ञछ] कृष्णहरि बराल, पूर्ववत्, पृ. २०२ ।

'तारा खसेछ' (पृ.७८) 'दच्की खुसी म देखि' (पृ.८८), 'समुन्द्र नै आँसुको' (पृ.९४), 'सम्भी सम्भी रुन्छु' (पृ.१२), गीतहरूमा गीतकारले निराशाको स्वर व्यक्त गरेका छन् ।

राजेन्द्र थापाका 'बगीरहेको पानी तिरै' गीतमा रगतको रङ्ग र मायाको रङ्गका चिन्न नसकेकोले आशाहरू सबै अँगारसरह डढिरहेका छन् । चाहनाहरू घामको छायासरह भइरहेका छन्, जङ्गलमा आगो सल्केसरि भाग्य डढिरहेकाले जीवनप्रति निराशा व्यक्त गरिएको छ । 'जिन्दगी यो जसका लागि' गीतमा पिँजरासरि भएको जिन्दगीमा पीरहरू अचानक सल्किँदा प्रेममा विश्वासघात भएपछि झरेको पातजस्तो जिन्दगी भएकाले जीवनप्रति निराशा व्यक्त गरिएको छ । 'भन्थे सबैले' गीतमा रिन र दीन एकैचोटि लागेकाले भेटेजति सबैले लुटेका, न्याय दिने मान्छेसमेत नभएको स्वार्थी दुनियाँमा जीवनका आशा मरेर निराशामा परिणत भएको कुरा व्यक्त गरिएको छ । 'म लडें लडें' गीतमा जिन्दगीमा धेरै चोट पाएको कसैले पनि साथ नदिएको र आफन्तले समेत पीडा दिएका हुनाले जीवनप्रति निराशा व्यक्त गरिएको छ । 'जिन्दगीको रीत यस्तै' गीतमा वसन्त आएको बेला रुखका पात झरेर उजाड देखिएजस्तै जीवनमा जति सुख खोजे पनि दुःखै दुःख आइरहने हुनाले जीवनप्रति निराशा व्यक्त गरिएको छ । 'न असार न साउन' गीतमा जीवनमा साथी कोही नभएकाले चारैतिर उदास र अन्धकार मात्रै छाएको, जीवनले दुःख मात्रै पाएको, अरूको मुस्कान खोसेर लिन नसकेजस्तै सपनाका खुसीहरू चोरेर लिन नसकेका कारण जीवन अन्धकारमा डुबेको कुरा व्यक्त गरिएको छ । 'राहुकेतुको आँखा लागेछ' गीतमा जीवनमा राहुकेतु आएर जीवन नै पाखा लागेकाले मन फुल्ने फूल र खुसीका त्यान्द्राहरू चुँडिएर दिनदशा लागेको कुरा व्यक्त गरिएको छ । 'मोडिसकेको जिन्दगीलाई' गीतमा जिन्दगीमा सही र गलत बाटो छुट्याउन नसक्नाले जीवन नै मोडिएको छ, सबैले काँडा रोप्ने ठाउँ यही छाती भएकाले जिन्दगी नै भाँचिएको छ, शान्त मनमा छाल पस्नाले जीवनमा निराशामात्र छाएको कुरा प्रकट गरिएको छ । 'जकडेको छ दुःखले मलाई' गीतमा दुःखले जकडेर जीउमा जरा गाडिसकेका कारणले सधैं हात खाली भएको छ, आफ्नै प्रेमीले धोका दिएर गएपछि खुसी जीवनदेखि भागेर गएको छ । त्यसकारण मन खण्ड-खण्ड भएर आँखा अगाडि नाचिरहेकाले जीवनप्रति नै निराशा व्यक्त गरिएको छ । 'दच्की खुसी म देखि' गीतमा जुनीभर आँसुको रिन लागेका कारण खुसी तर्सेर भागेको छ , आफन्तले नै साथ नदिएपछि जीवनमा रहर र खुसी भाँचिएर गएका छन् , आफ्नो वैंश नै विष बनेर डस्न थालेकाले बाँझो मनमा

खडेरी पर्न थालेको कुरा व्यक्त गरिएको छ । यस्तै 'समुन्द्र नै आँसुको' गीतमा जीवनमा दुःखै-दुःख पाएका कारण दुःख पनि रित्तिएर गएपछि आकाश साँघुरो भएको, सारा संसार उज्यालो पार्ने प्रकाश आफ्ना लागि भने अँध्यारो भएकाले भावीले नै भाग्य निदाउरो बनाएको हो कि भन्ने भाव अभिव्यक्त भएको छ ।

गीतकार थापाले जीवनमा जति सङ्घर्ष गरे पनि सफलता हात लाग्न नसक्ने र आफूसँग हुँदा सबै वरिपरि झुम्मिने र नहुँदा कसैले पनि साथ नदिने ईश्वरले पनि न्यायनिसाफ दिन नसकेको कुरा व्यक्त गरेका छन् । जीवनमा पीडा र दुःख परिरहेका कारण प्रेमिकाले पनि छोड्ने गरेको हुनाले उनले आफ्ना केही गीतहरूमा जीवनप्रति निराशा व्यक्त गरेका छन् ।

**च) पीडासम्बन्धी गीत**

विविध कारणवस मान्छेका मनमा लागेका ठेस, चोट र मनमा परेका आघात नै पीडाका रूपमा उब्जन्छन् । मानिस संवेदनील प्राणी भएकाले उसका जीवनमा बेला- बेलामा पीडाको अनुभव भइरहन्छ । बन्डा गरेर हेर्ने हो भने मान्छेका जीवनमा जति दुःख र हैरानी अन्त कतै छैन । उकालीमा दुःख, ओरालीमा दुःख, चौतारीमा दुःख जतातातै दुःख र पीडा मात्रै देखिन्छ । 'एउटा मान्छे जसलाई जीवनमा दुःख के हो, उति हेक्का छैन । सपनाजस्तो आनन्दको संसारमा रमेरै जीवन गुज्रेको छ । देश, माटो र सीमाना दुख्ने 'ठूलो कुरा', बाहेक व्यक्तिगत जीवनमा त्यस्तो कुनै घटना छैन जसले मनलाई विदीर्ण बनाओस् । तर 'भोगाइभन्दा हेराइ' प्रभावी बनेको छ राजेन्द्र थापा नामक व्यक्तिका जीवनमा ।"[ञञट] जीवनभर दुःखबोध नगरेका बुद्धले दुःखको र पीडाको परिभाषा गरेजस्तै राजेन्द्र थापाले पनि आफूले नभोगेका अनुभव गीतमा उतारेका छन् ।[ञञठ] आमजनमानसका दुःख पीडा उनका गीतमा छरपस्ट पाइन्छन् । प्रस्तुत सङ्ग्रहमा राष्ट्र र त्यसक्षेत्रका जनताका पीडासम्बन्धी गीत निम्नानुसार छन्-

'यसपाली त मनै फाट्यो' (पृ.२), 'घाउ त साम्य भयो भयो' (पृ.४), 'कसरी भनूँ किन दुख्छ घाउँ" (पृ.११), 'मैले रोएको गीत पनि' (पृ.२५), 'झरेको आँसु मेरो' (पृ.२८, 'अरूले

---

[ञञट] देवेन्द्र भट्टराई, **स्रष्टा र समय**, (काठमाडौंः रत्नपुस्तक भण्डार, २०६२), पृ. ३२४ ।

[ञञठ] देवेन्द्र भट्टराई, पूर्ववत्, पृ. ३२५ ।

हानेको ढुङ्गाले भन्दा' (पृ.३०), 'कसरी भनूँ म (पृ.३५), 'जिन्दगीको एउटै जवाफ' (पृ.३७), 'यो मन त तलाउ हो' (पृ.३८), 'ए चरी त चरी म विचरी' (पृ.४३), 'मत भाग्य साट्ने छैन' (पृ.४४), 'तिम्रो एक एक दुःख' (पृ.४८), 'ढुङ्गामा शिर पछार्नु' (पृ.६१), 'झीरमा उनिनु त्यो एउटा कुरा' (पृ.४१) 'मुहारै मेरो बदलिएछ' (पृ.६४), 'च्यातेर हेर पर्दा मेरो' (पृ.६६), 'चुपचाप लाग्नु वेश' (पृ.६७), 'कठैबरा फुटेछ ऐना' (पृ.६९), 'शिखरलाई नाघ्छु भनी' (पृ.७९), 'दाना फुटी मन भिज्यो' (पृ.८१), 'जति चोट पाएँ' (पृ.८९) र 'गौंथली चरी' (पृ.१००) रहेका छन् । यी गीतहरूमा आमजनताका शारीरिक र मानसिक पीडाको चित्रण गरिएको छ ।

राजेन्द्र थापाको 'यसपाली त मनै फाट्यो' गीतमा खुसी र माया फाट्दा मनले टालेको तर मन फाटेर टुक्रा-टुक्रा भएका हुनाले मनलाई सिउन केही फेला नपरेको पीडा व्यक्त गर्नुका साथै कर्म, भाग्य र जीवन फाटे सिउन सकिने तर फाटेको मन केही गरी सिउन नसकिने पीडा व्यक्त गरिएको छ । 'घाउ त साम्य भयो भयो' गीतमा अरूको प्वाँख लिएर उड्ने भाग्यमानीबीच आफन्त पखेटाहरू आफन्तहरूबीच नै कुँजिएकाले बाहिरी घाउ साम्य भए पनि मनभित्र दुःखी रहेको पीडा गीतकारले व्यक्त गरेका छन् । 'ठग्यो दैवले' गीतमा विधाताको न्याय एकै किसिमको नभएर प्रेमिकालाई दैवले लगेका कारण एक्लै बस्नुपर्ने पीडा व्यक्त गरिएको छ । 'अरूले हानेको ढुङ्गाले भन्दा' गीतमा अरूले हानेको ढुङ्गाले भन्दा आफन्तको फूलले बढी दुख्ने, अरूले घोचेको काँडाले भन्दा आफन्तको फूलले बढी घोच्ने र अरूले छ्यापेको हिलोले भन्दा आफन्तको फूलले जिन्दगी बढी भिज्ने रहेछ, टेकेको दैलोसमेत आफ्नो नभएको र आफन्तले धोका दिएका कारण आफ्नोलाई पनि आफ्नो भन्न नसकेको पीडा गीतकारले अभिव्यक्त गरेका छन् । 'कसरी भनूँ म' गीतमा जिन्दगीमा जति दुःखपीडा आए पनि भित्री मन रुँदा बाहिर हाँस्नुपर्ने, फुट र अविश्वासको खेती गरेर सत्य र विश्वासको मुन्टो बर्टान विवश हुनुपर्ने पीडा गीतकारले व्यक्त गरेका छन् । 'यो मन त तलाउ हो' गीतमा तलाउजस्तो मनमा ढुङ्गा फेक्दा पीडा बढ्ने र एकचोटि दुखिसकेको मनलाई कोट्याउँदा फेरि अल्झिने पीडा व्यक्त गरिएको छ । 'ए चरी त चरी म विचरी' गीतमा प्रेमीले धोका दिएपछि भूइँमा हिड्दा लडे पनि उठाउने कोही नभएको, मनको पीडा पोख्न पनि चुपचाप रुनुपर्ने र कतै सपनामा रोएँ भने पनि आँसु पुछ्ने र हात समाउने कोही नभएको विछोडिएकी प्रेमिकाको पीडा व्यक्त गरिएको छ । 'ढुङ्गामा शिर पछार्नु' गीतमा मायाप्रेम विछोडिएकाले ढुङ्गामा शिर पछार्न मन लागेको मायाप्रेममा धोका

पाएपछि मन विथोलिएको, कलेजो पोलेसरि भएको आन्तरिक पीडा गीतकारले व्यक्त गरेका छन् । 'भ्रीरमा उनिनु त्यो एउटा कुरा' गीतमा भ्रीरमा उनिनुभन्दा पीरमा उनिनुको पीडाले मनलाई छिया-छिया बनाउने, मनभित्र पीडा भए पनि आँखाबाट आँसु झार्न नसकिने र पीडा जति थपिए पनि चुपचाप सहरे बस्नुपर्ने भएकाले भाग्य खसेर अन्धकार हुन थालेको पीडा व्यक्त गरिएको छ । 'चुपचाप लाग्नु वेश' गीतमा मनमा ठेस लागेमा चुपचाप लाग्नुपर्ने, बोलेमा मन दुख्ने, मन पोल्ने र घाउ बल्झिने  हुन्छ । भत्केको जिन्दगीमा हरचोट सहेर जीउनु पर्ने पीडा व्यक्त गरिएको छ । 'शिखरलाई नाघ्छु भनी' गीतमा उकालीमा टेक्दा उकालीले नै छातीमा टेकेको, आफन्त र पराई सबैले धोका दिएका कारण डाँडाकाँडा भञ्ज्याङमा आँसु झार्दै आफ्ना मनका बह पोखेर हिड्नुपर्ने पीडा व्यक्त गरिएको छ । 'जति चोट पाएँ' गीतमा जीवनमा हरपल पीडामात्र पाइरहेको र जसले पनि आफूलाई पीडामात्र पारिरहेको हुनाले दैवले बनाएको नौनीको छातीलाई कसरी ढुङ्गा बनाउन सकिन्छ । जति सोच्यो, जति घोच्यो त्यति झन्-झन् चोटमात्र बढ्ने गरेको पीडा व्यक्त गरिएको छ । 'गौंथली चरी' गीतमा मायालुले धोका दिएर कलेजीमा सन्चो नभएको, बिगारेको मनलाई बढारेर फाल्न नसकिने भएकाले पीरमाथि पीर थपिएको र नदेखिने काँडाले भित्रभित्रै घोचिरहेकाले आँसुसमेत सुकिसकेको पीडा व्यक्त गरिएको छ ।

थापाले आफ्ना गीतका माध्यमबाट मानिसले विविध समस्या र कारणले पाउने दुःख पीडा व्यक्त गरेका छन् । सामाजिक, आर्थिक र स्वनिर्मित कारणले उब्जने पीडालाई उनले सरल तरिकाले आफ्ना गीतका माध्यमबाट स्पष्ट पारिदिएका छन् ।

**छ) विविध गीत**

राजेन्द्र थापाका गीतहरूमा विविधता पाइन्छ । एउटा शिल्पीले जसरी एउटा मोहक मूर्ति आफ्नो ज्यू-ज्यान लगाएर बनाउँछ त्यसरी नै कवि तथा गीतकार राजेन्द्र थापाले एक-एक गीत कुद्नमा आफ्नो प्राण प्रतिष्ठा गरेका छन् ।[ज्ञज्ञड] राजेन्द्र थापाका गीतमा वातावरणको संरक्षण गर्नुपर्ने, ड्रग्सको प्रयोगबाट जीवन बर्वाद हुने भएकाले यसलाई बहिष्कार गर्नुपर्ने, जातिभेद हटाउनुपर्ने मुद्राको अवमूल्यन रोक्नुपर्ने जस्ता विचारहरू पनि व्यक्त भएका छन् ।

[ज्ञज्ञड] रत्नशमसेर थापा, पूर्ववत्, पृ. घ ।

उनका विचारमा राष्ट्र सबैका लागि समान हुनुपर्छ, राष्ट्रका सबैले न्याय पाउनुपर्छ, सबैले समान अधिकार पाउनुपर्छ र यहाँका शोसकहरूलाई जरै काटेर सिध्याउनुपर्छ । आदिजस्ता विविधताका स्वर उनका गीतमा पाइन्छन् ।

राजेन्द्र थापाका अन्य गीतहरू यस प्रकार छन्- 'आगो लगाइ पानी नखन्याउ' (पृ.१७), 'पानी दे पानी महादेव पानी दे' (पृ.२९), 'भेटे जति पिएरै हिंडे' (पृ.३१), 'यही समुद्रमा' (पृ.५८), 'एक एक गाँठो फुकाउँछु' (पृ.६२), 'पचास पचास' (पृ.६८), 'मैले आज पहिलो चिठी लेखेको' (पृ.८३), 'डडेलोले खरबारी' (पृ.८४), 'यो सानो घर यो ठूलो छानो' (पृ.९२), 'फकाई फकाई गला रेट्दा' (पृ.९५), 'अब हामी रुने छैनौ' (पृ.५२), 'झुम्म झुम्म क्या मज्जा' (पृ.१०८), 'तेरो यो जात मेरो यो जात' (पृ.११०) गीतहरूमा विविधता  पाइन्छ ।

राजेन्द्र थापाको 'यो सानो घर यो ठूलो छानो' गीतमा मान्छे चेतनशील प्राणी भएर पनि उसले वर्ग विभाजनको रेखा कोरेको छ । एउटै आमाको दूध पिएका भाइ-भाइ पनि वैमनश्यता राख्छन् । अचेलका मान्छेहरू मुखथुनी निमोठेर, भीरबाट घचेटेर जोगाइ दिए भन्छन् र मानिस मानिसकै कलेजो मुटुलाई तारो हान्न पछि पर्दैनन् भन्ने विविध भाव यस गीतमा व्यक्त गरिएको छ । 'आगो लगाइ पानी नखन्याउ' गीतमा मिलन र प्रित एकैछिनको मात्र नभएर सधैंको हो । जीवनमा हाँस्दा-हाँस्दै रुनुपर्ने र रुँदा-रुँदै हाँस्नुपर्ने हुन सक्छ । जीवनमा माया लगाएर आँसु खसाउनु हुन्न भन्ने भाव अभिव्यक्त गरिएको छ । 'यही समुद्रमा' गीतमा भाग्य कसैको पनि खाली हुँदैन, जसले समयलाई चिन्दछ त्यही मान्छे अगाडि बढ्दछ, दैवले छलेको मान्छे जिन्दगीका हर खेलमा हारेको हुन्छ । केही गर्न सक्नु, नसक्नु आफैमा भर पर्नुपर्दछ भन्ने विचार व्यक्त गरिएको छ । 'पानी दे पानी दे महादेव पानी दे' गीतमा मान्छेको मन कालो भएर वातावरणलाई समेत कालो र फोहरमैला बनाएको छ, आकाश पनि धुँवाको थैलो भएको छ । गाँस, वास, कपासको समस्या भएको छ । सामाजिक अस्तव्यस्तताले गर्दा समाज विकृत बन्दै गएको कुरा व्यक्त गरेर सामाजिक विकृतिलाई देखाउन खोजिएको छ । 'पचास पचास' गीतमा मान्छे सुखमा जति मात्तिए पनि दुःखमा जति आत्तिए पनि उसका सुख-दुःख जीवनमा बराबर हुन्छन् । पतझडको पिपलसरि मन निराश भए पनि सुखको प्वाँख लिई हुरीसँगै उडे पनि दुःख र सुख बराबर हुने कुरा व्यक्त गरिएको छ ।

'डडेलोले खरबारी' गीतमा डडेलोले खरबारी डडेजस्तै मन डडेमा मन यता न उताको हुन्छ । आफूसँग सरसम्पत्ति हुँदा सबै वरिपरि झुम्मिने र केही नभए मौरीले घार छोडेसरि सबैले छोडेर जाने स्वार्थी विचार व्यक्त गरिएको छ । 'समात मुटु जोरले' गीतमा मन कसैले बिगार्नु पर्दैन, मन आफै पनि बहकिने, भड्किने हुन्छ, कसैले कानेखुसी गर्दा पनि मन आफै भड्किन्छ, मनकै कारणले बिग्रेकाहरू धेरै छन् र कहिले मच्चिने र कहिले थच्चिने पनि धेरै छन् । यस गीतमा मन आफ्नो वसमा हुँदैन भन्ने विचार व्यक्त गरिएको छ । 'फकाइ फकाई गला रेट्दा' गीतमा मान्छेहरू फकाई फकाई गला रेट्छन् , मुखमा रामराम बगलीमा छुरा प्रवृत्तिका मान्छे हुन्छन् भन्ने भाव व्यक्त गरिएको छ । 'झुम्म झुम्म क्या मज्जा' ड्रगसम्बन्धी गीत हो । यसमा ड्रग सेवन गरेर दुर्व्यसनमा फसेका युवाहरूलाई व्यङ्ग्य गरिएको छ । लागू औषधी र धुम्रपान सेवन गरेमा झुम्म झुम्म भएर आनन्द आउने, बूढो हुनै नपर्ने, चाँडै मरिने, सारङ्गीको तारसरि-ऱ्याईऱ्याई गर्न मिल्ने, रातभर खोकीले सुत्न नपर्ने जीवनमा बेला-बेलामा होस गुमाइ रहनुपर्ने, रसिलो, र झोलिलो पदार्थ खानु नपर्ने मुखमै रगत आइरहने आदि व्यङ्ग्यात्मक स्वर यस गीतमा व्यक्त गरिएको छ । यस्तै 'तेरो यो जात मेरो यो जात' गीतमा हामी सबैको अलग-अलग जात नभएर सबै आमाको काखपाई हुर्केका हुनाले आमाको काखको जात नभए जस्तै हामी सबै नेपालीको एउटै जात हो भन्ने सामाजिक भावना व्यक्त गरिएको छ । विविध विषयवस्तु र विविध क्षेत्रका विषयलाई समेटेर राजेन्द्र थापाले गीतहरू रचना गरेका छन् । उनका गीतहरूको विविधता नै उनको विशेषता रहेको छ ।

### ४.२.३ लय ढाँचा

गीतको महत्त्वपूर्ण तत्त्व नै लय हो । गीतको लय र त्यसको अन्तरप्रवाहले गीतलाई साङ्गीतिक बनाउँछ । गीतमा स्वरव्यञ्जनवर्णको वितरण प्रक्रिया र शब्द पदावलीगत आवृत्तिद्वारा आन्तरिक साङ्गीतिकता सिर्जना गर्छ भने वाद्यवादनको सहायताले बाह्य सङ्गीत प्रदान गर्छ ।[ज्ञज्ञढ] लयको सम्बन्ध समय र गतिसँग हुन्छ । बराबरी वा उही सयमा पढ्न वा गाउन सकिने गरी पङ्क्तिपङ्क्तिबीच भाषामा स्वर तथा व्यञ्जनवर्णहरूको सही व्यवस्थापन

---

[ज्ञज्ञढ] विदुरप्रसाद दाहल, **यादव खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** , (अप्र. एम्. ए. शोधपत्र, त्रि.वि. २०५५), पृ. ११ ।

गरिँदा लय प्रकट हुन्छ भने यसमा स्वर तथा व्यजनवर्णहरूको सङ्ख्या, बलाघात तथा सुरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले गर्दा नै गीतलाई गेय पनि बनाउँछ ।[ज्ञद्दण] आधुनिक गीतकारले स्वर तालात्मक गेयताभन्दा बढी ध्वनि लयात्मक गेयतालाई प्राथमिकता दिँदै त्यसकै अनुसार गीतलेखन गरेको पाइन्छ । गीतमा प्रयुक्त शब्दको ध्वनिमा अन्तर्निहित आन्तरिक लयमा आधारित भएर आधुनिक गीत लेखिएका हुन्छन् । सङ्गीतले गीतमा लयात्मकता ल्याउँछ । प्रत्येक गीतका भिन्दा-भिन्दै लय हुन्छन् । गीतहरू मुक्त लयमा लेखिएका हुन्छन् । शब्दको संयोजन गर्न अनुप्रासीय विन्यासलाई अपनाउँदा लयात्मकता देखिन्छ ।

राजेन्द्र थापाका धेरै गीतहरू लयको बन्धनबाट मुक्त देखिन्छन् र परम्परित लयविधान अँगालेर नै लेख्न खोजेका गीतमा पनि लयभङ्गको स्थिति केही मात्रामा देखिन्छ । अनुप्रासको प्रयोगका आधारमा हेर्दा यिनका गीतहरू निकै सम्पन्न देखिन्छन् । यसरी हेर्दा पङ्क्तिपङ्क्तिबीच हुने लयगत सामिप्यभन्दा आन्तरिक तथा अन्त्यानुप्रासबाट प्राप्त सङ्गीत चेतनाले गर्दा यिनका गीतमा सङ्गीतको सृष्टि भएको छ भन्न करै लाग्छ ।[ज्ञद्दज्ञ] राजेन्द्र थापाको रचनामा सुवास मगमगाएको हुन्छ । मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग परिमार्जित ढङ्गले गरिएको हुन्छ, उनका रचनामा मार्धुय, कोमलता र भावनात्मक अभिव्यक्तिले निकै उचाइमा पुऱ्याएका छन् । तिनमा जीवन र जगत्का मान्यता र मूल्यहरू सरल र सहजरूपमा चित्रित गरिएका छन् । शैलीमा सरलता र भावमा मार्मिकता हुनु उनको विशेषता हो ।[ज्ञद्दद्द]लयका विविध परिचर्चापछि गीतसङ्ग्रहभित्रका गीतहरूको उदाहरणसहित चर्चा गर्नु वान्छनीय हुन्छ ।

गीतकार थापाले लय सिर्जना गर्ने क्रममा कतै झ्याउरे लयलाई पनि लिएका छन् । झ्याउरे पङ्क्तिमा १६ अक्षर आउने सामान्य नियमलाई पालना गरिएको गीतांशलाई यसरी देखाउन सकिन्छ ।

---

[ज्ञद्दण] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास,** (काठः विद्यार्थीपुस्तक भण्डार, २०६०), पृ. ३५ ।

[ज्ञद्दज्ञ] कृष्णहरि बराल, पूर्ववत्, पृ. २०३ ।

[ज्ञद्दद्द] किरण खरेल (भूमिका), **यसपाली त मनै फाट्यो**, (काठः साझा प्रकाशन, २०५३), पृ. च-छ ।

*हजारौं चोटि विषको वटको - पुर्खाले पिएको*
*भुलेको छैन धावामा जाँदा-रगत दिएको*

(म त्यहाँ उभिन्न, पृ. १३) ।

माथिका हरफहरूमा ३+२, ३+२, ३+३ = १६ अक्षरको झ्याउरे लयमा आबद्ध भई रचिएका छन् । १६ अक्षरको लय वधान यस गीतसङ्ग्रहमा अन्यत्र पनि आएका छन् । तर तिनमा यस्तो सचेतता पाइँदैन र झ्याउरे लयलाई जीवन्तता दिन सकेका छैनन् । १६ अक्षर भए पनि झ्याउरे लयभित्र राख्न नसकिने गीतांशलाई यसरी देखाउन सकिन्छ ।

*सत्य नै हो भने पनि-सत्य भुलाउन खोज्छु*
*झरेको हाँगामा फूल-फेरि फुलाउन खोज्छु ।*

(सम्झी सम्झी रुन्छु, पृ.१२)

यहाँका पङ्क्तिमा अक्षरहरूको गणना गर्दा १६ अक्षर नै छन् तर पनि यसलाई झ्याउरे लयभित्र राख्न सकिदैन । यसरी झ्याउरे लयको नजिक पुगे पनि त्यसभित्रको लयगत जीवन्तता भने सचेतरूपमा आएको छैन ।

थापाका गीतमा छेकाउनुप्रास, वृत्यानुप्रास, आद्यानुप्रास, मध्यानुप्रास तथा अन्त्यानुप्रासले आन्तरिक लय स्थापना गरी गीतलाई गेयात्मक बनाएको छ । यी अनुप्रासको प्रयोग यिनका गीतहरूको स्थायी तथा अन्तरा दुवै ठाउँमा पाउन सकिन्छ ।

*यौटा फूल फुल्दैमा- वन हाँस्दैन*
*यौटा ओठ हाँस्दैमा - देश हाँस्दैन ।*

(हिमालको छड्के टोपी, पृ.७) ।

यस अंशमा दुवै हरफको आदि भागमा यौटा शब्दको प्रयोग भई आद्यानुप्रासको सिर्जना भएको छ भने मध्यभागमा फुल्दैमा/हाँस्दैमा आएको छ तथा हाँस्दैन अन्त्यानुप्रासको सुन्दर समायोजन गरी लयात्मक स्थिति पैदा भएको छ । सम वृत्यात्मकताले पनि लयलाई माथि उठाउँछ । अन्त्यमा समवृत्त शब्द संयोजनबाट लय सिर्जना भएको गीतांशलाई हेरौं -

*अध्यारोमा बस्नेलाई- उज्यालोको डर*

*उज्यालोमा बस्नेलाई-आफ्नै ठूलो भर*

(सुख बाँडे दोब्बर, प ९७ )

माथिको उदाहरणमा प्रत्येक हरफमा समानरूपले शाब्दिक वितरण भई सम वृत्यात्मक लय सिर्जना भएको छ । गीतलाई अझ बलियो र सशक्त मिठासपूर्ण स्वर अन्त्यानुप्रासले बनाउँछ । थापाका अन्त्यानुप्रास मिलेका थुप्रै गीतहरू छन् । अत्यानुप्रासको संयोजनबाट लय सिर्जना भएका केही उदाहरण हेरौँ-

(क) *पोहर साल खुसी फाट्दा-जतन गरी मनले टालें*

*त्यही साल माया फाट्यो-त्यसलाई पनि मनले टालें ।*

(यसपाली त मनै फाट्यौ , पृ. २)

(ख) *मलाई दिएको चोट नै- आदेखि मेरो गुरु भयो*

*तेरो त पालो सकियो अब- मेरो पालो शुरु भयो ।*

(मेरो पालो शुरु भयो, पृ. १०)

माथिका उदाहरण क, ख मा अन्त्यानुप्रासको राम्रो संयोजनले गीतका शब्दमा नै सङ्गीत भरिएका छन् र लयात्मकता बनेका छन् ।

लोकलयभित्र देखापर्ने झ्याउने लयझैं सवाइ लय पनि एक हो । सवाइ लयभित्र ४+४+४+२=१४ अक्षर हुन्छन् । यस गीतसङ्ग्रहमा १४ अक्षर भएका गीतका हरफहरू पनि आएका छन् तर त्यस्ता गीतहरूमा सवाइ लयको जुन गेयता हो त्यो भने राम्ररी झल्कदैन । १४ अक्षर भएका तर सवाइ लय नै भन्न नसकिने स्वरूपको गीतांशलाई यसरी देखाउन सकिन्छ -

क) *आँसु पिउँदै नपिई - फुल्ने पनि सयौँ छन*
*वसन्तले चुम्दा पनि, नफुल्नेहरू कयौँ छन्*
*वाढीभित्र पसेर-फर्केकालाई के थाहा*
*किनारमै पनि यहाँ- मान्छे डुबेको छ ।*

(घाउँ त साम्य भयो भयो' पृ.४)

ख) *लाग्छ घाउँ यतातिर बग्छ रगत अन्त*
*छाती दुख्दा उतातिर रुन्छ यता मन त*
*सोची मन. कहाँनिर फरक छ भेष*
*माटो हो कि मान्छे हो कसलाई भन्ने देश ।*

(जानकारीको शिरैमा, पृ. १६)

माथिका 'क' र 'ख' उदाहरणमा प्रत्येक हरफमा १४ अक्षरको संरचना छ । तर यहाँ १४ अक्षर भएर पनि सवाइ लक्ष्यलाई समात्न सकेको छैन । गीतकार थापा लोकलयभन्दा आधुनिक लयलाई जोड दिएर लख्ने गीतकार हुन् । यति हुँदा-हुँदै पनि थापाका गीतको आन्तरिक लय भने अत्यन्तै सशक्त र जीवन्त भएर आएको छ ।

गीतकार राजेन्द्र थापाको यस गीतसङ्ग्रहका गीतहरूको लयात्मकलतालाई हेर्दा के निष्कर्षमा पुगिन्छ भने उनले लोकलय भन्दा आधुनिक लयलाई आत्मसात गरी गीत रचना गरेका छन् । यिनका गीत स्वरलयात्मक गेयता भन्दा ध्वनिलयात्मक गेयतालाई ध्यान दिएका छन् । यिनका गीतमा अत्यानुप्रासको सफल प्रयोग पाइन्छ । यिनले लयका विविध ढाँचालाई अवलम्बन गरी गीत रचना गरेका छन् । बद्धलयभन्दा मुक्त लयमा बढी जोड दिएका छन् । विभिन्न अनुप्रासको प्रयोगले यिनका गीतहरूम लयात्मकता र साङ्गीतिकताको झङ्कार भरिएको छ । यिनका गीतहरूमा कवितात्मक लय पनि पाइन्छ ।

## ४.२.४ भाषाशैली

गीत भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कलाविशेष हो । गीतले अस्तित्व भाषाकै सहयोगबाट प्राप्त गर्छ भन्ने श्रोता तथा पाठहरू गीतको अर्थ भाषामा नै सुनेर लगाउँछन् । समालोचकहरूले पनि गीतको व्याख्या तथा विश्लेषण गर्दा भाषाको सहयोग लिनुपर्छ । गीतलाई सङ्गीतात्मक बनाउन पनि भाषाकै स्वर तथा व्यञ्जनवर्णहरूका भूमिका महत्त्वपूर्ण हुन्छ । गीतमा विम्ब तथा प्रतीकहरूको अस्तित्वका सन्दर्भमा होस् वा शैलीका प्रयोगका सन्दर्भमा सबै

भाषाले बहन गर्ने भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ ।[ज्ञद्दघ] भाषाकै माध्यमबाट गीत रचिने हुनाले भाषा गीतिप्रवाहको बाहन हो । शब्द र भावनाले मात्र गीत नबन्ने भएकाले भावप्रवाहका लागि भाषा आवश्यक मानिन्छ ।[ज्ञद्दद्ध] अतः गीतलाई हृदयग्राह्य बनाउन गीतमा मार्धुय गुणसम्पन्न सरल, सरस शब्दहरूका चयन गरी कथ्य एवम् स्तरीय भाषाको सुसंयोजन गर्दै सरल शैलीको प्रयोग गर्नुपर्छ । भाषाले गीतको भाव र लयका साथै शैलीको बहन गर्दछ ।

गीतकार राजेन्द्र थापाका गीतमा पनि भाषा प्रयोगमा सरलता पाइन्छ । तत्सम, तद्भव, आगन्तुक तथा ठेट नपाली शब्दहरूको उचित संयोजन गर्दै गीतलाई साङ्गीतिक बनाउने प्रयास यिनका गीतमा पाइंन्छ । अन्तर अनुप्रास, अन्त्यानुप्रास र तुकबन्दीहरूले यिनको भाषा हृदयग्राह्य बनेका छ । अधिकांश गीतमा ध्वनि लयात्मक वर्णहरूको संयोजनले भाषालाई सुन्दर बनाएको छ । श्रव्यलाई श्रुतिसुखद तुल्याउन सहजभाव झल्किने कोमलकान्त पदावलीको सिर्जना यिनले गरेका छन् । यिनी चलनचल्तीका भाषामा बढी जोड दिन्छन् भने लक्षणा र व्यञ्जना झल्किने पङ्क्तिहरूको बढी प्रयोग गर्छन् । असम्प्रेष्य तथा कठिन शब्द संयोजन यिनका गीतमा कतै-कतै पाइन्छ । नेपाली जनमानसकै मन मस्तिष्कमा पचिसकेका सरल भाव तथा लयलाई ग्रहण गर्ने शब्द, शब्दावलीको प्रयोगमा जोड दिएका कारणले नै यिनका गीत बढी मर्मस्पर्शी र हृदयग्राह्य बनेका छन् । गीतका स्थायी तथा अन्तराभागमा आउने अन्त्यानुप्रासको सुसंयोजन वितरण तथा तुकबन्दी भाषाको प्रयोगले गर्दा यिनका गीतमा मीठास आउँछ । भाषालाई अनेक तरिकाले प्रस्तुत गर्न सकिने भएकाले गीतकार थापाले पनि आफ्ना गीतमा कतै प्रश्नात्मक कथन, कतै उपदेशात्मक र कतै सम्वादात्मक शैलीलाई अवलम्बन गरेका पाइन्छ ।

प्रश्नात्मक भाषाशैलीलाई अबलम्बन गरी लेखिएको एउटा गीतांश पुष्टिका लागि हेरौं -

*तेरो यो जात मेरो यो जात*
*आमाको काखको कुन हो जात ?*
*नेपाली भै जन्मेपछि*
*नेपालकि अर्को कुन छ जात ?*

(तेरो यो जात मेरो यो जात, पृ.११०)

---

[ज्ञद्दघ] कृष्णहरि बराल, पूर्ववत् , पृ. ५२ ।

[ज्ञद्दद्ध] कृष्णहरि बराल, **गीत संक्षिप्त चिनारी** , पूर्ववत् , पृ. १४ ।

प्रस्तुत पङ्क्तिको अन्त्यमा आएको प्रश्नवाचक चिह्न र हरफको सोधाइले प्रश्नात्मक भाषाशैलीलाई मूर्तता प्रदान गरेको छ । प्रश्नात्मक शैली प्रस्तुत गीतसङ्ग्रहभित्र एघारवटा गीत (पेज ३८, ४६, ८५, ८७, ९०, ९४, ९५, ९६, १०१ र ११०) हरूमा गरिएको छ ।

उपदेशात्मक भाषाशैलीको प्रयोग पनि गीतकार थापाले गरेका छन् । देशप्रेम, मायाप्रेम तथा पीडा व्यक्त गरिएका गीतहरूमा यस किसिमका भाषाशैलीका कतै-कतै प्रयोग गरेका छन्; उदाहरणका लागि -

*आगो लगाई पानी नखन्याऊ*  
*जुन बाली शीत नखन्याऊ*  
*माया लगाई आँशु नखन्याऊ*  
*बढेको ज्वालामा पानी नखन्याऊ*

(आगो लगाई पानी नखन्याऊ, पृ. १७)

गीतकार थापाका गीतहरूमा वर्णनात्मक भाषाशैलीका प्रयोग पनि पाइन्छ । यस्ता गीतहरूमा आफ्ना मनका भावनाहरू स्वगतकथनमा पोखिएका हुन्छन् । 'म' पात्रद्वारा भनिएको वर्णन जति जीवन्त र उच्च छ त्यति 'म' देखि अन्यपात्रद्वारा गरिएका वर्णन पाइँदैन । यसरी वर्णनात्मकतालाई जीवन्तता दिएको पङ्क्तिलाई उदाहरणका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

*फूलै फूलको लहरमा दोष लाग्ला भनेर*  
*भमराको शहरमा होश जाला भनेर*  
*के यस्सो मैले बोलेँ कुरो फैलेछ*  
*गुनकेशरी हो गनुकेसरी*  
*चारैतिर गुनकेसरी*

(गुनकेसरी गनुकेसरी, पृ. ९३)

यहाँ आएका 'म' पात्रले बोलेको कुरा वर्णनात्मक रूपमा प्रस्तुत भएको छ । संवादात्मक भाषाशैलीको प्रयोग पनि गीतकार थापाले गरेका छन् । दुई वा दुईभन्दा बढी पात्रका बीच हुने कुराकानी नै संवादका रूपमा हुने हुनाले यस्ता संवादमा बढी प्रणयजन्य क्रिया प्रतिक्रियालाई नै समावेश गरिएको हुन्छ गीतलाई संवादका रूपमा प्रयोग गरिएको नमुना यसरी देखाउन सकिन्छ -

*पु:	किन मुहारमा शीत छम्केकी*
*किन हावामा सुवास गम्केकी*
*चन्द्रमुखी भई चम्केकी किन गम्केकी*
*स्त्री :	मस्त निदाएकी कोपिलालाई*
*किन विउँझायौ- रहर जगाई*
*घरीघरी नै चलाई किन मलाई*

(छुन्छ भँवरा रिसाउँछे फूल, पृ. ६५)

संवादात्मक शैलीमा रचना गरिएका प्रस्तुत सङ्ग्रहमा ६ वटा गीतहरू (पेज १०६, १०४, १०१, ८६, ८२ र ६५) रहेका छन् ।

गीतकार थापाका भाषाशैलीमा विविधता पाइन्छ । भाषालाई सरल सम्प्रेष्य र अर्थगाम्भीय बनाउन यिनी सचेत छन् । अनुप्रास, गति, यतिका साथ प्रयोग गरिनु र वर्णनात्मक, प्रश्नात्मक, उपदेशात्मक तथा संवादात्मक भाषाशैलीको प्रयोग गरी पाठकहरूका हृदय जित्न सफल हुनु यिनको विशेषता पाइन्छ । लघु र मध्यम आकारका संरचनामा आबद्ध भएका यी गीतहरूको भाषा सरल भएर पनि मार्मिक र व्यञ्जनात्मक छ । शीर्षक र भावलाई गेयात्मकस्तरमा लैजान यिनी सधैं प्रयत्नशील रहेका छन् ।

## ४.२.५ कथनपद्धति

कथनपद्धति भन्नाले गीतमा प्रस्तुत गरिने वक्ता र श्रोताबीचको सवाई वा मेल भन्ने बुझिन्छ । गीत कसैले कसैलाई सम्बोधन गरी लेखिएको हुन्छ । गीतमा सम्बोधन गर्ने व्यक्ति कथयिता र सम्बोधन गरिने व्यक्ति श्रोता वा पाठक हुन्छ । यदि श्रोता तथा वक्ता गीतमा उल्लिखित छन् भने ऊ पनि सम्बोधित तथा कथयिता हो तर पनि गीतको वास्तविक सम्बोधित धेरै श्रोता र थोरै पाठक तथा कथयिता चाहिँ गीतका स्वयम् नै हुन्छ । यस स्थितिमा गीतमा स्वयम् कथयिताले आफूलाई प्रस्तुत गर्ने परिपाटी व्यापक बनिदै गएको छ र कथयिता प्रथम पुरुषका रूपमा ज्यादा प्रकट हुन थालेको छ ।[ज्ञद्दछ] गीतमा गीतकारले अरूलाई सम्बोधन गरेर

[ज्ञद्दछ] विदुरप्रसाद, पूर्ववत् , पृ. १०८ ।

या नगरी जसरी प्रस्तुत गरे पनि आफूलाई नै प्रकट गरेको हुन्छ । गीतमा श्रोतालाई सम्बोधन गरी आफ्ना अनुभूतिहरू व्यक्त गरिएको हुन्छ । त्यसैले गीत पाठ्यरूपमा भन्दा श्रव्यरूपमा सजीव र सशक्त भएको हुन्छ । गीतकार थापाका यस गीतसङ्ग्रहका गीतहरूमा कथयिता प्रथम पुरुष रहेको पाइन्छ । प्रथम पुरुष प्रधान कथयिताले कतै भावात्मक आत्मकथन र कतै श्रोतापरक सम्बोधनको पद्धति अपनाएको देखिन्छ । थापाका ६ वटा गीतहरू संवादात्मक कथनपद्धतिमा लेखिएका छन् ।

गीतकार थापाले **यस पाली त मनै फाट्यो** गीतसङ्ग्रहको केही गीतहरूमा प्रथम पुरुष कथयिताले द्वितीय पुरुषलाई सम्बोधन गरेको छ भने केही गीतहरूमा प्रथम पुरुष कथयिताले तृतीय पुरुषलाई सम्बोधन गरेको पाइन्छ । त्यसैगरी केही गीतहरूमा प्रथम पुरुष कथयिताले तृतीय पुरुषलाई सम्बोधन गरेको छ भने केही गीतहरूमा प्रथम पुरुष कथयिता भएर पनि सम्बोधित व्यक्ति छैन । संवादात्मक कथनपद्धति अपनाएका गीतहरूमा केटा र केटीका दोहोरो भाका प्रयोग गरिएको छ । प्रथम पुरुष कथयिताले द्वितीय पुरुष कथयितलाई सम्बोधन गरिएका गीतहरू 'म त्यहाँ उभिन्न', 'माग्दैन माटोले', 'तेरो यो जात मेरो यो जात', 'गडबड गडबड गरुँ गरुँ लाग्यो है', 'साउन भदौ खेल्ने ठाउँ', 'ठग्यो दैवले' आदिलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । प्रथम पुरुषले तृतीय पुरुषलाई सम्बोधन गरिएका गीतहरूमध्ये हात बढाऔँ उसलाई, 'उडेर आए सलहका हुल', 'चुपचाप लाग्नु वेश', 'शिखरलाई नाघ्छु भनी' आदिलाई उदाहरणका रूपमा देखाउन सकिन्छ ।

प्रथम पुरुष कथयिता भएर पनि सम्बोधित नगरिएका गीतहरूमा कथयिता एकालापका रूपमा रहेको छ । यस्ता गीतहरूमा हर्ष, चिन्ता, भय, हाँसो, खुसी र जीवनसम्बन्धी आशा, निराशा, र पीडा व्यक्त गरिएका छन् । ती गीतहरूमध्ये केही गीतहरू उदाहरणका रुपमा दिन सकिन्छ -'यस पाली त मनै फाट्यो', 'यो हृदय', 'सम्झी सम्झी रुन्छु', 'भीरमा उनिनु त्यो एउटा कुरा', धेरै धेरै कुराहरू', 'पिइरहेँ', 'पतकरसरि हुरीमा' आदि हुन संवादात्मक कथनपद्धतिमा रचना गरिएका गीतहरू 'छुन्छ भँवरा रिउँछे फूल', 'अचेलभरि' , 'माथि हेर चन्द्रमा', 'उजुरी छ उजुरी छ', 'तिम्रो मायाले' र 'गडबड गडबड गरुँ गरुँ लाग्यो है' हुन् ।

थापाका गीतमा प्रस्तुतीकरणका दृष्टिले मुख्यतः सम्बोधनात्मक, संवादात्मक, मनोवादात्मक, प्रश्नात्मक र एकालापीय कथनपद्धतिको प्रयोग गरिएको छ । विविध कथनपद्धति भएर पनि उनका सबै गीतहरू सशक्त र सहज प्रस्तुतीकरणमा समेटिएका छन् ।

## ४.२.६ निष्कर्ष

**यस पाली त मनै फाट्यो** गीतिसङ्ग्रह गीतकार राजेन्द्र थापाद्वारा २०३० सालदेखि २०५३ सालसम्म रचना गरिएका विविध विषयवस्तु समेटिएका १०९ गीतहरू सङ्कलन गरी साझा प्रकाशनले २०५३ सालमा प्रकाशनमा ल्याएको हो । प्रस्तुत गीतिसङ्ग्रहमा सङ्गृहीत गीतको शीर्षकबाट नै गीतिसङ्ग्रहको शीर्षक राखिएको छ । राजेन्द्र थापाले २०२६ सालबाटै गीत रचना गर्न थाले पनि यस सङ्ग्रहमा २०३० भन्दा अगाडि रचना गरिएका गीतहरू समावेश गरिएका छैनन् । प्रस्तुत सङ्ग्रहका गीतको शीर्षकबाटै सामान्य भाव बुझ्न सकिन्छ । गीतकार राजेन्द्र थापाले यस सङ्ग्रहका गीतहरूमा देशप्रेम , प्रकृतिप्रेम, कारुणिकता, सामाजिक यथार्थ, प्रगतिशील स्वर, प्रेमका संयोग र वियोग अवस्था अनि मानसिक कुण्ठाका विविध अवस्थाहरूलाई सरल र मार्मिक तरिकाले प्रस्तुत गरेका छन् । प्रस्तुत गीतिसङ्ग्रहमा स्पष्टसँग प्रेमविषयक देशभक्तिविषयक र जीवनविषयक आदि विभिन्न पक्षहरू देखाउन सकिन्छ । उनले यी गीतहरूमा आफूले देखेका, भोगेका, अनुभव गरेका विषयवस्तुलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका गीतमा राष्ट्र र राष्ट्रियताप्रतिको मायाप्रेम र देशभक्ति पाइनुका साथै राष्ट्रप्रति श्रद्धा प्रकट गरिएको पाइन्छ । उनका गीतमा हिमाल उठेको र नेपाल बोलेको पाइन्छ र प्रकृतिको मानवीकरण समेत गरिएको पाइन्छ । उनले विभिन्न प्रसङ्गलाई अर्थ्याउन र स्पष्ट पार्न प्रकृतिका विभिन्न रुपलाई प्रयोग गरेका छन् । उनका गीतहरूमा यथार्थ अनुभूति छ । ठूला दार्शनिक विचारको आग्रह त्यहाँ छैन तर जीवनका मर्म, सुख, पीडा र आनन्दका भावनाको रचना गरेर उनका गीतमा ऐन्द्रिक र भावगत संवेदनाहरूको प्रभावकारी रचना पाइन्छ । उनले प्रणयका संयोग र वियोगावस्थाभित्र देखापर्ने विविध सन्दर्भ र अवस्थाहरूको चित्रण गरेका छन् । उनका केही गीतहरूमा वाध्यता विवशता आदिका कारण उत्पन्न आँसुको पोखरी देख्न सकिन्छ र मनका विविध अवस्थाको चित्रण गरेको पाइन्छ ।

गीतकार राजेन्द्र थापाले आफ्नो गीतको छुट्टै शैली बनाइसकेका छन् । उनका गीतिशैलीको विकास नेपाली लोकलय र मुक्तक-कविताका बीचबाट भएको पाइन्छ । थापाको **यस पालि त मनै फाट्यो** गीतिसङ्ग्रहले नेपाली गीत साहित्यको फाँटमा एउटा स्पष्ट प्रतिष्ठित र उच्च मूल्यको स्थापना गरेको छ । नेपाली साहित्यको चुलीमा थप चुलीको निर्माण भएको छ । नेपाली माटो, नेपाली पाखा र मानव मनका प्रेम, आशा, निराशा र वेदनाको स्वाभाविक र ओजपूर्ण अभिव्यक्ति रहेको पाइन्छ ।

# पाँचौं पच्छिेद

## राजेन्द्र थापाका गजलसङ्ग्रहको अध्ययन

### ५.१ गजलको परिचय

#### ५.१.१ गजलको परिभाषा

गजल नेपाली साहित्यिक जगत्मा अत्यन्त प्रभावकारी काव्यविधाका रूपमा देखापरेको छ । वास्तवमा अचेल हरेक तह र तप्काका पाठक तथा श्रोताहरू गजल औधी मन पराउँछन् । गजललाई फारसी र उर्दू परम्पराको मुक्तक काव्यको एक भेद मानिएको छ । जसको मुख्य विषय प्रेम हुन्छ । यो उर्दू साहित्य जगत्को सर्वाधिक लोकप्रिय विधा  हो । बनोट र संरचनाका दृष्टिले यसको आफ्नै संरचनात्मक रूप छ, जसले गजललाई गीत र कविताभन्दा पृथक् गराउँछ ।[ज्ञद्दट] अर्को शब्दमा भन्ने हो भने गजल एक किसिमको शैली हो, भाव प्रकट गर्ने माध्यम हो । गजलमा २/२ पङ्क्तिका सेर हुन्छन् । यसमा सामान्यतः पाँचदेखि बाह्र सेर हुन्छन् भनिए तापनि यस सङ्ख्याको पालनामा कुनै कडा नियम छैन ।[ज्ञद्दठ]

गजल शब्दको उद्गम भाषिक भूमि अरबी हो । यो स्त्रीलिङ्गी शब्द हो । गजलको जन्म इशाको सातौं शताब्दीको उत्तरार्द्धमा अरबी धरतीमा भएको मानिन्छ । 'ग'+'ज'+ 'अल' गरी तीनवटा शब्दहरू मिलेर बनेको हो । अरबी भाषामा 'ग' को अर्थ'वाणी' , 'ज' को अर्थ स्त्री र 'अल' को अर्थ 'को' वा साथ हुन्छ । यस प्रकार संयुक्त रूपले गजलको शाब्दिक अर्थ हुन्छ - स्त्रीका साथ प्रयुक्त हुने वाणी अर्थात् स्वास्नी मान्छेसित गरिने वार्तालाप हो ।[ज्ञद्दड] मूलतः शृङ्गारपरक भाव प्रस्तुतिको अभिव्यक्तिमा जन्मिएको गजलको स्थायी भाव प्रेम मानिए तापनि युगानुरूपको समयसँगै आफूलाई अनुकूलित गर्दै आएको वर्तमानसम्मको गजल युग परिवर्तनका समसामयिक विषय र मानव अन्तर्मनका पीडा अभिव्यक्त गर्ने प्रभावकारी माध्यम बनेको छ ।

---

[ज्ञद्दट] कृष्णहरि बराल, **संदृष्टि** (समालोचनाको सङ्गालो) (काठ : साभ्रा प्रकाशन, २०५५) , पृ. ८२ ।

[ज्ञद्दठ] पूर्ववत् , पृ. ८२ ।

[ज्ञद्दड] रमेशकुमार श्रेष्ठ, 'प्रभात', **पूर्णिमकी जुन** (गजलसङ्ग्रह) (अप्र. एम्.ए. शोधपत्र, त्रि.वि. २०५८ ), पृ. २३ ।

साहित्यका हरेक विधाका आ-आफ्नै स्वरूप हुन्छन् । गजलको पनि विशेष किसिमको पृथक् रूप हुन्छ । गेयता सङ्गीतसँग अन्योन्याश्रितता, कोमलता, सुकुमारता, अभिव्यक्ति कौशल, उक्ति वौचित्रय, सुक्तिमयता, शैल्पिक प्राञ्जलता, लघुता, सूक्ष्मता वा भाव सघनता, विम्बमयता, प्रतीकात्मकता, अनुभूतिको तीव्रता, कल्पनाशीलता, लौकिकप्रेम, रोचक स्मृति, मनमोहक शब्द विन्यास, चमत्कार प्रधानता, लालित्यपूर्णता सरसता, सम्प्रेषणियता, प्रत्येक सेरहरूमा विषयवस्तुको स्वतन्त्रता, जीवनसापेक्ष प्रभावकारी प्रसङ्गको प्रस्तुति, मिसराहरूबीचको अन्तर्सम्बन्ध शिष्ट र शालीन भाषाको प्रयोगजस्ता विशेषताहरू गजलमा विद्यमान हुनु आवश्यक छ । यिनै विशेषताहरूको विद्यमानताले गर्दा नै गजल आकर्षक एवम् मनमोहक बन्न सक्दछ ।[ज्ञद्द]

साहित्यका अन्यविधाझैं गजल विधा बारे पनि विभिन्न टीकाटिप्पणी गर्नुका साथै यसलाई परिभाषित गर्ने प्रशस्त प्रयासहरू पनि भएका छन् । कृष्णहरि बरालका अनुसार 'भाव, कल्पना, विम्ब तथा प्रतीक आदिका प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरिने यस्तो काव्यहरूलाई गजल भनिन्छ, जसमा एउटै छन्दका तीन वा तीनभन्दा बढी स्वतन्त्र सेरहरू हुन्छन् ।[ज्ञघण] ललिजन रावलका अनुसार 'गजल भनेको कोमल र हार्दिक भावको सशक्त र संक्षिप्त अभिव्यक्ति हो' यसमा काफिया र लय अनिवार्य तत्त्वका रूपमा रहन्छन् । आधुनिकताका नाममा यी दुई तत्त्वलाई बिर्सन र बिगार्न मिल्दैन ।[ज्ञघज्ञ] नेपाली साहित्यकोशमा गजललाई यसरी परिभाषित गरिको छ - गजल अरबी भाषाको शब्द हो । गजलको शाब्दिक अर्थ हुन्छ स्त्रीका साथ प्रयुक्त हुने वाणी अर्थात् स्वास्नी मान्छेसित गरिने वार्तालाप । स्वास्नी मान्छेसित गरिने वार्तालापको अर्थ विस्तार भएर दुःख सुख र प्रेमप्रीतिका कुराकानीमा परिणत भयो कालन्तरमा गजल शब्दको अझै अर्थोन्नति भएर यो प्रेमिकासित नै वार्तालापको प्रसङ्गमा रूढ हुन गयो । सङ्क्षेपमा भावार्थ र रूढार्थअनुसार भन्ने हो भने गजल भनेको प्रणय कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सुललित अभिव्यक्ति हो, यस अर्थानुसार गजल झण्डै

[ज्ञद्द] डा. घनश्याम न्यौपाने 'परिश्रमी' **गजल सौन्दर्य मीमांशा** (रुपन्देहीः सनसाइन आवासीय उ.मा.वि., २०६४) पृ. १ ।

[ज्ञघण] पूर्ववत् , पृ. ११ ।

[ज्ञघज्ञ] पूर्ववत् , पृ. १० ।

व्यक्तिवादी काव्य रूप हो ।[ज्ञघ६] नेपाली बृहत् शब्दकोशका अनुसार 'उर्दू र फारसीमा लेखिने नायिकाको सौन्दर्य र उसप्रतिको प्रेमको वर्णन हुने त्यस्तो कविता भेद जसमा पाँचदेखि एघारसम्म सेर हुन्छन् । सबै सेर एउटै रदिफ र काफियामा रचिएका हुन्छन् र प्रत्येक सेरको विषय भिन्न  हुन्छ । पहिलो सेर मतला कहिन्छ र यसका दुवै मिसरा सानुप्रास हुन्छन् अनि अन्तिमसेर मक्ता कहिन्छ र यसमा शायरले आफ्नो उपनाम प्रस्तुत गर्दछ ।[ज्ञघघ]

विगत उर्दू साहित्यमा विद्वान्हरूले गजललाई प्रेयसीसितको कुराकानीको साँघुरो अर्थमा परिभाषित गर्दै आए पनि अहिले आएर यो विद्याको विषय व्यापक मात्रै छैन । समसायिक अभिव्यक्तिका लागि प्रभावशाली माध्यमको रूपमा पनि सर्वप्रिय भइसकेको छ अन्यथा ठूला-ठूला नेता तथा विद्वान्हरूको भाषण र मन्तव्यले पनि पार्न नसकेको प्रभाव गजलले हिजोआजा कसरी पार्न सक्थ्यो होला अहिलेका गजलमा अहिलेकै युग प्रतिबिम्बित भइरहेको देख्दा अहिलेको गजल समाजको ऐना जस्तो भइदिएको छ ।[ज्ञघद्ध]  गजल अत्यन्त सम्वेदनशील र तीक्ष्ण विधा हो, यसमा सूक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ ।

गजल शीर्षकहीन हुन्छ । नबुझ्नेहरूले वा बुझेर पनि प्रयोग गर्न चाहनेहरूले गजलमा पनि शीर्षक राख्ने गरेको पाइन्छ । वस्तुतः गजलयस्तो काव्यविधा पनि हो जसका प्रत्येक सेरहरू कलापक्षका दृष्टिले एक आपसमा आबद्ध हुन्छन् । गजलको आफ्नै सिङ्गो भाव, विचार वा विषयवस्तु हुँदैन । यसर्थ एउटा गजलमा जतिवटा सेर छन् त्यति नै पृथक्-पृथक् भावयुक्त कथ्य हुन्छन् । शीषर्क यस्तो तत्त्व हो जसले कुनै पनि लेख रचना वा कृति विशेषको समग्र भावलाई एकमुष्ट रूपमा इङ्गित गरेको हुन्छ । हरेक सेर स्वतन्त्र हुँदैनन् अतः गजललाई कुनै एउटा मात्र शीर्षकमा बाध्नु उचित मानिँदैन गजललाई गजलका अतिरिक्त अन्य कुनै शीर्षक दिनु भनेको कविता वा गीत बनाउन खोज्नु मात्र हो । गजललाई गजल नै भन्नुपर्छ यो परम्परादेखि नै चल्दै आएको चलन हो र काव्यशास्त्रीय मान्यता पनि हो । [ज्ञघछ] साहित्यका विविध

---

[ज्ञघ६] ईश्वर वराल र अन्य (सम्पा.) **नेपाली साहित्य कोश**, (काठः ने.रा.प्र.प्र., २०५५) पृ. २५२ ।

[ज्ञघघ] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** छै.सं. (काठः ने.रा.प्र.प्र., २०६०) पृ. ३०० ।

[ज्ञघद्ध] ज्ञानुवाकर पौडेल (भूमिका), **सहने कै छाती अचानो**, (काठः सा.प्र., २०६२) , पृ. ८९ ।

[ज्ञघछ] डा. घनश्याम न्यौपाने 'परिश्रमी', पूर्ववत् , पृ. १० ।

विधाहरूमध्ये गजल एक पद्य विधा हो । साहित्यका अन्यविधाजस्तै गजलको पनि आफ्नै संरचनात्मक विधान हुन्छ । गजलको संचना विशिष्ट पङ्क्तिहरूको पुञ्जबाट पूर्ण हुन्छ । गजललाई पूर्णता प्रदान गर्न आउने तत्त्वहरू सेर, मतला, मकता, रदिफ, काफिया र तखल्लुस हुन् । यस्ता पङ्क्ति पुञ्जहरूले गजललाई गेयात्मक, रसात्मक आलङ्कारिक र श्रुतिमधुर बनाउने काम  गर्दछन् ।

## ५.१.२ गजलको संरचना र तत्त्वहरू

गजल विशेष प्रकारको बनोटका कारण साहित्यका अन्यविधाबाट स्पष्टसँग अलग्गिन्छ । यसलाई निम्न बुँदाहरूमा चर्चा गरिन्छ ।

**क) सेर**

गजलमा दुई-दुई पङ्क्तिका विभिन्न गुच्छहरू हुन्छन् र त्यस्ता पङ्क्तिगुच्छहरूलाई सेर भनिन्छ । सेर अरबी भाषाको शब्द हो र यसको शाब्दिक अर्थ कपाल हुन्छ । गजलमा भएका सेरहरूमा विषयवस्तुको विकास क्रमबद्ध रूपमा अगाडि बढेको पनि हुन सक्छ भने सबै सेरहरू स्वतन्त्र प्रकारका वा भिन्न-भिन्न विषयवस्तु प्रयोग गरिएका पनि हुन   सक्छन् । सबै सेरमा एउटै विषयवसतु क्रमबद्ध रूपमा अगाडि बढेको छ भने यस्तो गजललाई 'मुसलसरल' र एउटै विषयवस्तुको किवास नभई भिन्न-भिन्न विषयवस्तुको प्रयोग भएको छ भने गैर मुसलसल' भनिएको पाइन्छ । यस्तै गजलमा भएका सेरहरूमध्ये सबैभन्दा राम्रो सेरलाई 'हासिलसे गजलसेर' भनिन्छ । गजलमा सेरहरूको सङ्ख्या सामान्यतः पाँचदेखि एघारसम्म हुन्छन् भनिएको पाइए तापनि यस्तो कडिकडाउ नियम भने कतै भेटिँदैन । के कुरा चाहिँ सत्य हो भने गजलमा सेरको सङ्ख्या धेरै भयो भने यसमा वस्तुपरकताको प्रवेश हुने सम्भावना धेरे हुन्छ भने चारभन्दा कम्ति सेर पनि गजलमा हुनु राम्रो हुँदैन । [ज्ञघट]

**ख) मिसरा**

---

[ज्ञघट] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, (काठः विद्यार्थी पुस्तक भण्डार, २०६०) , पृ. ३१६ ।

हरेक सेरको प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ भने पहिलो पङ्क्तिलाई ‘मिसरा-ए-उला’ र दोस्रो पङ्क्तिलाई ‘मिसरा-ए-सानी’ भनिन्छ । [ज्ञघठ]

**ग) मतला**

गललको पहिलो सेरलाई मतला, मत्ला भनिन्छ । मतलाको शाब्दिक अर्थ ‘उदय हुनु’ वा ‘आरम्भ हुनु’ भन्ने हुन्छ । [ज्ञघड] मकता गजलको अन्तिम सेरलाई मकता, मक्ता भनिन्छ मकताको शाब्दिक अर्थ ‘काटिएको’ भन्न हुन्छ यसमा गजलकारले आफ्नो उपनाम पनि प्रयोग गरेको हन्छ । यदि उपनाम प्रयोग गरिएको छैन भने यसलाई मकता नभन अन्तिम सेर नै भन्नुपर्छ । [ज्ञघढ]

**घ) काफिया**

काफिया अरबी भाषाको पुलिङ्गी शब्द हो र यसको शाब्दिक अर्थ बारम्बार आउने भन्ने हुन्छ । काफियाको अर्थ अनुप्रास वा तुक हो । गजलको मतला भागमा भएका उर्दू मिसरामा काफियाको प्रयोग अनिवार्य हुन्छ भने अन्य सेरहरूमा दोस्रा दोस्रा पङ्क्तिमा पनि यसको प्रयोग आवश्यक हुन्छ । यदि गजलको दोस्रो सेरका दुवै पङ्क्तिमा पनि काफियाको प्रयोग भएको भए यसलाई ‘हुस्ने मतला’ वा ‘मतला-ए-सानी’ भनिन्छ । काफिया गजलका लागि अनिवार्य मानिन्छ ।[ज्ञद्धण]

**ङ) रदिफ**

प्रत्येक सेरमा काफियाका पछाडि दोहोरिने शब्द वा शब्द समूहलाई रदिफ भनिन्छ । रदिफ अरबी शब्द हो र यसको शाब्दिक अर्थ ‘घोडा वा उँटमा पछाडि बसेको व्यक्ति’ तथा गजलमा काफियाभन्दा पछि आउने शब्द भन्ने हुन्छ । गजलमा रदिफ मतला भागमा भएका दुवै सेरमा तथा अन्य सेरहरूका दोस्रा-दोस्रा पङ्क्तिमा काफियाको प्रयोग पछि आउने गर्छ र

---

[ज्ञघठ] कृष्णहरि बराल, पूर्ववत् , पृ.३१६ ।

[ज्ञघड] पूर्ववत् , पृ. ३१६ ।

[ज्ञघढ] पूर्ववत् , पृ. ३१७ ।

[ज्ञद्धण] कृष्णहरि बराल पूर्ववत् , पृ. ३१७

रदिफ प्रयोग भए नभएका आधारमा गजललाई 'मुरद्दफ' र 'गैर मुरद्दफ' गरी दुई भागमा बाँडिएको पाइन्छ । रदिफ प्रयोग गरिएको गजललाई गैरमुरद्दफ भनिन्छ । गजलमा रदिफलाई अनिवार्य मानिँदैन तर रदिफको प्रयोगले गजललाई आकर्षक र सङ्गीतात्मक चाहिँ बनाउँछ ।[ज्ञद्धज्ञ]

**च) तखल्लुस**

गजलकारको उपनामलाई तखल्लुस भनिन्छ । गजलकारले सामान्यतः गजलको अन्तिम सेरमा तखल्लुस प्रयोग गर्ने गर्छ । यसलाई गजलका लागि अनिवार्य मानिँदैन तर यसले गजल कसको हो भन्ने चिनाउने कार्य चाहिँ गर्ने गर्छ ।[ज्ञद्धद]

## ५.२ राजेन्द्र थापाका गजलसङ्ग्रहको अध्ययन

नेपाली गीत सिर्जनाका क्षेत्रमा आफूलाई सशक्त र लोकप्रिय गीतकारका रूपमा स्थापित गराइसकेका राजेन्द्र थापा एक सफल गजलकार पनि हुन् । गीत हुन् या गजल हुन् दुवै विधामा उनी आफ्नो मौलिक पन र झर्रो स्वाद दिन सिद्धहस्त छन् । नेपालका गाउँघरमा बोलिने ठेट नेपाली शब्दहरूलाई आफ्ना सिर्जनामा सुन्दर ढङ्गले लयबद्ध गर्न सिपालु राजेन्द्र थापाले गजलमा पनि नेपालीपनको लयबद्धता दिने प्रयास गरेका छन् । गीतिसङ्ग्रह प्रकाशन भएको झण्डै एक दशकपछि थापा गजल क्षेत्रमा देखापरेका हुन् । थापाका हालसम्म तीनवटा गजलसङ्ग्रह प्रकाशित भएका छन् ती हुन्- **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२), **सहनेकै छाती अचानो** (२०६२) र **बाटोले अब मान्छे हिँड्छ** (२०६४) आगामी खण्डमा यिनै गजलसङ्ग्रहको अलग-अलग शीर्षकमा विवेचना गरिएको छ ।

### ५.२.१ सूर्जे पनि अस्ताउन मात्रै गजलसङ्ग्रहको विवेचना

[ज्ञद्धज्ञ] पूर्ववत् , पृ. ३१७ ।

[ज्ञद्धद] पूर्ववत् , पृ. ३१७ ।

राजेन्द्र थापाको **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२) पहिलो प्रकाशित गजलसङ्ग्रह हो । यस सङग्रहमा थापाका २०६१ असोजदेखि २०६२ कार्तिकसम्म विभिन्न समयमा लेखिएका ६८ वटा गजलहरू समावेश गरिएका छन् । सुदूरपश्चिम प्रतिभा प्रस्फुटन कोशले २०६२ मङ्सिरमा प्रस्तुत गजलसङ्ग्रह प्रकाशन गरेको हो । २०६२ चैत्रमा दोस्रो र २०६४ श्रावणमा तेस्रो संसकरणसमेत प्रकाशन भएको छ । थापा जागिरेका क्रममा सुदूरपश्चिम गएपछि उनले त्यस ठाउँमा देखेका, भोगेका दु:ख, पीडा, सांस्कृतिक वातावरण, प्राकृतिक वातावरण सुदूरपश्चिमेलीहरूका विविध समस्याहरूलाई यथार्थपरक रूपमा यस सङ्ग्रहमा विभिन्न शीर्षकका माध्यमबाट उनले प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका गजलहरूलाई विविध विषयवस्तुका आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

**क) सामाजिक विषयमा आधारित गजल**

समाजका दृश्यप्रवृत्ति भएका व्यक्तिहरूको चित्रण थापाका गजलमा पाइन्छ । समाजले भोगेका पीडा, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, समाज सुधारको सन्देश र परम्परागत र रूढिगत मान्यताहरूको तीव्र विरोध यस सङ्ग्रहका गजलमा प्रस्तुत भएका छन् । उनका गजलमा समाजमा छोरीप्रति, पत्नीप्रति गरिने व्यवहार छाउपडिप्रथा आदिको चित्रण गरिएको पाइन्छ ।

सामाजिक विषयलाई आधार मानेर रचना गरिएका उनका गजलहरू यस प्रकार छन्- 'सूर्जे पनि अस्ताउन मात्रै' (पृ.१) , 'जति छिटो छिटो हाले नि रित्तो' (पृ.२), 'डयौडा नाच्नै बन्द गर है' (पृ.५), 'मान्छे चाहियो' (पृ.८), 'चढाउन सक्दिन माला म ' (पृ.९), 'मज्यैले'(प.११), 'कठै पशिचममा' (पृ.१४), 'मनमा नि लागेछ कुष्ठरोग' (पृ.३०), 'सगै हिड्दा पर्खिनु नै राम्रो' (पृ.३४) 'यौटै सगरमाथा चढूँ' (पृ. ५१) गजलहरू रहेका छन् ।

थापाका यी गजलहरूमा सामाजिक पक्षको चित्रण र वकालत गरिएको छ । उनका गजलहरूमा संस्कृतिले उब्जाएका विकृति, राज्यले सुदूरपश्चिम क्षेत्रप्रति गरेको व्यवहार, सुदूरपश्चिम पछाडि पर्नुका कारण र सुदूरपश्चिमलाई कसरी शिक्षित र विकसित बनाउन

सकिन्छ भन्ने धारणासमेत उनको गजलमा प्रस्तुत गरिएको छ । यस्ता भावहरूलाई प्रतिनिधित्व गर्ने उनका केही गजलहरू निम्न रहेका छन् ।

*सुर्जे पनि अस्ताउन मात्रै आउँछन् हाम्रो पश्चिममा*
*सुख पनि आउँदा आउँदै थाकि सक्छन् हाम्रो पश्चिममा*
*नपुगो'नि सपना देख्न पूर्वले पाउँछ' नि कम से कम*
*देख्न नपाई सपना सब भास्सिन्छन् हाम्रो पश्चिममा*

(सुर्जे पनि अस्ताउन मात्रै पृ.१)

शिक्षा, स्वास्थ्य, रोजगार र विकासका क्षेत्रमा पछाडि परेको पश्चिममा सूर्जे पनि अस्ताउनमात्रै आइपुग्ने, विकासका कामहरू र बजेट अस्ताउन लागेको सूर्जेजस्तै भएर सुदूरपश्चिच पुग्ने, पूर्वले सधैं विकासका कार्यक्रम पाउने, राज्यले पश्चिमलाई गरेको निकृष्ट व्यवहार चित्रण गरिएको छ ।

*पुस्ता थप्नु पर्ने बेलामा बाघले खान्छन् रे कठै पश्चिममा*
*शिरमा राख्नुपर्ने बेलामा गोठमा फाल्छन् रे कठै पश्चिममा*

*(कठै ! पश्चिमा , पृ.१४)*

शिक्षाका अज्ञानताका कारण कष्ठकर जीवनशैलीभित्रका पीडाहरू र सुत्केरी भएको बेलामा गोठमा राख्ने चलन अनि आमा र बच्चा दुवै खतराको स्थितिमा पर्ने गरेको दुःखदायी अवस्थाको चित्रण गरिएको छ ।

*नयाँ रिन लिएरै- दशैं मनाउने हो मज्यैले*
*अर्को दशैं भन्दा पहिल्यै -रिनै तिर्न्यै हो मज्यैले*
*अंशनै पाइन्या अंशमै -छाडिन्या रिनै थपरे*
*हुन्या-खान्या नै हौ भन्यार-देखाउन्यै हो मज्यैले*

*(मज्यैले, पृ. ११)*

रिन लिएरै जन्मिने र छोराको भागमा रिन छोडेरै जाने दयनीय अवस्थाका साथै महान् चाडका रूपमा मान्दै आएको बडादसैंका कारणले वर्षभरि रिनमा बस्नुपर्ने सांस्कृतिक विकृतिको उपज प्रस्तुत गरिएको छ ।

**ख) देशप्रेमसम्बन्धी गजल**

राजेन्द्र थापाको यस गजलसङ्ग्रहमा देशप्रेमको भावनाले ओतप्रोत भएका गजल पनि प्रशस्तै रहेका छन् । गृहयुद्धको कारणले देश, रणभूमिमा परिवर्तन भएको र आमाको पाठेघर खनेर कोही पनि माथि उठ्न नसक्ने कुरा गजलका माध्यमबाट प्रस्तुत गरेका छन् । मातृभूमिप्रति चिन्ता प्रकट गरेर सुन्दर शान्त नेपालको परिकल्पना गरेका छन् । यस सङ्ग्रहमा थापाका देशप्रमेको भाव छचल्किएका २ वटा गजल समावेश भएका छन् । ती हुन- 'कराइरहेछन् कौरव' (पृ.७) र 'यो मेरो घर' (पृ. १५)

*यो माटो सबको कमलो कलेजो-मान्छे काट्ने अचानो होइन*
*अब पनि कति बसीरहने हो - आफ्नै वंशजको लास गनी*
*कुटुम्बकै रगत भिजिरहेको यो -कुरुक्षेत्र पखाल्नलाई*
*कोइ न कोइ कृष्ण त आउनै पर्‍यो अर्जुनको सारथी बनी*

*(कराइरहेछन कौरव*, पृ.७)

देश गृहयुद्धमा फसेर रणभूमिस्थल भइरहेको र कुटुम्बहरूकै रगतले मातृभूमि भिजिरहेकोले देशप्रति चिन्ता व्यक्त गर्दै देशमा शान्ति छाउनुपर्ने कुरा व्यक्त गरिएको छ ।

**ग) राजीतिक विषयवस्तुमा आधारित गजल**

राजनीतिको नाममा सीधा सादा जनतालाई ढाँटेर मीठो आशा देखाई उच्च ओहदामापुग्ने राजनीतिज्ञ व्यक्तित्वमाथि यस सङ्ग्रहका गजलहरू चनाखा भई आएका छन् । राजनीतिले जन्माएको विकृति, विसङ्गति, राजनीतिक द्वन्द्वप्रति व्यङ्ग्य, सत्ताको होडबाजी, हानथाप र तानातान, गलत राजनीतिका कारणले देश अन्धकारमा डुब्दै गएको स्थिति एउटा नेपालीले अर्को नेपालीलाई मारिरहेको अवस्था, जनताका सामान्य बाँच्न पाउने अधिकारसमेत नभएका, सारा देश र जनता असुरक्षित रहेका, नेताहरूको खिचातानीले गर्दा उब्जाएको स्थिति र भ्रष्टाचार आदि जस्ता विविध कुराहरू थपाको यस गजलसङ्ग्रहमा समेटिएका छन् । त्यसैगरी नेताहरूप्रति कठोर व्यङ्ग्य, देशविकासप्रति कुनै पार्टी र नेताले चासो नदेखाएको नेताहरू मोजमस्तिमा मात्रै भुलिरहेका, द्वन्द्वका कारणले घरबाट निस्केको मान्छे घर फर्किने ठेगान नभएको र राजनीतिक कारणले उब्जाएको उपज यस सङ्ग्रहका थुप्रै गजलहरूमा समेटिएको छ । यस सङ्ग्रहमा राजनीतिक लेप लागेका गजलहरू यस प्रकार छन्-'जे पनि जनताकै लागि' (पृ.३), 'भोगेको यो सजाए' (पृ.४), 'ठूला ठूला सपना' (पृ.६), 'यो घोडा' (पृ.१३), 'साध्य छैन'

(पृ.१६) 'भगवान नबनाउनु मलाई' (पृ.१७), 'चटकेको सुगा' (पृ.१८) 'च्यातो कसले तस्वीर' (पृ.१९), 'त्यो त गल्ति रामकै हो' (पृ. २४), 'ऊ बोलन मजबुर भयो' (पृ.२८), 'ओफ्रेलका नेपाली' (पृ.३६), 'फेरि बनाउने किन' (पृ.३८), 'पौडिन नजान्नेले नै' (पृ. ४३), 'घाउँ किन चाहियो' (पृ.५४), 'कसो गरुम' (पृ.५६), 'पैले बोल्यौ मीठँ-मीठँ बोली' (पृ. ५८), 'नयाँ चलन' (पृ.६७), 'मेरो पक्षमा नभाको फैसला' (पृ.६८), र 'मसान पुगिन्छ मन्दिर पुगिन्न (पृ.२२) गजलहरू राजनीतिक विषयवस्तुका कुनै न कुनै पक्षसँग सम्बन्धित रहेका छन् । केही गजलका उदाहरण तल दिइएको छ -

*जे पनि जनताकै लागि नै गरियाको भनियो*
*जनताको सूचीमा चाहिँ खै खै को को परियो*
*बग्नसम्म रगत बग्यो आँसुले धोइयो*
*सुनको व्यान आउँछ भन्दै रुनसम्म रोइयो*

(*जे पनि जनताकै लागि* नै , पृ.३)

माथिको गजलमा नेताहरूले जनातासँग भोट माग्न जाँदा जनताहरूका लागि थुप्रै काम गर्ने आश्वासना दिएका हुन्छन् तर ती चिप्ला नेताहरूले आफ्ना रखौटे भरौटेका लागि काम गरेको कुरा व्यङ्ग्यात्मक तरिकाले व्यक्त गरिएको छ । जनताहरूले सुनौलो बिहानीको सपनाका लागि आफ्नो रगतसम्म बगाएका छन् तर उनीहरूका रगत र आँसुको मुल्य नै नेताहरूले नराखेको कुरा उल्लेख गरिएको छ ।

*मसान पुगिन्छ मन्दिर पुगिन्न लास बोक्यो भने*
*भुमरी बनेर बतासिन्छ मन हावा छेक्यो भने*
*पहाडै रातो खेतबारी हिमाल समेत नै रातो*
*रातो भन्दा देखिन्छ रगतले चित्र लेख्यो भने*

(*मसान पुगिन्छ मन्दिर पुगिन्छ* पृ.२२)

राजनीतिक अस्थिरता र बेला-बेला वार्ता भङ्ग भइरहेकोले दोहोरो भिडन्तका कारण जनतमतै नेपाली दाजुभाइका लाश मात्रै थुप्रिएर हिमाल पहाड नै रगत्याम्मय भएको कुरा व्यक्त गरिएको छ ।

*जीउमा लाग्या नीलडाम- भनी साध्य छैन*
*मनमा लाग्या नीलडाम- गनी साध्य छैन ।*
*आँखै सामु ढेलका ती कतै मै पो हुन् कि*
*आफ्नै चिहान आफैले नै -खनी साध्ये छैन*

*(साध्ये* छैन , पृ. १६)

देशमा गृहयुद्ध मच्चिरहेको र राज्यपक्ष र माओवादी पक्षको दोहोरो भिडन्त भइरहेको बेला नेपाली आमाका सन्तानका ढलेका लाश कतै मइ पो हुन् कि भन्ने विचार गजलकारले व्यक्त गरेका छन् । राजनीतिक अस्थिरता र पटक-पटक भङ्गभएको शान्तिवार्ताको उपजका कारण कयौँ नेपालीले ज्यान गुमाउनु परेको पीडा गजलका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

**घ) माया प्रेमका गजल**

थापाका यस सङ्ग्रहमा मायाप्रेमसँग सम्बन्धित गजल पनि रहेका छन् । प्रेमका संयोगावस्था, वियोगावस्था, देखावटी मायाप्रेम, साँचो मायाप्रेम, प्रेमिका र प्रेमीले एक अर्कालाई दिएको धोका आदिजस्ता विषयवस्तु रहेका छन् । प्रेमी प्रेमिकासँगै बस्दा तलमाथि हुने अवस्था, एक अर्काको धोका र विछोडका कारण जिन्दगी नै पीडामय बनेको र जीवनप्रति नै निराशा भएको अवस्था, प्रेमिका नजिक भए पनि दुःख नजिक नभए पनि दुःख, मायाप्रेमको नाटक गरेर जालझेल गर्नेहरूप्रति तीव्र व्यङ्ग्य र प्रेमका विविध अवस्थाहरू थापाका गजलमा रहेका छन् । ती गजलहरू निम्नानुसार छन्- 'रैबार रोक्ने डाँडोलाई' (पृ.१२), 'बहकिन त बहकिएँ ' (पृ.२०) ,'दुख्नै छाड्यो' (पृ.२१), 'यादमा याद' (पृ.३१), 'सँगै बस्दा कहिले काहीँ ' (पृ.३२) 'हामी बीच दुरी' (पृ. ३७), 'प्रथमतः क्यै हराउनु दुःख' (पृ. ३९) , 'सपना त ठूलै देख्छन्' (पृ.४१), 'कुन्नी कुन्नी खै के-के भो' (पृ.४२), 'मायामा जान्नु जरुरी छ' (पृ ४६), 'कोइ न कोइसँग त' ( पृ.४७), 'आफ्नै पीरले' (पृ. ४८), बोझ घट्नु पर्थ्यो' (पृ.४९), 'मन दुख्यो भने' (पृ.५०), 'घाउ' (पृ.५२), 'यो मुटु त' (पृ.४७), 'पैलेकोमा म फर्किन अब' (पृ.५९), 'छाड्न त सकिन्न याद' (पृ. ६१), 'कुरो मिलने भने नी' (पृ.६४), काँडोले घोच्या ठाउँमा' (पृ.६५), 'यता मन बिग्रेको छ' ( पृ.६६) जस्ता गजलहरूमा मायाप्रेमका विभिन्न अवस्था संयोगावस्था वियोगावस्था, एकालाप, चिन्ता, विरह, पीडा आदि आएका छन् ।

*यादमा याद थपि दियौ*
*सायद यै ओखती दियौ*
*माया गर्ने नजानी तिमले*
*मुटुमै अति क्षति दियो*
*बसेको मन उडाएर*

*फेरि कहीँ खस्ने गति दियौ*

(*यादमा* याद, पृ. ३१)

प्रेमीद्वारा विछोड भएकी प्रेमिकाको पीडा व्यक्त गरिएका यी सेरहरूमा प्रेमको वियोगावस्थाको चित्रण गरिएको छ ।

*सपना त ठूलै देख्छन् जो पनि*
*देख्दछु ठूलै सपना- मो पनि*
*उम्केको माया मनै परेन भन्नु*
*कुरो त ठिकै ने हो त्यो पनि*
*कत्ति छ माया भनी सोधिरहन्छन्*
*माया भन्नु कत्ति विघा कत्ति रोपनि*

(*सपना त ठूले दैख्छन्* , पृ. ४१)

माथिका सेरहरूमा मायाप्रेम गर्नेहरू ठूलै सपना देख्ने र मायाप्रेम कति छ भनेर विघा र रोपनीमा भन्न नसकिने कुरा व्यक्त गरिएको छ ।

*जो रुवाउँछ उसैको यादमा यो*
*मन झन झन आनन्दित भयो*
*माया यो दुख्दा जब- अइय्या भनैँ*
*पारखीका लागि त्यो सङ्गीत भयो*

*(यो मुटु त, पृ.५७)*

माथिका गजलमा विछोडिएको माया नै मन भूलिरहने, मायाको युद्धमा हारजित कसैको नहुने र प्रेममा पीडा पाउँदा पीडाको स्वर नै पारखीका लागि सङ्गीत भएको प्रेमको वियोगावस्थाको चित्रण गरिएको छ । थापाका गजलहरू गीति र कवितात्मक शैलीमा मायाप्रेमको दोहोरो संवाद गरेका र एकालाप रूपमा पीडा र दुःख व्यक्त गरेका , एक्लै प्रेमीलाई सम्झी बसेका विविध मानसिक मनोदशाको चित्रण गरिएका छन् ।

**ङ) जीवनसम्बन्धी गजल**

थापाले यस सङ्ग्रहका गजलमा जीवनसम्बन्धी दर्शन ,चिन्तन प्रस्तुत गरेका छन् । जीवनका आशा, निराशा, कुण्ठा, तृष्णा, रोष आदि पक्षलाई गजलमा स्थान दिएका छन् । विसङ्गत जीवनप्रति व्यङ्गय र सङ्घर्षशील जीवनप्रति सहानुभूति प्रकट गरेका छन् । उनका गजलमा जीवनका विविध पाटाहरूको चिन्तन र मानवीय दूर्नीयतिप्रति व्यङ्ग्य गरेको पाइन्छ, जिन्दगीलाई विविध दृष्टिकोणबाट हेरिएको छ । वनमाराको वाक्लो भ्याङ्भैं जिन्दगी भ्याङ्गिएको र नाङ्गो बिजुलीको तारभैं जिन्दगी टाङ्गिएको कुरा उनका गजलमा व्यक्त भएको छ । उनले जिन्दगीलाई आफ्नै चिना च्यातेर फालेजस्तो खेरको जिन्दगी भनी निराशावादी स्वर व्यक्त गरेका छन् । वसन्त फर्केर आए पनि जिन्दगी फुल्न नसक्ने मुल जरै उखेलेर फालेजस्तो ठानेका छन् भने कतै जीवनमा जस्तो सुकै दु:ख-कष्ट आइपरे पनि जसरी भए पनि जीवन जीउँनु नै पर्ने जिजीविषाको स्वर प्रकट गरेका छन् । जीवनसम्बन्धी विविध दृष्टिकोण प्रस्तुत गरेका गजलहरू यसप्रकार रहेका छन्- 'जिन्दगी केले भोगे जस्तो' (पृ.२३), 'द्रौपदीको चीरहरण भैं' (पृ.२५), 'हेरेर रुन्छ' (पृ.२६), 'बढी आँसु नै हुन्छ' (पृ.२९), 'यो हुनु पर्ने त्यो हुनु पर्ने' (पृ.४०) 'जिन्दगी अडेस लगाइ' (पृ.४४), 'उता अर्को भीर छैन' (पृ.४५), 'हुन्न भन्छन्' (पृ.५३), 'ज्यूनुको मतलब' (पृ.५५), 'फेरि उठ्नुको के अर्थ रहयो र ' (पृ.६०), च्वास्स पनि नघोच्ने भो' (पृ ६२) र 'मर्नु त मर्नु ' गजलहरू रहेका छन् । जीवनलाई हेर्ने केही दृष्टिकोण यस प्रकार छन्-

*जिन्दगी कैले भोग जस्तो कहिले रोग जस्तो*
*कहाँ बग्ने कहाँ जम्ने पानीको संजोग जस्तो*
*मलामी जाँदा देखाउन रोएको शोक जस्तो*
*आफै माथि मुक्की बजार्ने क्षणिक भोक जस्तो*

(*जिन्दगी केले भोग* जस्तो , पृ.२३)

माथिका गजलमा विसङ्गत जीवनप्रति व्यङ्ग्य गरिएको छ । जिन्दगीको विश्रामस्थल थाहा नभएर वर्षातमा छानो उडेको घरजस्तो विसङ्गत जीवनमा नाटकीय आँसु चुहाउनु पर्ने कुरा व्यक्त गरिएको छ । जीवनमा सङ्गत नभएर जतातत‌ै विसङ्गतिमात्रै भएको विचार व्यक्त भएको छ ।

*कोही कोही आउँदा पनि कोही त जाँदा पनि*
*क्यै नाता बदलिन्छन् नचाँदे नचाँदा पनि*
*बुझ्नै नसक्ने अचम्मको रीत यो जिन्दगीको*
*हाँसेर नै त टार्नु पर्ने असह्य दुख्दा पनि*

(*कोही कोही* आउँदा पनि , प. ४०)

माथिका दुई सेर गजलमा मानिसले नचाँहदा नचाँहदै पनि स्वीकार गर्नुपर्ने र जिन्दगीमा जति पीडा भए पनि हाँसेर नै टार्नुपर्ने हुनाले विसङ्गत जीवनको चित्रण अभिव्यक्त गरिएको छ ।

*जिन्दगी अडेस लगाई कति अघि बढाउने ?*
*तोक्मामा भारी विसाइ कुन शिखर चढाउने ?*
*मात चढ्ने बेलपत्र - मातै चढ्ने धतुरा फुल*
*मात्नै खोज्ने देउतामा -अर्को के फूल चढाउने ?*
*जिन्दगी नै सकस भयो घिड्घिडे बाँकी रह्यो*
*बाँकी बच्या यति सास कुन भीरमा लडाउने ?*

(*जिन्दगी अडेस लगाई* , प. ४४)

माथिका तीन सेर गजलमा जीवनप्रति निराशा व्यक्त गर्ने क्रममा जिन्दगीलाई अडेस लगाएर कहिलेसम्म अड्याउने र सासमात्र बाँकी रहेको लक्ष्यहीन जिन्दगीप्रति निराशा व्यक्त गरिएको छ ।

*ज्यूनुको मतलब बदलिदै जानु हो ।*
*यो जिन्दगीलाई दुःखले बुझ्दै जानु हो*
*हिँडेपछि नै त भूइँमा लडिने हो*
*लडि उठी हिँडेर सम्हालिदै जानु हो*

(ज्यूनुको मतलब, पृ. ४५)

माथिका दुई सेर गजलमा जीवनमा सङ्घर्ष गरेर भए पनि अघि बढ्नुपर्छ हुरी र बतासको जिन्दगीमा आफूलाई अल्झाउँदै र सम्हालिँदै जानुपर्छ भन्ने दृष्टिकोणका साथ जीवनप्रति आशा व्यक्त गरिएको छ ।

थापाले आफ्ना गजलमा जीवनसम्बन्धी विविध चिन्तन प्रस्तुत गरेका छन् । भोलि मरेर जाने हुनाले जिउँदो छँदै केही गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । जीवनमा सङ्घर्षका लागि भएकाले मानव भएर जीवनमा सङ्घर्ष गर्न सक्नुपर्छ र जीवनका अप्ठ्यारा पाटाहरूलाई

सङ्घर्षशील र कर्मशील हातहरूले पन्छाउन सक्नुपर्छ भन्ने आशावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । जीवनमा सङ्घर्ष गर्दा-गर्दै लक्ष्यमा पुग्न नसक्नाले जीवनप्रति व्यङ्ग्य विसङ्गत र निराशासमेत व्यक्त गरेका छन् । उनका गजलमा जीवनका संवेदनात्मक अवस्थाहरूलाई पनि व्यक्त गरिएको पाइन्छ ।

### ५.२.२ **सहनेकै छाती अचानो गजलसङ्ग्रहको विवेचना**

**सहनेकै छाती अचानो** थापाको दोस्रो प्रकाशित गजलसङ्ग्रह हो । यसमा २०५७ सालदेखि २०६१ सालसम्म विभिन्न समयमा लेखिएका छहत्तर गजलहरू सङ्कलित रहेका छन् । साझा प्रकाशनले यस सङ्ग्रहलाई २०६२ सालमा प्रकाशनमा ल्याएको हो । मानवीय वेदना र संवेदना, विकृति र विचलन, विरोध र विसङ्गति, विनास र विस्थापनजस्ता आज हामीले दैनिक देखिरहेका, भोगिरहेका, सोचिरहेका घोचिरहेका सत्यतथ्य चिन्ता पीडा र उकुसमुकुस नै यस गजलसङ्ग्रहका रचनाको विषयवस्तु रहेको छ ।[ज्ञद्धघ] यस सङ्ग्रहमा घटनाको बयानमा शब्दको विस्तारलाई चासो दिइएको छैन, नदेखिने र महसुस गर्नुपर्ने मनोभावलाई चित्रण गरिएको छ । यस सङ्ग्रहका रचनामा गजलको सिद्धान्तलाई ध्यान दिएर गजल लेखिनुभन्दा नेपाली जनमानसकै व्यथा, पीडा र भोगाइको तस्बिर यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका गजलकारको भित्री मन इमानदारीपूर्वक बोलेको छ । उनका गजलमा वेदना, तन्मयताको भाव र उदाशी पन छ । यस सङ्ग्रहका बहुसङ्ख्यक रचनामा समसामयिक सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक विसङ्गति, विनाश, विस्थापन, उन्मूलन, विचलन, वैषम्य, विकृति, रुढि, ह्रास, शोषण, हत्या, हिंसा, असन्तुलन, असुरक्षा र विकारबाट उब्जेका नेपाली मात्रले भोगेका देखेका र अनुभव गरेका अपार मानवीय पीडा, वेदना, संवेदना, चिन्ता, दुःख कष्ट सन्ताप, एवम् उकुसमुकुस आदि भावनात्मक सत्य तथ्यलाई पारदर्शी रूपमा भित्रभित्रै निरन्तर घोचिरहने, बिझिरहने, पोलिरहने, चहऱ्याइरहने आलो मानिसक अदृश्य घाउलाई भाव निर्माण सामग्री बनाइएको पाइन्छ ।[ज्ञद्धद्ध] उनका गजलमा एकातिर जीवन्त र सम्प्रेषणीय भएका छन् भने अर्कोतिर पाठक या श्रोतालाई सुखद काव्यात्मक झट्का दिएर विचलित तुल्याउने खालका

---

[ज्ञद्धघ] राजेन्द्र थापा, (भूमिका), **सहनेकै छाती अचानो** , (काठः सा.प्र., २०६२) पृ. ।

[ज्ञद्धद्ध] तुलसी दिवस, (भूमिका), **सहनेकै छाती अचानो** (काठः साझा प्रकाशन, २०६२), पृ. ६९-८० ।

पनि छन् । राजेन्द्र थापाले यस सङ्ग्रहका गजलमा मानिसका दुःख, सुख, पीडा, द्वन्द्व, समस्या, तृष्णा, सङ्गति-विसङ्गति र विरोधाभासहरूलाई प्रायः पचहत्तरवटा कविताले अर्थात् ती विविध र भिन्नकोण व्यक्त गरेका छन् । वास्तवमा मानिसको निरीहता तथा निहत्यापन र त्यही मानिसको उत्तर अर्को कठिन पक्षलाई पनि कविले व्यक्त गर्ने क्रममा आफ्नो दक्ष काव्यिक शिल्प संयोजन गरेका छन् ।[ज्ञद्धछ]

थापाका गजलमा मानिसनका सुख, दुःख र पीडाका अनुभूति व्यक्त भएका छन् । प्रायः सबैजसो गजलहरूले समयभित्र अनुभव गरिने संवेदनालाई गजललयभित्र राखेका छन् । गजलको गेयात्मकता र यसका पारम्परिक रूप रचनाका कुशलता थापाका हरेक गजलमा देखिन्छन् । गीतलेख्ने थापाको कविले गजलको विधाभित्र कोमलता गीति संवेदना र मानवीय भावनाको समागम गराएको छ ।[ज्ञद्धट] प्रस्तुत सङ्ग्रहमा प्रेमवर्णनको अतिशयोक्तिपूर्ण काल्पनिकता नभेट्टिनु र अतिरिक्त भावुकतादेखि टाढा रहनु राजेन्द्र थापाको विशेषता हो । यी गजलहरूका माध्यमबाट थापाले प्रेम र वियोगका जेजति भावना पोखेका छन् ती वास्तविक अनुभूतिका आधारमा सरल अनि स्वाभाविक रूपले व्यक्त गरेका छन् । यिनका गजलमा प्रेम भावनाको खोक्रो आदर्श छाँटिएको छैन न त अनुभूतिमाथि कृत्रिम भावकुताको जलप लगाएर सस्तो रूपमा प्रस्तुत हुन चाहन्छन् ।[ज्ञद्धठ]

प्रस्तुत सङ्ग्रहमा सङ्कलित गजलहरूमा विषयगत विविधता प्रशस्तै देखिन्छ । यहाँ समकालीन यथार्थको चित्रण छ, जीवनको सूक्ष्म निरीक्षण छ प्रेमका संयोग अनि वियोग भावको प्रस्तुत छ । कतै सोझै र कतै व्यङ्गात्यमक रूपमा विषय प्रस्तुत भएको छ र समाजका विविध पाटाहरूको चित्रण गरिएको छ । यस सङ्ग्रहका गजललाई विषयगत वर्गीकरण गरी निम्नानुसार अध्ययन गरिएको छ ।

**क) सामाजिक विषयवस्तुमा आधारित गजल**

---

[ज्ञद्धछ] डा. ईश्वर बराल, (भूमिका) **सहनेकै छाती अचानो,** (काठः साझा प्रकाशन, २०६२), पृ. ८४ ।

[ज्ञद्धट] डा. अभि सुवेदी, (भूमिका), **सहनेकै छाती अचानो**, (काठः साझा प्रकाशन, २०६२), पृ. ९१ ।

[ज्ञद्धठ] ज्ञानुवाकर पौडेल, (भूमिका), **सहनेकै छाती अचानो,** (काठ साझा प्रकाशन, २०६२), पृ.९१ ।

साहित्य समाजको प्रतिविम्ब हो । स्रष्टाहरू साहित्यमार्फत् मानवीय संवेदना तथा भावानुभूतिहरूलाई समाज अगाडि राख्दछन् । समाजकै कुरा लेख्छन् र बोल्दछन् । यस सङ्ग्रहमा समाजमा बस्ने मान्छेका नियतप्रति व्यङ्ग्य गरेका गजलहरू रहेका छन् । थापाका गजलमा समाजमा घट्ने गरेका विविध घटनाका वर्णन र ती घटनाले उब्जाउने विकृति विसङ्गतिको चित्रण गरिएको छ । समाजका ठूलाबडाले आफूभन्दा तल्लो स्तरका मानिसलाई हेप्ने, चेप्ने र दास बनाउन खोज्ने हुनाले उनीहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । हाम्रो समाजमा नारीलाई दिइने स्थान र समाजले नारीप्रति गर्ने व्यवहार यस सङ्ग्रहका गजलका विषयवस्तु रहेका छन् । सामाजिक विषयवस्तुका गजल यस प्रकार छन् -'ढुङ्गामा मात हुन्छ' (पृ.४), 'उनले त्याँ मलम लगाए' (पृ. ६), 'देउता आफैले भत्काको' .पृ.८), 'ढुङ्गा डुब्यो म डुबिन' (पृ.९) 'ईश्वर फुर्किएजस्तो छ' (पृ.२७), 'कसको के लाग्छ' (पृ.२८), बाँकी यो जिन्दगी नै' (पृ.४२), 'लड्न थालेपछि मात्रै' (पृ.४३), 'आइमाईहरू त' (पृ.४७), 'चलन यो उही पुरानै ' (पृ.४९) 'आफन्तका अनुहार सबै' (पृ.६४) ।

माथि उल्लिखित गजलहरूमा समाजका विविध पक्षको स्वर रहेको छ । समाजका नकारात्मक पक्षलाई हटाएर सकारात्मक सोचका साथ सबैले अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरिएको छ । उदाहरणका लागि केही गजलका सेरहरू -

*'मेरो ठूलो पूजाले हो कि ईश्वर फुर्किएजस्तो छ*
*ईश्वरभित्र पनि म जस्तै मान्छे हुर्किएजस्तो छ ।*
*गरिब भक्तसँग तिम्रो व्यवहारै किन फरक हो ?*
*प्रसादको ओजनमै तिम्रो मन लुकिए जस्तो छ*
*कराएर गाउनेलाई त दयाको सागर भयो*
*चुपचाप बस्नेलाई खालि थोपा तुर्किएजस्तो छ ।*

*(ईश्वर फुर्किएजस्तो छ* , पृ. २७)

माथिको गजलमा सामाजिक भेदभावको विरोध गरिएको छ । समाजका सीधा-सादा, निम्न र तल्लो वर्गका जनतालाई माथिल्ला ठूलाठालुले असमानताको व्यवहार गरेजस्तै ईश्वरले पनि हुने खाने भक्तजन र गरिब भक्तजनप्रति फरक-फरक व्यवहार गर्ने कुरा व्यक्त गरिएको छ ।

*बलात्कार भनूँ नभनूँ दैव सधैं पछारिन्छन् आइमाईहरू त*

*आमा मानिने यो देशमा दैव खुबै लघारिन्छन् आइमाईहरू त*
*जन्मैले पनि कर्मैले पनि कोही गरिब बुढी भई भने त*
*कोच्याउँदै बोक्सी भनेर दैव धेरै लछारिन्छन् आइमाईहरू त*

(*आइमाईहरू त*, ४७)

प्रस्तुत गजलमा हाम्रो समाजले नारीहरूप्रति गर्ने व्यवहार र नारीहरूमाथि गर्ने शोषण र दमनको चित्रण गरिएको छ । पार्वती, सीताजस्ता आदर्शनारीहरूले जन्म लिएका हाम्रो समाजमा चेलीहरू दाइजोमा जोखिँदै आगोमा खँगारिन्छन् । सामाजिक अन्धविश्वासका पछि लागेर गरिब, टुहुरा र वृद्ध आइमाइहरूलाई बोक्सीको आरोप लगाएर यातना दिने गरेको सामाजिक विकृति र विसङ्गति व्यक्त गरिएको छ ।

**ख) देशप्रमेसम्बन्धी गजल**

राष्ट्र र राष्ट्रियताप्रति चिन्तित रहेका थापाको यस गजलसङ्ग्रहमा देशप्रेमसम्बन्धी गजलहरू पनि रहेका छन् । राजनीतिक खिचातानी र सशस्त्र गृहयुद्धले गर्दा देश अँध्यारो खाल्डोमा फस्दै गएको र मगन्तेका झोलाभित्र देश खसेजस्तो लागेकाले आफ्नो मातृभूमिप्रति चिन्ता प्रकट गरेका छन् । उनले गजलका माध्यमबाट देशको चारैतिर विकास हुनुपर्ने, राजनीतिक अस्थिरता समाप्त हुनुपर्ने र नेपाली भई बाँच्न पाउनुपर्ने विचार व्यक्त गरेका छन् । देशप्रेमका गजलहरू निम्न रहेका छन् - 'देश पसेजस्तो लाग्यो' (पृ.२), 'आँखैमा राखेपनि' ( पृ.१४), 'तेरादेशमा राम्रा मान्छे छन' (पृ. ७६) रहेका छन् ।

*अरिङ्गालको गोलाभित्र देश पसेजस्तो लाग्यो*
*मगन्तेको झोलाभित्र देश खसेजस्तो लाग्यो*
*तानातानी हानाहानी मिलाउँदै जानाजानी*
*गोमनझैं विषालुले देश डसेजस्तो लाग्यो*

(*देश पसे*जस्तो लाग्यो , प.२)

राजनीतिक नेताहरूले जनतालाई सपनामात्र देखाएर देशलाई परचक्रिको हातमा पार्न खोजेकाले गजलकारले आफ्नो देश र जनताको भविष्यप्रति चिन्ता प्रकट गरेका छन् । देशप्रेमको भावना समेत व्यक्त गरेका छन् ।

*आँखैमा राखे पनि नबिझाउने थिए नेपाली*
*परैबाट पनि अब त बिझाउने भए नेपाली*
*अरूलाई नै बचाइने त्यो छातीलाई के भयो ?*

*आफन्त नै खोजी खोजी दुखाउने भए नेपाली*

(*आँखैमा राखे* पनि, पृ.१४)

प्रस्तुत गजलमा विश्वमा वीर र इमानदार भनेर चिनिएका नेपाली अहिले आफै भित्रभित्रै मारकाट गरिरहेकाले नेपाल र नेपालीको अस्तित्व जोगाउनका लागि पनि सहमति र सहकार्यको वातावरण बनाएर देशलाई अग्रगति दिनुपर्छ भन्ने भाव व्यक्त गरिनुका साथै देशप्रति चिन्ता व्यक्त गरिएको छ ।

**ग) राजनीतिक विषयवस्तुमा आधारित गजल**

थापाको यस सङ्ग्रहका गजलमा पनि राजनीतिक उतारचढाव, नेताहरूका खिचातानी र द्वन्द्वकालमा घटेका र घटाइएका घटनाहरूको चित्रण गरिएको छ । उनले स्थुल, भौतिक, बाह्य र मूर्त विदारक राजनीतिक घटना तथा मोड, आर्थिक बिडम्बना र असन्तुलन तथा सामाजिक शोषण र विषमताको वस्तुगत चित्रण गरेका छन् । राजनीतिले जन्माएका चाकडीपन र अस्थिरताप्रति तीव्र विरोध गरेका छन् । प्रस्तुत सङ्ग्रहमा देशमा गृहयुद्ध मच्याएर रमिता हेर्ने र फाइदा लिने नेताहरूप्रति असन्तुष्टि व्यक्त गर्दै तीव्र रोष प्रकट गरेका छन् । राष्ट्र र राष्ट्रियतामाथि आघात पर्ने गरी विदेशीसँग सम्झौता गर्ने नेताहरूप्रति व्यङ्ग्य प्रहार गरिएका थापाका गजलहरूमा वार्ताको टेबुलमा नबसी बेलाबेला शान्तिवार्ता भङ्ग गर्ने नेताहरू र तिनका प्रवृत्तिको कटु चित्रण गरिएको छ । पटक-पटक सत्तामा बसेर गल्ती गर्नेहरू र जनताका सामु झुटा आश्वासन लिएर भोटमाग्न जाने नेताहरूको विरोध गरिएका यी गजलहरूमा जनताको भोट पाएर सडकबाट सदनसम्म पुग्ने नेताले जनताको टाउकोमा टेकेका कारण तिनीहरूप्रति घृणा र व्यङ्ग्यप्रहार गरिएको छ । राजनीतिसम्बन्धी स्वरहरू र आवाजहरू उठेका गजल यसप्रकार छन्- 'जबहुन्छ घोडा बेलग्राम (प.३), 'आधाजुनी झुक्तै बित्यो' (पृ.५), विस्फोटको तयारीमा' (पृ.७), चुप लाग्नु परेको छ' (पृ.१२), 'किन बाँध बाँधिराख्ने' (पृ.२३), 'साँचो बोल्छु भनी' (पृ.२९),' हाम्रो पश्चिममा' (पृ. ३०), 'रून्ने दिन नि आउँदो रहेछ' (पृ.३१), 'खुम्चिएर जति बसेँ' (पृ. ३३), 'पर्दामा धेरै धेरै (पृ. २७), 'कोही बोल्छन्' (पृ २९), शिखरपछि फेरि वेशी' (पृ.४०), 'जति पानी पऱ्यो' (पृ.४१), विनाकसुर अरूलाई (पृ.४६), 'मनमा खाल्टो' (पृ.५३), 'ज्यून हिँड' (पृ. ६२), 'भाँचिने रहेछ' (पृ.६३), 'कबुल गर्दैनन् यहाँ' (पृ.६५), 'जसको

मुहार राम्रो थ्यो' (पृ.६८), 'साथी डराउन थाले' (पृ.७३), 'वेकार' (पृ.७५) जस्ता गजलहरू रहेका छन् ।

थापाका यी गजलहरूमा राजनीतिले जन्माएका विकृति, विसङ्गति, अस्थिरता र द्वन्द्व आदि पक्ष कुनै न कुनै रूपमा प्रकट भएको छ । उदाहरणका लागि केही गजलहरू दिइएका छन्-

*नेपाली हुँ भनेर नि रुने दिन नि आउँदो रहेछ*
*रगतले आफ्नै घाउ धुने दिन नि आउँदो रहेछ ।*
*को को मरे को को बाँचेछन् आफ्नै बन्धु बान्धव बीच*
*रगत पुछ्दै छुट्टयाउने दिन नि आउँदो रहेछ ।*

(*रुने दिन नि* आउँदो रहेछ पृ. ३१)

राजनीतिक कारणले देशभित्र सशस्त्र द्वन्द्व भएका कारण आफ्नै बन्धुवान्धवको रागतको खोलो बगेको र जतातते लाशैलाशको थुप्रोमात्रै देखिने, आफ्नै आस्थाका टुक्राहरू गन्नुपर्ने पीडा गजलकारले व्यक्त गरेका छन् ।

*रक्त बीजझैं बढ्ला भन्ने यिनको मनको डरले*
*चिनैसमेत मेटिने गरी भत्काउनै खोज्छन्*
*श्री खण्ड हुँ जल्दा पनि बास्नै फाल्छ भन्ने बुझेर*
*बीउ समेत मासिने गरी डढाउनै खोज्छन् ।*

(*खुम्चिएर* जति बसें , पृ. ३३)

माथिको गजलमा राजनीतिले जन्माएको अस्थिरताले गर्दा एक पक्षले अर्को पक्षको नाम निशाना नै मेटाउन जस्तोसुकै मूल्य चुकाउने र आफ्नो स्थायित्व कायम गर्नका लागि विपक्षको विचार र आवाजलाई दवाउने गरेको कुरा व्यक्त गरिएको छ ।

*मेरो पनि दोष भन्दै कबुल गर्दैनन् यहाँ ?*
*घर बिग्री सक्दा पनि मेरो किन भूल भन्दैनन् यहाँ ?*
*मानिसै भएर पनि किन यति पनि छैन वेदना ?*
*के आफै नलडेसम्म त अर्काको शूल गन्दैनन् यहाँ ?*

(*कबुल गर्दैनन् यहाँ* , पृ.६५)

देशको आर्थिक, राजनीतिक, सामाजिक स्थिति राजनीतिक द्वन्द्वका कारणले बिग्रदै गएको र नेताहरू दोष अरूलाई लगाएर आफू मौनरहेका हुनाले सत्तासीन नेताहरूप्रति व्यङ्ग्य गरिएको छ ।

*बाघ र श्याल मिलेर सर्वसम्मत्तिको कुरो गर्दै*
*विचरो हरिणलाई नै दोषी ठहराउन थाले*
*संगोल वंशज एउटै ध्वजा थोत्रिसक्यो रे भन्दै*
*घर घर पिच्छे अर्को नै झण्डा फहराउन थाले*

( साथी डराउन थाले , पृ. ७३)

माथिको गजलमा नेताहरू पदलोलुपता भएर आफ्नै पार्टीबाट असन्तुष्ट भई पार्टी फुटाएर अर्को पार्टी खोल्ने गरेकाले उनीहरूप्रति व्यङ्ग्य गरिएको छ ।

**घ) मायाप्रेमसम्बन्धी गजल**

यस सङ्ग्रहमा पनि मायाप्रेमका थुप्रै गजलहरू रहेका छन् । प्रेमका संयोगावस्था , वियोगावस्था विछोड र पीडाका स्वरहरू व्यक्त गरिएका छन् । प्रेममा पागल भएका प्रेमीहरूको एकालापसमेत यस सङ्ग्रहका गजलमा पाइन्छ । प्रेमी प्रेमिकाहरू एक आपसमा जिस्केर मायाप्रेम साटासाट गरेको, जीवनमा दुखाइमात्र दिने माया लाएको, मायाप्रेममा जीवन नै अर्पण गरेको र फूललाई मायागर्दा काँडा पनि लोभिए जस्तै कठोर हृदय भएका मानिस पनि मायाप्रेममा पग्लने कुरा व्यक्त गरिएका गजलहरू रहेका छन् । यस सङ्ग्रहमा मायाप्रेमसम्बन्धी विविध विचारधारा र चिन्तनहरू प्रस्तुत गरिएका छन् मायाप्रेमका विविध स्वरहरू प्रस्फुटित भएका गजलहरू यसप्रकार छन् -'सपना मीठो निदाइरहेछ' (पृ.१०), 'जिन्दगी जब आफैसित हाऱ्यो' (पृ.११), 'अलि अलि खुलेको राम्रो' (पृ. १३), 'म जस्तै अर्कोसँग' (पृ.१५), 'भ्याइएन जस्तो छ' (पृ.२२), 'हुँदै नभएको जाति' (पृ.३२) 'न्याउली त रुने छैन (पृ.३४), कसरी (पृ.३८) 'बानी' (पृ.५०), 'छ कि छैन' (पृ.५१), 'पित्तललाई सुन बनाउँदा' (पृ.५७), 'फिलिङ्गो' (पृ.६०), 'जोखिम' (पृ.६१) 'ठूलो कुरो नै होइन' (पृ ६६), 'बर्ता भयो कि' (पृ.७०), 'अगेनाझै धपक्क धपक्क' (पृ.७१), पछुतायो' (पृ.७२) र 'जोसँग माया साटियो' पृ.७४) जस्ता गजलहरूमा मायाप्रेम, संयोग, वियोग, प्रेमप्रति आशा, निराशा, घृणा आदिको चित्रण गरिएको छ । केही उदाहरणहरू दिइएका छन् -

*जिन्दगी जब आफैसित हाऱ्यो*
*खोजी खोजी सबै कुरो बिगाऱ्यो*

*फुल्नै नसक्ने गरी पिरतीको*
*ताकी ताकी कोपिला सब झाऱ्यो*
*चिनै मेटाउँछु मायाको भन्दै*
*टुक्रा टुक्रा कलेजो नै पाऱ्यो*

(*जिन्दगी जब* आफैसित हाऱ्यो, पृ. ११)

माथिको गजलमा मायाप्रेममा धोका खाएर जिन्दगीमा आफैसित हारेको र पिरती फुल्नै नसक्ने गरी कोपिला झरेकाले प्रेमको वियोगावस्थाको चित्रण गरिएको छ ।

*अँध्यारो त खाँदै दियोले गाजल ओकल्छ कसरी ?*
*प्वालै प्वाल गर्दै सियोले घाउँ सिउँछ कसरी ?*
*माया दुखाउने निर्मोहीले यो बुझ्नु जरुरी छ*
*चौटै नपारी माहुरीले मह पिउँछ कसरी ?*

(कसरी ? पृ ३८)

माथिको गजलमा मायाप्रेममा निर्मोहीले पीडा दिएको कुरा व्यक्त गरिएको छ । माहुरीले फूलमा चोटपारी मह पिएर फूललाई छाडेजस्तै निर्मोही प्रेमीले पनि प्रेमिकालाई पीडा दिएर छाडेको कुरा व्यक्त गरिएको छ ।

*ठूटोमा मुना पलाउन मायाको सानो फिलिङ्गो*
*मान्छेको मन चलाउन मायाको सानै फिलिङ्गो*
*नफक्रने कोपिलासरि वैंस काँचो सधैं भरि*
*काँचो जीवन पकाउन मायाको सानै फिलिङ्गो*

(फिलिङ्गो, पृ.६०)

मान्छेको मन चलाउन, मनमा लागेका पीर वेदना, दुःख, पीडा हटाउन मायाको आवशयक पर्ने र जीवनलाई परिपक्व बनाउन पनि मायाको आवश्यकता पर्ने विचार प्रस्तुत गजलमा गरिएको छ ।

*लौन रूप बल्या हो कि अगेनाझैँ धपक्क धपक्क*
*जसले जे भने नि माया लिसोमा झै लपक्क लपक्क*
*भमराको जातै लोभि राम्रो त देख्नै नहुने*
*झिल्के फूल हुँदै हिँडछ कृष्णसरि धपक्क धपक्क*

(अगेनाझैँ धपक्क धपक्क, पृ. ७१)

मायाप्रेम हुनथालेपछि रूप नै धपक्क बलेजस्तो देखिने एक आपसमा मुटु नै साटा-साट हुने, प्रेम गर्नेहरू भमराझैं फूलमा लठ्ठ परेर बस्ने प्रेमको संयोगावस्थाको चित्रण गरिएको छ । फागुनमा महुवा फूल मात्तिएर फुलेजस्तै मायाप्रेम पनि नसानसामा छपक्क छप्किरहेको कुरा गरिएको छ ।

*खाने त पछुतायो यसलाई नखाने नि पछुतायो*
*प्रेमको चौरासी व्यञ्जन चाख्ने नि नचाख्ने नि पछुतायो*
*बाह्रै मास ऋतु पलाउने मधुमास मनमा पलाउने*
*प्रेमको रातो चन्दन लाउने नि नलाउनेनि पछुतायो ।*

(पछुतायो, पृ. ७२)

मायाप्रेममा प्रेम गर्ने पनि पछुताउँछ नगर्ने पनि पछुताउँछ । प्रेम नहुन्जेल आफ्नो केही नभएजस्तो महसुस हुने र प्रेम हुनथालेपछि मानसिक तनावले मान्छे पछुताउँछ यसकारण प्रेम भए पनि छट्पटि नभए पनि छटपटि हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**ङ) जीवनसम्बन्धी गजल**

जीवनका विविधपाटाहरू जीवनप्रति आशावादी, निराशावादी, जीवनका हर्ष , विस्मात्, पीडा, जीवनका सङ्गत र विसङ्गत पक्षहरू यस सङ्ग्रहका गजलमा समेटिएका छन् । जीवनमा निरन्तर सङ्घर्ष गरिरहेको, सङ्घर्ष गर्दा कतै आशा पलाएको देखिन्छ भने कतै निराशाले पनि छाएको देखिन्छ । जीवनप्रति वितृष्णा बोध गरिएका, जीवन क्षत विक्षत भएको र जीवन खाते भएर पनि गुज्रीरहेको विचार व्यक्त गरिएको छ । मानिसले नचाहँदा नचाहँदै केही गरिरहेको हुनाले उसको जीवन विसङ्गतले भरिएको छ भन्ने भाव व्यक्त भएको छ । परिश्रम गरेर पनि फल नपाइने हुनाले यस सङ्ग्हका गजलमा जिन्दगीलाई पीडाको घर ठानिएको छ । प्रत्येक मानिसका जिन्दगीमा दुःख र पीडा आइरहने हुनाले तिनलाई सहजरूपमा लिनुपर्ने धारणा गजलमा प्रकट गरिएको छ । जीवनमा भित्री मन दुखे पनि बाहिरी हास्नुपर्ने वाध्यता भएको र जीवन प्रत्येक पलमा झरिरहेको विचार प्रस्तुत गरिएको छ । जीवनसम्बन्धी दर्शन, चिन्तन र

विविध विचारधाराहरू यस सङ्गहमा प्रस्तुत भएका छन् । ती गजलहरू यस प्रकार छन्- 'कस्तो नाथे जिन्दगी' (पृ. १),'भेटियो, (पृ. १७) 'मलाई फरक के पर्छ' (पृ.१८), हयाँबाट फुत्केर' (पृ.१९), 'रुने कुरा धेरै होलान' (पृ. २१) 'जाबो सारङ्गी भन्नुमात्र' (पृ.२४), 'चढ्यौठूलो डाँडो' (पृ.२५), 'चेपुवामा परियो' (पृ.३५), 'पहाड हैन भन्छु म त' (पृ.३६), 'कुरै नगरेस' (पृ.४५) आदि गजलहरू हुन् ।

थापाका गजलहरूमा जीवनका सकारात्मक र नकारात्मक पक्षका साथै जीवनसम्बन्धी विचारहरू पोखिएका छन् ।

*खालि रुँ रुँ भन्छ मोराकस्तो रुन्चे जीन्दगी*
*यति पनि सहँदैन कस्तो नाथे जिन्दगी*
*आफ्नो उता कोही ढल्दा यता आफ्नै गाउँमा*
*आगो बाल्दै हिँड्न थाले कस्तो खाते जिन्दगी*

(कस्तो नाथे जिन्दगी, पृ. १)

प्रस्तुत गजलमा जिन्दगीलाई रुन्चे, नाथे, पाखे, काँठे, भाते र खातेको संज्ञा दिइएको छ । जिन्दगी दैलो दैलो हेलै-हेला हुँदा-हुँदै पनि भाते भएर हिडिरहने हुनाले जीवनप्रति व्यङ्ग्य गरिएको छ ।

*रुने कुरा धेरै होलान हरेकको जिन्दगीमा*
*कुरोपिच्छे रोयो भने नि कोसी डुब्ला गण्डकीमा*
*सुक्नै नदी जिन्दादीलाई भिजाएर राख्यो भने*
*भासीजाला कलेजी नै सासै पिच्छे धुकधुकी मा*

(रुने कुरा धेरै होलान', पृ. २१)

माथिको गजलमा गजलकारले जीवनमा सानोतिनो कुराको कारणले निराशा नभए जीवनप्रति आशा जगाउने विचार व्यक्त गरेका छन् । जिन्दगीलाई जसले पनि कोट्याएर दुखाउन सक्ने भएकाले वेदनालाई सन्दुकीमा बन्द राख्नु राम्रो होला भन्ने कुरा गरिएको छ ।

*कैले यसको कैले उसको चेपुवामा परियो*
*सहिहाल्छ यो त भनेर नै हेपुवामा परियो*
*कता फाइदा होला भनी दश ढोका डुल पनि*
*कैले पीरको कैले भीरको सेकुवामा परियो*

(चेपुवामा परियो, पृ. ३५)

प्रस्तुत जिन्दगीमा धेरै सहनाले हेपुवामा परिएको, जे जे भन्यो त्यही मान्नाले पेलुवामा परिएको, कतै बोल्न नसक्ने काँतर भएकाले छेरुवामा परिएको र जीवन जीउनका लागि दस ढोका डुल्दा कैले भीरको र कैले पीरको सेकुवामा परेकाले जीवनका पीडा व्यक्त गरिएको छ ।

**च) विविध गजल**

राजेन्द्र थापाले आफ्ना गजलहरूमा विविध चिन्तन र विचारसमेत प्रकट गरेका छन् । यस्ता गजलहरूका प्रत्येक सेरमा अलगअलग विचार पनि पोखिएको पाइन्छ । भौतिक र जडवस्तुको पनि चित्रण गरेर जीवनदर्शन दिन खोजेका उनका गजलहरूमा चिन्तनहरू छरिएका पाइन्छन् । उनले विविध विषयवस्तुका गजलमा आफ्ना अनुभवहरू देखेका र भोगेका कुराहरूलाई जस्ताको तस्तै समावेश गरेका छन् । उनले एउटै गजलभित्र पनि आशा, निराशा, सुख, दुःख व्यक्त गरेका छन् । विविधता समेटिएका गजलहरू यस प्रकार छन्- 'न बादल नै हट्न सक्यो' (पृ.१६), 'मज्जा बेग्लै छ' (पृ.४४), 'भाग्यले आजसम्म' (पृ.४८) 'वाफेर सपनाका टुक्रा' (पृ. ५२), 'सपना टुट्दा धेरै दुख्छ' (पृ.५४) 'म गरिरहन छाडिदन ' (पृ.५५), 'फूलको सङ्गतले (पृ.५६), 'रिस उठे भन्दे हुन्छ' (पृ.५८), 'व्यथा कसले बुझ्ला र' (पृ. ५९), 'मिलावट' (पृ.६७), 'सँगै राखि पीर' (पृ. ५९) गजलहरू रहेका छन् ।

*ईश्वर तिमीले पनि मिलावट गर्न थालेछौ*
*मान्छेमा राक्षस पनि मिसावट गर्न थालेछौँ*
*तिम्रो न्याय निसाफमा नै संसार चल्नु पर्ने हो*
*फैसला नै गर्दा पनि गिरावट गर्न थालेछौ*
*पापको रुखमा फल पुण्यको फलेको देख्दैछु*
*पाप पुण्यमा नै पनि चुहावट गर्न थालेछौँ*

(मिसावट , पृ. ६७) ।

ईश्वरमा नै विसङ्गत भएको कुरा प्रस्तुत गजलले स्पष्ट गरेको छ । समान न्याय निसाफ र फैसला गर्ने ईश्वरी पनि कर्तव्यबाट च्यूत भएकाले पाप-पुण्यमा चुहावट गर्न थालेको विकृतियुक्त भाव व्यक्त गरिएको छ ।

*वर्षाको भेलमा पसेर निक्लनुको मज्जा बेग्लै छ*
*कैले काहीँ आफ्नै आगोमा सल्कनुको मज्जा बेग्लै छ ।*
*लामो यात्रामा एउटै दृश्य हेर्दा हेर्दै मन थाकेमा*
*कैले काही दुईवटै आँखा चिम्लनुको मज्जा बेग्लै छ*
*शिर विसाउने काखले नै मुटु टोकेको बेलामा*
*पत्थरकै सिरानीमाथि ढल्कनुको मज्जा बेग्लै छ*

(मज्जा बेग्लै छ, पृ.४४)

माथिको गजलमा गजलकारले विविध अनुभवहरू प्रस्तुत गरेका छन् । भेलमा पसेर निक्लनु, आफ्नै मनको आगोमा सल्कनु, सिरानीमाथि ढल्कनुजस्ता अनुभवहरूसँग सम्बन्धित विविध विषय हुन् ।

*आफ्नै किनार काट्ने निर्मोहीको*
*व्यथा कसले बुझ्ला र दरौदीको*
*आफ्नै चरनमा पस्दा पासोमा*
*गाँठो कसले खोल्ला र कस्तुरीको ?*
*आफ्नै आँगन छेड्ने जिम्मा ले को*
*दुःख कसले देख्ला र बलेँसीको ?*

(व्याथा कसले बुझ्ला र , ५३)

माथिको गजलमा दरौंदी, कस्तूरी, बलेंसी चुलेसी र तुलसीजस्ता अलग-अलग अस्तित्व भएका विषयवस्तु प्रस्तुत गरेर गजलमा विविधता आएको छ ।

*लहरै उभिएर सोचिरहेछन् आँसुका टुक्रा टुक्रा*
*कैले आउला पालो र खसुला भनी पखैका टुक्रा टुक्रा*
*सपना हुँदैनन् कैदी कसैको जन्जिरैले बाँधे पनि*
*पानी झैं उम्कि त हाल्छन् बाफेर सपनाका टुक्रा टुक्रा*

(बाफेर सपनाका टुक्रा टुक्रा, पृ. ५२)

माथिको गजलमा आँसुका टुक्रा लहरै उभिएर सोचिरहेका जीवनप्रति गहिरो चिन्तन व्यक्त गरिएको छ । सपनाहरू कहिल्यै पनि कैदी हुन नसक्ने र स्वतन्त्र रूपमा रहने कुरा व्यक्त गरिएको छ ।

**सहनेकै छाती अचानो** गजलसङ्ग्रहका गजलहरूमा नारीको सम्मोहन र व्यग्र पुरुष भावनालाई चित्रण गरिएको छ । यी गजलहरू आधुनिक परिवेशको दवावले उत्पन्न कवि मनको संवेदनात्मक प्रतिक्रियाका रूपमा आए जस्तो महसुस हुन्छ । समकालीन समाजका ऐनाका रूपमा रहेको यस सङ्ग्रहमा कलात्मकताको सवालमा गम्भीर भई गजलको साहित्यिकता जोगाउने शब्द शिल्पीको योगदान रहेको छ । यस सङ्ग्रहका रचना सामग्री निश्चय नै समकालीन सङ्कटग्रस्त विषम, ध्रुवीकृत, विभाजत वैषम्यपूर्ण त्रासद, स्थुल र विषद घटनाक्रमबाट उत्पादित ती सूक्ष्म रूपले केही अलग रूप रङ्ग र ढङ्गले गजलहरू तयार भएका छन् ।

### ५.२.३ बाटोले अब मान्छे हिँड्छ' गजलसङ्ग्रहको विवेचना

**बाटोले अब मान्छे हिँड्छ** राजेन्द्र थापाको तेस्रो गजलसङ्ग्रह हो । यसमा २०६१ सालदेखि २०६४ सालसम्म लेखिएका १४२ गजलहरू सङ्कलित रहेका छन् । महेश प्रसाईद्वारा सम्पादित प्रस्तुत गजलसङ्ग्रह छाया प्रकाशनले २०६४ वैशाखमा प्रकाशन गरेको हो । यस गजलसङ्ग्रहमा पनि अगाडिका दुईवटा गजलसङ्ग्रहजस्तै विविध विषयवस्तु समेटिएका गजलहरू रहेका छन् ।

युगौँदेखि थिचिएर थलापरेको देश र पददलित जनताका थिल्थिलोमा भएका र इतिहासका धुक्धुकीका साथै क्रान्तिका नाममा जनतालाई थिच्ने र देश भत्काउने राजनीतिक व्यङ्ग्यात्मक विषयवस्तु यस सङ्ग्रहमा समेटिएका छन् । जीवनका सबै खाले भोगाइ र पाटाहरूको यहाँ उद्घाटन भएको छ । समकालीन समाजको चित्र कोरिनुका साथै प्रेमका थोरै प्रसङ्ग र पीडाका धेरै सन्दर्भ यस सङ्ग्रहका गजलमा उठेका छन् ।[ञढड] गजलको विषयवस्तु प्रेममा मात्र सीमित छैन यसको घेरा विशाल छ, अत्यन्त छ । नेपालीहरूले आज भोगिरहेका सामाजिक जीवनका विसङ्गति र विकृति, राजनीति, नातावाद, कृपावाद, शक्तिको लिप्सा र दुरूपयोगले ल्याएको भ्रष्टता उनका गजलका विषयवस्तु हुन् । विसङ्गति र विकृतिउपर गजलले कोमलतापूर्वक कठोरप्रहार गर्नु थापाका गजलको विशेषता देखिन्छ । विदेशीको बढ्दो

[ञढड] ललिजन रावल, (भूमिका), **बाटोले अब मान्छे हिँडछ**, (काठः छाया प्रकाशन, २०६४) पृ. ३७ ।

प्रभाव र चलखेलले राष्ट्रियतामा ल्याउने विचलन र सम्भावित विखण्डनप्रति देशवासीलाई सचेत गर्ने भाव थापाका गजलमा पाइन्छ ।[ज्ञद्ध] भौगोलिकताले दुर्गम र विकट काली कर्णाली प्रदेशका ठगिएका र मूलधारबाट बाहिर पारिएका काली कर्णालीबासीको दुःख, निर्धनता, विपन्नता, अभाव र पछ्यौटेपनलाई सहानुभूतिपूर्वक उच्चतम बिन्दुमा अनुभूत गरेर गजलका माध्यमले व्यक्त गरेका छन् ।[ज्ञछण] थापाका गजलमा देश र जनताप्रति लापरवाही गर्नेहरूको पर्दाफास छ, कर्तव्य र जिम्मेवारबाट पन्छिनेहरूको चिरफार छ, हिंसामा रमाउनेहरूको पाशविकता प्रदर्शनप्रति प्रहार छ, अन्याय, अत्याचार भ्रष्टाचार, अनैतिकता मच्चाउने पाषाण चालहरूप्रति कटाक्ष छ, अझ राजनीतिक दलका तथाकथित पथप्रदर्शकहरूले उब्जाएको बदनियत र विसङ्गतप्रति विद्रोह छ । [ज्ञछज्ञ]

प्रस्तुत सङ्ग्रहका १४२ मध्ये ११३ थान गजल प्रेमका, बन्धनका , बेहोसीका, पीडाका आत्मपीडाका, अनुरागका सबै एउटै पुरुषले अज्ञात र अदृश्य युवतीसँग गरेका एकलौटी संवाद हुन् । एक दर्जन गजल भिन्न विषयवस्तुका छन् । ती पढ्दा प्रेमभन्दा भिन्दै विषयले पनि छोइएका देखिन्छन् । अरू सबै रचना थापाका व्यक्तिगत अन्तरजगतका प्रेमविषयक अनुरागका सिर्जना हुन् । यस्ता रचना सार्भिक मुल्यका देशकाल समय नबताउने मानवजातिका साझा अनुभूति हुन् । [ज्ञछद्द] विविध विषयवस्तु दर्शन, चिन्तन, भाव, विचार पोखिएका थापाका यस सङ्ग्रहका गजलहरूलाई विषयवस्तुका आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यस सङ्ग्रहका गजललाई राजनीतिक, सामाजिक, मायाप्रेम, देशप्रेम, जीवनसम्बन्धी र विविधताका आधारमा वर्गीकरण गरिएको छ ।

---

[ज्ञद्ध] वैरागी काइला, (भूमिका), **बाटोले अब मान्छे हिँडछ,** (काठः छाया प्रकाशन, २०६४) पृ. १६ ।

[ज्ञछण] वैरागी काइला, (भूमिका), **बाटोले अब मान्छे हिँडछ,** (काठः छाया प्रकाशन, २०६४) पृ. १६ ।

[ज्ञछज्ञ] महेश प्रसाई, (भूमिका), **बाटोले अब मान्छे हिँडछ,** (काठः छाया प्रकाशन, २०६४) पृ. ६७ ।

[ज्ञछद्द] गोविन्दराज भट्टराई (भूमिका), **बाटोले अब मान्छे हिँडछ,** (काठः छाया प्रकाशन, २०६४), पृ. २४ ।

**क) सामाजिक विषयवस्तुमा आधारित गजल**

यस सङ्ग्रहका गजलमा समाजका विविध विषयवस्तु समेटिएका छन् । सामाजिक अन्धविश्वास र रुढिवादी धारणाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । समाजमा एकले अर्कालाई चिन्न नसकेका कारण सामाजिक मूल्य मान्यता नै भङ्ग हुँदै गएको विचार गजलका माध्यमबाट व्यक्त गरिएको छ । सामाजिक विषयसँग सम्बन्धित गजलहरू यसप्रकार रहेका छन्- 'एक्लै पो भइएछ' (पृ.१०७), 'रोउ रोउ धेरै रोऊ' (पृ.१३९), 'छयाम्म छ्याम्म छलिया' (पृ.१४३), पश्चिम म तिमीलाई रुवाउँदै जाँदै छु' (पृ. १५५), 'बेग्लै नजरको खोजिमा म' (पृ.१३९), 'ठकै छ अलिकति ढलमलिनु' (पृ.२००), 'सबै असलमन विस्थापित भए पछि' (पृ.२०३), 'पाइन्न पुरस्कार' (पृ.२१०), 'गोठ पढियो नोट पढियो' (पृ.२१४) आदि गजलहरू रहेका छन् ।

*एक्लै एक्लै हिड्ने रहमा एक्लै पो भइएछ*
*एक्लो मान्छेको यो सरहमा एक्लै पो भइएछ*
*धेरै हेप्दा साथ छाडी किनारै पर सरेकोले*
*बाढी आउँदा त लहरमा एक्लै पो भइएछ*

(एक्लै पो भइएछ ,पृ. १०७)

प्रस्तुत गजलमा मानिस सामाजिक प्राणी भएर पनि एक्लो महसुस गर्नुपरेको र आफ्नो र पराइ चिन्न नसक्नाले एक्लै एक्लै भौतारिनु परेको पीडा व्यक्त गरिएको छ ।

*हाँसू भन्या जाति छैन, चुँडिसक्या मनकै तार, छयाम्म छ्याम्म छलिया*
*रिसाउँ भन्या साथी छैन, सप्पैगया कालापार, छयाम्म छ्याम्म छलिया*
*निको भाग्गे आया भन्थ्या कर्नालीमै डुबी मऱ्यारे, छयाम्म छयाम्म छलिया*
*चेलीकै मुटुबाटै , दैवकै सूइरै वारैपार, छयाम्म छयाम्म छलिया*

(छयाम्म छयाम्म छलिया, पृ. १४३)

राजनीतिक द्वन्द्वले गर्दा समाजका धेरैजसो युवावर्ग गाउँ छाडेर कालापार गएका, कति आइमाईहरूले छाउपडिमा ज्यानगुमाउनु परेको सामाजिक विकृतिको उद्घाटन गरिएको छ । सुदूरपश्चिमको छलिया लोकभाकामा रचना गरिएको प्रस्तुत गजलमा सामाजिक समस्याको चित्रण गरिएको छ ।

*यै देशको नागरिक म पनि , कोही मलाई नागरिकता दिदैनन्*
*मेरो आमा त आमा नेपाल, आमाको नाममा नागरिकता बन्दैनन्*
*बाबुबाजे सोधे नि, वतन घर सोधे नि जात गोत्र थर जे सोधे नि*
*मेरा रगतका हर थोपा आमा मात्र भन्छन् अरु नाम भन्दैनन्*

(यै देशको नागरिक म पनि, पृ. १२३)

समाजका प्रत्येक मानिस आमाकै काखमा जन्मि हुर्केर पनि आमाको नामबाट नागरिकता पाउन नसकिने सामाजिक पीडा व्यक्त गर्नुका साथै आमाको नामबाट नागरिकता नपाइने नियमप्रति व्यङ्ग्य गरिएको छ ।

### ख) राजनीतिक विषयवस्तुमा आधारित गजल

**बाटोले अब मान्छे हिँड्छ** गजलसङ्ग्रहमा राजनीतिसम्बन्धी गजलहरू रहेका छन् । थापाले राजनीतक धारणासम्बन्धी आफ्ना चिन्तन र विचारहरू गजलका माध्यमबाट प्रस्तुत गरेका छन् । जनताको भोट पाएर सडकबाट सदनसम्म पुगेका नेताहरूले जहिले पनि आफ्नै पक्षमा ऐन नियम बनाउने गरेको कामप्रति थापाले विरोध गरेका छन् । सरकारले जनताका आवाजहरू दवाउन जस्तोसुकै कदम चालेको कुरा व्यक्त गरिएको छ । केन्द्रमा बसेर जिल्ला र गाउँमा विकास गर्छु भन्ने नेताहरूलाई थापाका गजलमा तीव्र व्यङ्ग्यप्रहार गरिएको छ । नेपालको दसवर्षे लामो रक्तमन्थनको पीडा, काली कर्णाली प्रदेशको चिच्याहट, आक्रोसित जनताको क्रन्दन, कर्मसङ्कट, धर्मसङ्कट, हतियार सञ्चालनको तानातान र राजनीतिक उतारचढावका साथै राजनीतिक कारणले जन्माएका विविध समस्या, पीडा र व्यथाहरूको चित्रण यस सङ्ग्रहका गजलमा गरिएको छ । स्वतन्त्रताका नाममा जतातत‍ै स्वतन्त्रता र अधिकार खोजेर दिनदिनैका बन्द र हड्तालले देश विकासका कामहरूमा बाधा पुगेको, बन्द र हड्तालबाट सीमित मान्छेले फाइदा लिएको कुराप्रति थापाका गजलमा चिन्ता व्यक्त गरिएको छ । ती गजलहरू यस प्रकार रहेका छन्-'**बाटोले अब मान्छे हिँड्छ** ' (पृ.८३), 'जति छिटो अवतरण' (पृ.८४) 'मृगजाति कराउने किन हो' (पृ. ८५), 'न्याय नगर्ने देउताको' (पृ.८६), 'विरोध नगरुँ' (पृ.८८) 'यस्तो मोड आयो' (पृ.९०), 'हाम्रो आवाज' (पृ.९२), 'लहर फैलिएर पर पर सर्छ' (पृ.९३), 'समयको खेलमा' (पृ.९४), 'ऊ विचरा' (पृ.९९), 'लाठी बोकेर माग' (पृ.१००),'कसले दिन्छ स्वायत्त' (पृ.१०२) 'चस्मै फेर भन्छु मत' (पृ.१०३), 'बल्झाउने अल्झाउने काम नहोस' (पृ.१०४), 'आगो टेकेर हिँडेपछि' (पृ.१०९) 'चन्द्र निक्लिन्छ बादल निल्दछ'

(पृ.११०) 'आत्तिनु नपरोस है' (पृ.११२), 'पुड्काहरू त चिच्याउन थाल्दछन्' (पृ.१२१), 'स्यानो आवाज सुन्देको भए' (पृ.१३३), 'तर यो भएन' (पृ.१३५), 'मेरो सफलता' (पृ.१५२), 'फाइदा' (पृ.१५४), 'तानातानी भयो' (पृ.१७३), 'बढारेर फाल्नलाई' (पृ.१८०), 'यसरी त के भेटिनु' (पृ.१८२), 'दैनिक म मृत्यु देख्छु' (पृ.१८३) 'विभाजनको घाउ त' (पृ.१९०), 'जो गयो गयो' (पृ.९८) 'नकोट्याउ नकोट्याउ' (पृ.१९९), 'लैजालान नयाँ सरकारमा' (पृ.२०५), 'सकेसम्म जीत' (पृ.२०६), 'म जस्ता जन्तुलाई' (पृ.२०८), 'सहरै जलाउन सक्छु' (पृ. २०९), 'को को माथि चढे' (पृ.२१५), 'घाम झर्छ सूर्जे मर्छ' (पृ. २२३) र 'मुख थुन्दा मुख खोल्छ' (पृ.२२४) जस्ता गजलहरू रहेका छन् । केही गजलका सेरहरू उदाहरणका लागि दिइएको छ ।

*यो भएन भनी मृग जाति किन कराउने हो*
*वन तन्त्रमा नियम त बाघैले बनाउने हो*
*नाम फेर्ला मुहार फेर्ला झन झन मीठो बोल्ला*
*यौटा बदले नि आखिर अर्को बाघै आउने हो ।*

(मृगजाति किन कराउने हो, पृउ. ८५) ।

माथिको गजलमा सोजासाजा जनताहरूले आफ्नो हक अधिकारका लागि जति आवाज उठाए पनि ऐन नियम तिनै ठूला बडा नेताहरूले बनाउने र सधैं आफ्नै पक्षमा नियम बनाउने कुरा व्यक्त गर्नुका साथै जनताका आवाज सुने मात्रै नेता मान्न सकिने विचार व्यक्त गरिएको छ ।

*हाम्रो आवाज सावाज यही दवाइयो*
*माथि पुग्न दिइएन यतै लुकाइयो*
*कतै पर्खाल उठ्यो कतै उठ्यो हिमाल*
*आवाज रोक्न चाहिने सबै उठाइयो*

(हाम्रो आवाज, पृ.९२)

देशमा जनआन्दोलन चर्किन थालेपछि सरकारपक्षले आन्दोलन दवाउन सकेसम्म कोसिस गरेको तर चारैतिरबाट आन्दोलनले उग्ररूप लिदै आएको कुरा व्यक्त गरिएको छ ।

*भीडमा ढल्दै सालिक बन्ने जनता कति भाग्यमानी*
*सालिक बन्ने खै भाग्य उसको मालिक बन्छ ऊ विचरा*
*जनताकै निम्ति जनताकै आगो दन्काउँदा हुरुक्क*
*उता डढेलो मनमा वनमा उता सुनको धरहरा*

(ऊ विचरा, पृ.९९)

जनताका निम्नि भनेर जनतालाई भड्काई आन्दोलन गर्ने नेताहरू सधैँ आफ्नो मात्र स्वार्थ पूरा गर्ने र आन्दोलनमा सोजा जनताहरू होमिन पुग्ने कुरा गजलकारले व्यक्त गरेका छन् ।

*नकोट्याऊ, नकोट्याऊ बससिकेको छ खाटो*
*जस्को पनि, भइहाल्छ नि एउटा दुख्ने पाटो*
*मार भन्नेनि म आफै विचरा भन्ने नि आफै*
*कसैले पुछ्दे हुन्थ्यो रगत भिजेको यो माटो*

(नकोट्याऊ , नकोट्याऊ, पृ. १९९)

देशमा चलेको दसवर्षे राजनीतिक सशस्त्र द्वन्द्वले उब्जाएको पीडा, जतातते रगताम्य भएको, बिहान घरबाट निस्केको मान्छेको साँझ घर फर्किने ठेगान नभएको पीडा गजलकारले व्यक्त गरेका छन् ।

**ग) मायाप्रेमका गजल**

यस सङ्ग्रहका अधिकांश गजलमा प्रेम, बन्धन, बेहोसी, पीडा, पर्खाइ, आत्मपीडा, अनुराग, संयोगावस्था, वियोगावस्था र एकलौटी संवाद छन् । मायाप्रेममा एकोहोरिने प्रेमीहरूका मानसिक कुण्ठाहरूलाई थापाले यस सङ्ग्रहमा स्थान दिएका छन् । प्रेममा धोका पाउँदाका अवस्था, पर्खाइका अवस्था र सँगै हुँदाका अवस्थालाई विविध तरिकाले प्रस्तुत गरिएको छ । मायाप्रेमलाई व्यापार ठान्ने भोगीहरूलाई व्यङ्ग्य गरिएको छ र वासनात्मक प्रेमलाई सामाजिक विकृतिका रूपमा लिइएको छ । प्रेमिकाका अगाडि नशा लागेजस्तो हुने, प्रेमी प्रेमिका कहिल्यै छुट्टिएर नबस्ने र प्रेमिका सधैँ सपनामा आइरहने आदिजस्ता मायाप्रेमका विविध मानसिक अवस्थाको चित्रण यस सङ्ग्रहका गजलमा गरिएको छ । प्रणय भावका विविध अवस्थाको चित्रण गरिएका गजलहरू यस प्रकार छन्-

'छाती चिर्न मिल्ने भए' (पृ.८७), 'जिन्दगी ज्यून सरल हुन्थ्यो' (पृ.८९), 'जाम बिनाको ढलमल' (पृ.९१), 'कैले लाथ्यो थोरै मै' (पृ.९५), 'नाम होस् या बदनाम' (पृ.१०१), 'अन्तरिम प्रेम विधान' (पृ.१०६), 'जोरी खोज्ने रहर छ ' (पृ.१११), 'यो सहर हल्लाउँछु म ' (पृ.११३), 'चुपचाप आउँछे किन' (पृ.११४), 'दिललाई अब आराम छैन' (पृ.११५), 'मलमी हातले' (पृ.११६),'निकै भैरा छैन' (पृ.११७), 'चोट लाग्छ छिटो छिटो' (पृ.१२२), 'तेस्तो के पिलायो ' (पृ.१२४), 'पराजित मन भएकोले' (पृ. १२५), 'जगेडा मुटु छैन' (पृ.१२६), 'मज्जा नै बेग्लै छ' (पृ.१२७),'मिल्छ र' (पृ.१३०), 'ओँठमा तिम्रै नाम होस्' (पृ.१३१), 'जवाफ पनि चाहियो' (पृ.१३२), 'मै सँग रुन हिड्छन् ' (पृ.१३६), 'मानो मानो पीर रोपेर' (पृ.१४०), 'मेरो घाउ नचलाऊ' (पृ.१४१), 'आँखामा चल्दा तीव्र हुरी' (पृ.१४४), 'प्रेम सभा' (पृ.१४७), 'आँखामा जब जालो लाग्छ' (पृ.१४८), 'छुट्टियो' (पृ.१५१), 'के गर्नु दुखाइएछ' (पृ.१५३), 'हो पापी तिमी धेरै सताउँछौ' (पृ.१५६), 'तिम्ले यो के पिलाई दियौ' (पृ.१५७), 'काँडोले घोच्या घाउँमा फूलको मलम' (पृ.१५८), 'साँच्चि नढाँटी भनूँ' (पृ.१५९), 'मायाले मार्‍यो' (पृ.१६३), 'बग्यालाई नि पानी भन्छन' (पृ.१६४), 'नुनिलो हिस्सी ' (पृ.१६५), 'झनै खराब' (पृ.१६७), 'मैले म एक गुलाव माग्ने छु ' (पृ.१७०), 'एक लाख रैछन् आशा' (पृ.१७१), बाँढी ल्याउनु अघि' (पृ.१७५), 'नुनिलोको रहरमा' (पृ.१७६), 'दुईतिर माया दुख्नुपर्छ' (पृ.१७७), 'विस्तारै विस्तारै' (पृ.१७८), 'नराम्रोसँग टाँस्सिने तिमी' (पृ.१७९), मनै विरामी' (पृ.१८१), 'सबै आफ्नो मात्रै' (पृ.१८५), 'हुरी सरी आयो' (पृ.१८६), 'चिठीपत्र पट्याउनु वेशहोला' (पृ.१८७), 'कस्तो मान्छे छ्या (१८८), रोइराख्छु आकाश खसाई' (पृ.१८९), 'धेरै चाँडो राम्रो हुन्न' (पृ.१९१), 'माया डरैडरले' (पृ.१९२) 'यो सराब हो' (पृ.१९६), 'तिमी छाडि दियौ जब देखि' (पृ.१९७), 'मायालु बदमासै पो हुँदो रैछ' (पृ.२०१), 'माया घोली राख्नु नपर्ने' (पृ.२०), 'किन सुन्यौ सपना' (पृ.२११), 'यो पापी मन' (पृ.२१२), 'अँध्यारो झमक्क पर्न सकछ' (पृ.२१३), 'मनै त हो' (पृ.२१६), 'भइँचालो गएपछि' (पृ.२१७), 'केस्रा केस्रा केलाएर' (पृ.२१८), 'कुल्चेको जस्तो भो' (पृ.२१९) गजलहरू मायाप्रेमसँग सम्बन्धित रहेका छन् । केही उदाहरण दिएका छन्-

*तिमीलाई छाड्ने त कुरै छैन नाम होस् या बदनाम होस्*
*माया त गरियो गरियो चाहे दिल कसैको गुलाम होस्*
*माया अनमोल भन्ने जति छन् कौडी ठान्ने त झन धेरै छन्*
*दिल त लौ जा दिइयो दिइयो चाहे थोरै या धेरै दाम होस्*

(नाम होस् या बदनाम होस, पृ. ९६) ।

माथिको गजलमा प्रेमीले प्रेमिकालाई कुनै हालतमा नछाड्ने प्रेमिकालाई आफ्नो मुटु दिई सकेको र माया बिखै भए पनि पिउने प्रेमको संयोगावस्था व्यक्त गरिएको छ ।

*रात त रातमा नै चुपचाप आउँछे किन*
*बिहान हुनु अघि नै चुपचाप जान्छे किन*
*मायालुको पागलपनले हद नाघेपछि*
*छाटौ आफैलाई दिनरात तसाउँछे किन*

(चुपचाप आउँछे किन, पृ. ११४) ।

प्रस्तुत गजलमा प्रेममा पागलपन भएको प्रेमिलाई सताउन राति-राति सपनामा प्रेमिका आउने गरेको र बिहानै हुनु अगि जाने गरेको प्रेमको एकालाप व्यक्त गरिएको छ ।

*मर्दा पनि बाँच्दा पनि मेरो ओठमा तिम्रै नाम होस्*
*हल्ला चलोस् सहर भरि चाहे तिम्रै बदनाम होस्*
*माया शहदीको शालिक बन्ने मर्दिन्छु अैले नै*
*तर तिम्रो हातबाट उद्घाटनमा माला इनाम होस्*

(ओँठमा तिम्रै नाम होस्, पृ. १३१)

प्रेममा पागल भएको प्रेमिले आफू मर्दा पनि बाच्दा पनि प्रेमिकाको नाम जपिरहने र माया शहीदको शालिक बन्ने भए प्रेमिकाका लागि मर्न समेत तयार भएको प्रेमीको एकालाप व्यक्त गरिएको छ ।

*दुखाउन नहुने हो तिम्रो मन के गर्नु दुखाइएछ*
*रुवाउन नि नहुने हो तिम्लाई के गर्नु रुवाइएछ*
*वेकारमा तिमी छुच्चो भनी रिसाएर उठी हिड्यौ आफै*
*माया गर्ने बेला कलेजो नै दिन के गर्नु छुटाइएछ*

(क गर्ने दुखाइएछ, पृ. १५३)

प्रेमीले प्रेमिकाको मन दुखाएकाले उनीहरूबीच मायाप्रेम नै छुटेको प्रेमको वियोगावस्थाको चित्रण गरिएको छ । प्रेमिकालाई सर्तकताका लागि बोलेका वचनवाणले प्रेमिकाको मुटु नै छेडेकाले मायाप्रेम नै वियोगावस्थामा पुगेको कुरा व्यक्त गरिएको छ ।

*माया दुख्दा दुईतिरै माया दुख्नुपर्छ*
*मायाले झार्‍या आँसु मायैले पुस्नुपर्छ*
*सुकेको माया भन्दा रसिलै राम्रो हुन्छ*
*नलतपतिने गरी अलि सुक्नुपर्छ*

(दुईतिरै माया दुख्नुपर्छ, पृ. १७७)

प्रस्तुत गजलमा गजलकारले मायाप्रेमसम्बन्धी आफ्ना विचारहरू पोख्ने क्रममा माया एकातिर दुख्दा दुवैतिर दुख्नुपर्ने मायामा रसिलो हुनुपर्ने, मायाका सामु झुक्नुपर्ने र माया धेरै अटाउन मुटु फुक्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् ।

*माया खोलिराख्नु नपर्ने माया घोलिराख्नु नपर्ने*
*खुरुक्क लियो सुरुक्क पियो क्यै बोलिराख्नु नपर्ने*
*माया मै मिसिएकै हुन्छ नुन चिनी, जिरा, खुर्सानी*
*मरमसला थपेर त माया मोलिराख्नु नपर्ने*

(माया घोलिराख्नु नपर्ने, पृ. २०२) ।

प्रस्तुत गजलमा मायामा सबथोक हुन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

**घ) जीवनसम्बन्धी गजल**

राजेन्द्र थापाका यससङ्ग्रहका गजलमा जीवनसम्बन्धी दर्शन, चिन्तन र विचारहरू प्रकट भएका छन् । जीवनका उतार चढाव, आसु, हाँसो, जिन्दगीका आशा, निराशा र जीवन जिउनुका विविध पक्षलाई गजलमा समेटिएको छ । सङ्घर्षशील जीवनका अवस्थालाई पनि गजलको विषयवस्तु बनाइएको छ । जिन्दगी खराबबाट खराबैतिर लम्केजस्तो भित्रभित्रै सडेको घाउझैं टन्केजस्तो र हाँगा काटेको रुखजस्तो छ भन्ने विचार व्यक्त गरिएको छ । जिन्दगीलाई विविध विषयवस्तुसँग सामिप्यता गर्दै जीवन जिउनका लागि केही न केही गरिराख्नुपर्ने कुरा व्यक्त गरिएको छ । जीवनका क्षत विक्षत अवस्थालाई समेत प्रस्तुत गरिएको छ । जीवनसम्बन्धी विविध दृष्टिकोण राखिएका गजलहरू यसप्रकार छन्- 'जिन्दगी भो तातो' (पृ.११८), 'बिजुली बलेनन' (पृ.११९), 'डर लाग्छ जब आँसु' (पृ. १२०), 'खरावबाट खराबैतिर' (पृ.१२८), 'केही ढाट्नु पर्ने हुन्छ' (पृ.१२९), 'कि गरी खानु कि चोरी खानु' (पृ.१३६), 'आफ्नै भागको आफ्नै घाउ' (पृ.१३८), 'टपक्कै टिपेर' (पृ.१४५), 'मन पनि उल्टो बहँदो रहेछ' (पृ.१४६), 'सुन्छन सबैले सुन्दैनन् कसैले' (पृ. १५०), 'नसोधिकनै बाहिर निक्लिए' (पृ.१६०) 'माछी छटपटेजस्तो' (पृ. १६१), 'पिए नि' (पृ.१६९), 'धेरै हिडेजस्तो लाग्छ' (पृ.१७२), 'पुरानु कुरा' (पृ.१७४), 'पल्टयो भने मन' (पृ.१८४), 'बहकिरहने मन कता न कता' (पृ.१९५), 'आधाभरि आधाखाली' (पृ.२०७), 'कट्यो जिन्दगी घट्यो जिन्दगी' (पृ.२२०) र 'झिङ्गा मार्नु पर्दो रैछ जिन्दगी' (पृ.२१२) गजलहरू रहेका छन् । केही गजल उदाहरणका लागि दिइएको छ -

*खराबबाट खराबैतिर लम्केजस्तो छ जिन्दगी*
*वरदानबाट सरापैतिर तन्केजस्तो छ जिन्दगी*
*जसरी नि कुरो मिलाउनै पऱ्यो भन्दाभन्दै पनि*
*भीरै खोजी हिडेको देख्दा त सन्केजस्तो छ जिन्दगी*

(खराबबाट खराबैतिर पृ. १२८) ।

जीवन खराबबाट खराबैतिर लम्केको, वरदानबाट सरापतिर लम्केको र भीर खोज्दै सन्केकोले आफैभित्र जलन भई भित्रभित्रै दन्केको र टन्केको जस्तो भएको जीवनप्रति गजलकारले निराशा व्यक्त गरेका छन् ।

*कि गरिखानु जिन्दगी कि चोरिखानु जिन्दगी*
*सकिन्न भने चुपचाप कि मरिजानु जिन्दगी*
*पिरतीको तीतो मीठो हाँसी हाँसी सिङ्गै निल्नु*
*निलिन्न भने चुपचाप कि फोरिखानु जिन्दगी*

(कि गरिखानु कि चोरिखानु, पृ. १३६)

प्रस्तुत गजलमा जिन्दगी जसरी भए पनि सङ्घर्ष गरेर जिउनुपर्छ केही पनि गर्न सकिन्न भने मर्नु वेश हुन्छ । फूल झ्याङ्गिएर फूलेजस्तै जीवन पनि फुलाउन सक्नुपर्छ यदि सकिन्न भने चुपचाप गर्नुपर्छ भन्ने भावका साथ जीवन जसरी भए पनि जिउनुपर्छ भने आशावादी स्वर व्यक्त गरिएको छ ।

*कोहीले पनि सम्झेजस्तो कोहीले घोचेजस्तो*
*मन भयो कठै माछी छटपटेजस्तो*
*जिन्दगीको कृष्णैभीर फेरि भत्केजस्तो*
*पिरथिवीको सातोटै सागर सुकेजस्तो*

(माछी छट्पटे जस्तो, पृ. १६१) ।

आफूले भनेजस्तो जीवन नभएकाले पृथ्वीका सातै सागर सुकेजस्तो लाग्ने जीवनका क्षीण आशा पनि भत्केजस्तो लागेकाले जीवनप्रति निराशा व्यक्त गरिएको छ ।

*धेरै हिडे जस्तो लाग्छ भेट्या हैन क्यै पनि*
*छिटै हिडेजस्तो लाग्छ पुग्या हैन कै पनि*
*कतै पुगिएन भन्दै जत्ति सुकै रोए पनि*
*हिँडाउनै पर्ने रै छ जिन्दगी त तै पनि*

(धेरै हिँडे जस्तो लाग्छ, पृ. १७२) ।

जिन्दगीमा के-के न गरेजस्ता लाग्ने तैपनि केही गरेको नदेखिने, जिन्दगीमा केही नगरे पनि जीवन जसरी भए पनि चलाउनु नै पर्दोरहेछ भन्ने आशावादी विचार व्यक्त गरिएको छ ।

*कति गरेँ जानाजानी कति गरेँ नजानी*
*आधाभरि आधाखाली भेटेँ यो जिन्दगानी*
*बोल्न नि म छाड्दिन जिउन नि म छाड्दिन*
*हराएर जाओस् चाहे मेरो सानु कहानी*

(आँधाभरि आधाखाली पृ. २०७)

जिन्दगीमा जानी नजानी जति गरे पनि जिन्दगी सधैं आधा खाली आधा भरि भएको, आफ्नो अस्तित्वका लागि मेटिएर जानु परे पनि बोल्न र जिउन नछाड्ने भाव व्यक्त गरिएको छ ।

**ङ) विविध विषयवस्तुका गजल**

यस सङ्ग्रहका विविध गजलमा प्रेमभन्दा भिन्न विषयवस्तुले छोएका देखिन्छन् । ती पढ्दा उनी एउटा भयावह कालखण्डमा बाँचेका देखिन्छन्, यस्ता रचनाहरू साविक मूल्यका, देशकाल, समय नबताउने मानवजातिका साझा अनुभूति हुन् । यिनीहरूले निश्चित समय र स्थानको कथा बताउँछन् । देशको अन्यौल अन्धकार र अव्यवस्थातिर सङ्केत गर्दछन् र युद्धकालको अन्योल, द्वन्द्व र दुःखतिर सङ्केकत गर्छन् । यी गजलहरूले हिजोका शृङ्गार, मात र प्रेमक्रीडाबाट फड्को मारेर आजका समाजमा देखिएका विकृतिको तीतोपनलाई ओकलिरहेको छन् भन्ने प्रस्टयाउँछ । समयअनुसार मान्छे बदलिँदै जाने अलिकति घाउप्रहार सह्यो भन्दैमा थप्दै गएमा सहन नसकिने, मान्छे परिस्थितिको दास बन्नुपर्ने विविध विचारहरू यस सङ्ग्रहका गजलमा व्यक्त गरिएका छन् । यी गजलहरूमा नियत र नियतिले जन्माएको विकृति र विसङ्गतिको चित्रण गरिएको छ र यस्ता गजलहरूमा अभिधाअर्थले अर्थ दिन नसकेर व्यञ्जना र लक्षणामा पुग्नुपर्ने देखिन्छ । यी गजलहरू निम्नानुसार रहेका छन्- 'बदलिन्छ साथी पनि' (पृ.९८), 'हालतले गधा बनाइदिन्छ' (पृ.१०५), 'नशाघरमा जान्छु म' (पृ.१०८), 'चन्द्र अचानक बलेको देखेँ' (पृ. १३४), 'आकाश भन्छ' (पृ. १४२), 'मेरो धन बढ्या बढ्यै भो'(पृ. (प१४९), 'मन भिजने यसपाली' (पृ.१६२), 'आफू रुँदैन' (पृ.१६६), 'कति सताउँछ कस्तो बताउँछ'

(पृ.१९४), 'कैले छिटो कैले सुस्त '(पृ.२०४) र 'ढल्ने मान्छे मन पर्दैन' (पृ.२१) गजलहरू हुन् । तल केही उदाहरण दिएको छ-

*हालतले नि कैले काही मान्छेलाई नै गधा बनाइदिन्छ*
*मनलाई नि तनलाई नि घोटी घोटी आधा बनाइदिन्छ*
*अप्सराको भेला चलेको बेला दोहोरीको भेला खुल्यो भने*
*मान्छेको त के कुरा देउतालाई छाडा बनाइदिन्छ*

(हालतले गधा बनाइदिन्छु ,पृ. १०५) ।

माथिको गजलमा मान्छे परिस्थितिको दास हुनुपर्ने, समय र वातावरणअनुसार चल्नुपर्ने, अप्सराको नाचगान चलेको बेला देउतासमेत छाडा भएजस्तै हालतले नै मान्छेलाई गधा बनाउने विविध विचार व्यक्त गरिएको छ ।

*सबैलाई नै रुवाउँछ आफू रुँदैन*
*किन भने सारङ्गीको त आँसु हुँदैन*
*साच्चिकै नि अब त गजब नै भएछ*
*वारै पारै छेड्दा पनि त मुटु छुँदैन*

(आफू रुँदैन, पृ. १६६)

प्रस्तुत गजलमा सारङ्गीको धुनले सबैलाई रुवाउने, आँसुले रुने धुने काम गरे पनि पीर धुन नसक्ने, ढुङ्गा भइसकेको मन जता भाँचे पनि नदुख्ने विचार व्यक्त गरिएको छ, साथै लक्षणाअर्थमा देशको आन्तरिक द्वन्द्वले सबैलाई रुवाएको तर द्वन्द्वका नाइकेहरू देश र जनता जति पीरमा परे पनि मतलब नराख्ने ढुङ्गोजस्तो मुटु भएका नेताहरूप्रति व्यङ्ग्य गरिएको छ ।

*प्यूना साथ ढल्ने मान्छे मलाई मन पर्दैन*
*किन प्यूनुपर्‍यो उसले जसले मज्जै गर्दैन*
*मौरी आउँछ रस्सै चुस्छ फूलसँग बोल्दैन*
*कुरै कुराले मात्रै त कोइको पेट भर्दैन*

(ढल्ने मान्छे मन पर्दैन, पृ. २२१) ।

माथिको गजलमा मौरीले फूलको रस चुसेर फूलसँगै कुनै सरोकार नराखेजस्तै नेताहरू सत्तामा पुगेपछि भ्रष्टाचार गर्ने र देश विकास र जनताका काममा चासो नदेखाउने हुनाले उनीहरूप्रति तीव्र व्यङ्ग्य प्रकट गरिएको छ ।

**बाटोले अब मान्छे हिडँछ** गजलसङ्ग्रहको शीर्षक नै आफैमा घुमारो रूपमा आएको छ । नामजस्तै यसमा सङ्कलित अधिकांश गजल घुमाउरो पारामा प्रस्तुत भएका छन् । गजल दुर्वोध्य

र अमूर्त नभई सहज र सम्प्रेषणीय हुनु जरुरी छ । यस दृष्टिले यस सङ्ग्रहका कतिपय गजलहरूमा हार्दिकता र कोमलताभन्दा कठोरता बढी देखिन्छ । सबै गजलहरू साधारण पाठकले बुझ्न सकिने खालका छैनन् । समाज, राजनीति र क्रान्तिकारीका कुराहरू पनि लक्षणाका रूपमा आएका छन् । गजलमा काफियाको प्रयोग अव्यवस्थित तरिकाले गरिएको छ । १४२ गजलहरू समेटिएका यस कृतिका अधिकांश रचना विचार र दर्शनले लपक्क भिजेका छन् । प्रायः प्रतीकात्मक अर्थ लाग्ने ती गजलहरूमा नेपालको पछिल्लो राजनीतिक घटनाक्रम र त्यसले जनतामा पारेको प्रभाव र नियतिको उजागर गरिएको छ । त्यस्तै क्रान्तिका नाममा भौतिक संरचनाको विनास गर्ने एवम् मानव हुनुको कर्तव्य बिर्सेर जनतालाई झन थिच्ने प्रवृत्तिको गजलका माध्यमबाट प्रतिवाद गरिएको छ । युगौंदेखि थिचिएका, पिसिएका, पीडाले गलेकादेखि अधिकारको अनुभूति गर्न नपाएका नेपालीका वेदनामा मलम लगाउँदै शक्तिले मात्तिएका र अरूको पसिनामा पोसिएकाहरूको यथार्थलाई निर्भयसँग पर्दाफास गरिएको छ । सरल र सहज प्रस्तुति तर गहन अर्थ एवम् समसामयिक विषयवस्तुको छनोट गरेका थापाका गजलहरूमा समग्रमा भन्नुपर्दा **बाटोले अब मान्छे हिँड्छ** गजलसङ्ग्रह नेपाली वाङ्मयमा वैचारिक दार्शनिक र सह्रानीय कृति बनेको छ ।

## ५.३ राजेन्द्र थापाका गजलको संरचनात्मक विवेचना

साहित्यका विविध विधाहरूमध्ये गजल एक पद्य विधा हो साहित्यका अन्य विधाजस्तै गजलको पनि आफ्नै संरचनात्मक विधान हुन्छ । गजलको संरचना विशिष्ट पङ्तिहरूको पुञ्जबाट पूर्ण हुन्छ । गजललाई पूर्णता प्रदान गर्न आउने तत्त्वहरू शेर, मतला, मकता, रदिफ, काफिया र तखल्लुस हुन् । यस्ता पङ्क्ति पुञ्जहरूले गजललाई गेयात्मक, रसात्मक, आलङ्कारिक र श्रुतिमधुर बनाउने काम गर्दछन् । राजेन्द्र थापाका गजल संरचनाका दृष्टिले झिना देखिन्छन् । गजलको संरचनामा अत्यन्तै महत्त्वपूर्ण र आत्यावश्यक तत्त्व काफिया हो । काफिया भनेकै अनुप्रास वा तुक हो । काफियाको प्रयोगमा गजलकार अत्यन्तै सचेत रहनुपर्दछ । काफियाका प्रयोगमा थापा धेरै ठाउँमा चुकेका छन् । फेरा र चमेरासँग विचरा, धारा र धमिरा काफिया बन्न सक्दैन । पिलायौ र मिलायौ मतलामा प्रयोग गरेपछि अन्य शेरमा चलायौ  र जलायौ समान ध्वनिका काफिया बन्न सक्दैनन् । यस्ता काफिया प्रयोगमा थापाका

गजलहरूमा जताततै त्रुटि भेटिन्छन् । विविध भावविचार र चिन्तनले पोख्त भएका थापाका गजलमा संरचनापक्षलाई ध्यान दिएको पाइँदैन ।

राजेन्द्र थापाका गजलमा १४ देखि २१ अक्षरका पङ्क्तिहरू धेरै छन् । सबैभन्दा कम सात अक्षरका पङ्क्ति छन् भने सबैभन्दा बढी पच्चीस अक्षरसम्मका पङ्क्ति समावेश गरिएका छन् । गजलमा दुई पङ्क्तिका सेर वास्तविक सेर हुन् , थापाका गजलमा चार पङ्क्तिका सेर पनि पाइन्छन् । उनले कम्तिमा तीन सेरदेखि अधिकतम सात सेरसम्मका गजल रचना गरेका छन् । यसकारण थापाका गजलमा समानरूपमा सेरको प्रयोग गरिएको पाइँदैन । माथिदेखि तलसम्मको सम्पूर्ण सेरको दोस्रो पङ्क्ति र पहिलो अन्तराको अन्तिम स्थानमा रदिफ रहन्छ । रदिफ परिवर्तनीय हुँदैनन्, माथिदेखि तलसम्म एउटै रहन्छन् । उनका कुनै-कुनै गजलमा मात्र रदिफको समानरूपले प्रयोग गरिएको पाइन्छ । अधिकांश गजलमा रदिफको समानरूपले प्रयोग गरिएको पाइँदैन । प्राविधिक हिसाबले रदिफ र काफियाको प्रयोग कहीँ छोटो र कहीँ लामो शब्द गठनमा परेको पाइन्छ । उनका गजलमा सेर, काफिया र रदिफभित्र हुने प्राविधिक सम्बन्ध र सन्तुलन बेलाबखत जैविकरूपले भङ्ग भएका छन् । गजलको सिद्धान्त र संरचनालाई आधार मानेर गजल रचना गरिएका पाइँदैनन् । यसकारण थापाका गजल संरचनाका आधारमा कमजोर देखिन्छन् । गजलकारले गजलका मक्ता या अन्तिम सेरमा आफ्नो नाम या उपनामराख्ने गर्दछन् र त्यसलाई तखल्लुस भनिन्छ । थापाका कुनै पनि गजलमा तखल्लुस प्रयोग गरिएको पाइँदैन । थापाले आफ्ना गजलमा लोकलयका, दोहोरी, झ्याउरे र सुदूरपश्चिमको ठाडो भाकालाई छन्दका रूपमा प्रयोग गरेका छन् ।

राजेन्द्र थापाले गजलको संरचनापक्षलाई जोड दिनुभन्दा मानिसका सुख, दुःख र पीडाका अनुभूति व्यक्त गरेका छन् । अपरिपक्व र अमिल्दा गजलकारहरूको भीडमात्र बढेर गजलबारे अन्योल र भ्रम फैलिरहेको समयमा आफ्ना स्पष्ट दृष्टिकोण र धारणासहित गजलको बेग्लै धार समातेर थापाले गजल रचना गरेको देखिन्छ । उनका गजलमा संरचनापक्षलाई जोड नदिए पनि युग सन्दर्भअनुसार नयाँ किसिमले गजलमा नयाँ कुरा दिन राजेन्द्र थापाका गजल सक्षम रहेका छन् ।

## ५.४ निष्कर्ष

गीति क्षेत्रपछि गजलका क्षेत्रमा देखापरेका थापाको गजललेखन तीव्र गतिमा बढेको देखिन्छ । थापाले तीनवटा गजलसङ्ग्रह प्रकाशित गरेका छन् । उनका यी तीन गजलसङ्ग्रहले नेपाली गजलविधाका क्षेत्रका थप योगदान पुऱ्याएको देखिन्छ । ६४ वटा गजलहरूको सङ्ग्रह **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२) उनको पहिलो प्रकाशित गजलसङ्ग्रह हो । ७६ वटा गजलहरू सङ्कलन रहेको **सहनेकै छाती अचानो** (२०६२) दोस्रो र १४२ वटा गजलहरू समावेश गरिएको **बाटोले अब मान्छे हिडँछ** (२०६४) तेस्रो प्रकाशित गजलसङ्ग्रह हो । थापाका गजल उर्दूजस्ता नभएर ठेट नेपालीजस्ता बनेका छन् । यस्तो हुनुमा मुख्य कारण उनले तीन दशकदेखि प्राप्त गर्दै आएको नेपाली गीतको सीप र अनुभव नै हो । थापाका गजलको शैली पनि कहीँ प्रचलित उखान र टुक्काबाट बनेको छ । कहीँ स्वयम् कवि निर्मित सूक्ति नै उखान टुक्काजस्तो छ र व्यञ्जनप्रधान बनेको छ । समाजका जनजीवनभित्र पसेर त्यहाँका जनताका पीडालाई प्रत्यक्ष अनुभव गरेर जीवन्त अभिव्यक्त दिएका छन् । उनका गजलहरूले काफियाको संयोजन र भिन्न गायन शैलीले मात्र उर्दू गजलको झल्को दिन्छन् । उनका गजलमा आजको समाज र विरोधाभासका साथै बिडम्बनाको सङ्केत गर्ने र देशको विकास प्रक्रियामा रहेको सन्तुलनको न्यूनतातर्फ लक्षित गर्ने सशक्त व्यङ्ग्य प्रस्तुत भएका छन् ।

थापाका गजलमा समाजका यथार्थघटनाहरू छर्लङ्ग पाउन सकिन्छ । उनले गजलमा परम्परागत शृङ्गार मद र प्रेमक्रीडालाई समेत केही स्थान दिँदै बाँकी ठूलो स्थान वर्तमानमा भोगिरहेका र देखिरहेका विकृति, विसङ्गतिलाई दिएका छन् । मानवीय वेदना र संवेदना, विकृति र विचलन, विनास र विस्थापनजस्ता आज हामीले दैनिक देखिरहेका, भोगिरहेका सत्य, तथ्य, चिन्ता, पीडा नै उनका गजलका विषयवस्तु रहेका  छन् । उनका गजलमा सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, समाज सुधारको सन्देश र परम्परागत तथा रूढिगत मान्यताहरूको तीव्र विरोध गरिएको पाइन्छ । उनी समाजकै कुरा लेख्छन् र बोल्छन् । उनका गजलमा समाजमा ठूलाबडाले तल्लोस्तरका मानिसलाई हेप्ने, चेप्ने र दास बनाउने कार्यप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । समाजमा एकले अर्कालाई चिन्न नसकेका कारण सामाजिक मूल्य मान्यता नै भङ्ग हुँदै गएको विचार थापाका गजलमा पाइन्छ । उनले गजलका माध्यमबाट आफ्नो मातृभूमिप्रति चिन्ता प्रकट गरेर सुन्दर, शान्त नेपालको परिकल्पना गरेका

छन् । उनले देशमा चारैतिर विकास हुनुपर्ने, राजनीतिक अस्थिरता समाप्त हुनुपर्ने र नेपालीले नेपाली भई बाँच्न पाउनुपर्ने विचार व्यक्त गरेका छन् ।

राजेन्द्रले मायाप्रेमका संयोगावस्था र वियोगावस्थाको चित्रण गरेका छन् । मायाप्रेमको नाटक गरेर जालझेल गर्नेहरूप्रति तीव्र व्यङ्ग्य गरेको पाइन्छ । प्रेममा पागल भएका प्रेमीहरूको एकालापसमेत उनका गजलमा पाइन्छ । उनले वासनात्मक प्रेमलाई सामाजिक विकृतिका रूपमा लिएका छन् । उनका गजलमा प्रेममा धोका पाउँदाका अवस्था, पर्खाइहका अवस्था र सँगै हुँदाका अवस्थालाई विविध तरिकाले प्रस्तुत गरिएको पाइन्छ । उनले जनजीवनसम्बन्धी दर्शन र चिन्तन गजलका माध्यमबाट प्रस्तुत गरेका छन् । जीवनका आशा, निराशा, कुण्ठा, तृष्णा, रोष आदि पक्षलाई थापाले आफ्ना गजलमा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । जीवनप्रति वितृष्णा बोध गरिएका जीवन क्षतविक्षत भएको र जीवन खाते भएर पनि अघि बढिरहेको विचार उनका गजलमा व्यक्त गरिएको पाइन्छ । जिन्दगीलाई विविध विषयवस्तुसँग सामिप्यता गर्दै जीवन जिउनका लागि केही न केही गरिराख्नु पर्ने विचार थापाका गजलमा पाइन्छ । उनका गजलमा राजनीतिले जन्माएको विकृति, विसङ्गति चाकडी र सत्ताको होडबाजीमा हानथाप र तानातान गर्ने नेताहरूप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । राजनीतिक द्वन्द्वका कारण देश अँध्यारोतिर धकेलिरहेको विचार थापाका गजलमा प्रस्तुत गरिएको छ ।

थापाका गजलमा राष्ट्र र राष्ट्रियता माथि आघात पर्ने गरी विदेशीसँग सम्झौता गर्ने नेताहरूप्रति तीव्र व्यङ्ग्यप्रहार गरिएको पाइन्छ । पटक-पटक सत्तामा बसेर गल्ति गर्नेहरू र जनताका सामु झुटा आश्वासन लिएर भोट माग्न जाने नेताहरूप्रति रोष व्यक्त गरिएका थापाका गजलमा केन्द्रमा बसेर गाउँको विकास गर्छु भन्ने नेताहरूको कटु आलोचना गरिएको पाइन्छ ।

नेपाली गजलकारहरूमा गजल कोर्दा शृङ्गारिक विषयवस्तुमा सीमित हुने शब्द संयोजनलाई तुकबन्दीमा सीमित पारेर गजललाई उकुसमुकुसमय बनाउने जटिलता र गरुङ्गा शब्दहरू थुपार्ने प्रवृत्तिले ग्रसित हुने गरेको पाइन्छ । थापाका गजलहरू अलि भिन्दै बाटोमा हिँडेका पाइन्छन् । प्रायजसो गजलहरू नेपाली परम्परागत लोकलयमा आबद्ध छन् । सोचेका र भोगेका कुरालाई ट्वाक्क भन्ने थापाका गजल विचार र चिन्तनले खारिएका छन् । गाउँघरमा

बोलिने ठेट नेपाली शब्दहरूलाई आफ्ना सिर्जनामा सुन्दर ढङ्गले लयबद्ध गर्न सिपालु थापाले गजलमा पनि नेपालीपनको लयबद्धता दिने प्रयास गरेका छन् । यसर्थ गजलकार थापाले गजलका प्रविधिको पकड बुनाइ र प्रस्तुतिमा निजी शैलीगत र सङ्कीर्णतालाई भन्दा बहुलवादी उदारतालाई बरण गरेका छन् । कला र साहित्य सङ्गीतको सिर्जनशील क्षेत्र भएकाले सदा अग्रगामी तथा परिवर्तनशील हुने यसको आन्तरिक स्वभाव र प्रवृत्तिलाई हृदयङ्गम गरी नयाँ प्रयोग, नयाँबाटो, नयाँ प्रविधि, नयाँ स्वरूप तथा नयाँ रङ्ग दिएर गजल रचना गर्ने प्रयत्न थापाले गरेका छन् । गजल विधा पारम्पारिक भए पनि यसलाई समयसापेक्ष अनुभवहरू अभिव्यक्त गर्ने माध्यमका रूपमा राख्न सकिन्छ भन्ने बलियो उदाहरण थापाका गजलले प्रस्तुत गरेका छन् । थापाले गजलको पुरानै मोडेललाई अनुसरण गरेर पनि नयाँ किसिमले गजलमा नयाँ कुरो दिएका छन् । उनका गजलमा विषयवस्तुले हिजोको शृङ्गारिक मात र प्रेमक्रीडालाई फड्को मारेर आजको समाजमा देखिएका विकृतिको तीतोपनलाई ओकलि रहेका छन् ।

राजेन्द्र थापाले गजलका क्षेत्रमा नवीन प्रयोग ल्याएका छन् । गजलको पुरानो मान्यतालाई केही मात्रामा भङ्ग गरेर संरचनालाई जस्ताको तस्तै राखी गजलको विषयवस्तुमा नयाँ आयाम थपेका छन् । शृङ्गारिक र प्रणय भावका मात्र गजल रचना भइरहेका समयमा यथार्थ जीवनका विविध विषयवस्तुजस्तै आर्थिक, राजनीतिक, सामाजिक आदिपक्षलाई आधार बनाएर गजल निर्माण गरेका छन् । थापाका गजलमा भूतकाललाई हेरेर वर्तमानमा टेकी भविष्यप्रति सङ्केत गरिएको पाइन्छ भने उनका गजलले एक युग हाँकेका छन् । गरिब र शोषित वर्गको आवाज उठाइदिएका छन् ।

# छैटौँ परिच्छेद

## उपसंहार

काठमाडौँको डिल्लीबजारमा वि.सं. २००८ भाद्र १७ गते पिता तुलाबहादुर थापा र माता तारादेवी थापाका कोखबाट दोस्रो पुत्रका रूपमा लेखबहादुर थापाको जन्म भएको हो । यिनै लेखबहादुर थापा नै आजका गीतकार, गजलकार राजेन्द्र थापा हुन् । यिनको न्वारनको नाम लेखबहादुर थापा राखिएको थियो । यिनको नागरिकता र प्रमाणपत्रमा राजेन्द्रकुमार थापा लेखिएको पाइन्छ । हाल यिनी राजेन्द्र थापाका नामले चर्चित छन् ।

आर्थिक दृष्टिकोणले सम्पन्न परिवारमा जन्मिएका थापाको बाल्यकाल सुखपूर्वक बित्यो । बुबा तुलाबहादुर थापा प्रहरी अञ्चलप्रमुख भएकाले यिनको बाल्यकाल बाबुआमासँगै काठमाडौँ, गोरखा, चितवन र वीरगञ्जमा बित्यो । यिनको उपनयन संस्कार २०२१ सालमा १३ वर्षको उमेरमा पूर्वको झाँगाझोलीमा भएको थियो । बुबा शिक्षित र सम्पन्न अनि प्रहरी अधिकृत भएका कारण यिनको पढाइको सुरुवात ४/५ वर्षको उमेरदेखि नै भएको थियो । यिनले २०२२ सालमा पद्मोदय हाइस्कुलबाट १४ वर्षको उमेरमा एस्.एल्.सी. उत्तीर्ण गरेका थिए । २०२५ सालमा त्रिचन्द्र कलेजबाट आई.ए. उत्तीर्ण गरेका थापाले २०२६ सालमा शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छनौट भएपछि स्नातक तहको पढाइलाई अगाडि बढाउन सकेनन् ।

यिनको विवाह ललितपुरका गम्भीरबहादुर राजभण्डारी र मोतीदेवी राजभण्डारीका एक्ली छोरी ज्योति राजभण्डारीसँग २०३५ साल मङ्सिर २७ गते २७ वर्षको उमेरमा भएको थियो । यिनले आन्तर्जातीय विवाह गरेका थिए । ज्योति राजभण्डारीसँग केही समयको प्रेमसम्बन्धपछि उनीहरू हिन्दू परम्परागत संस्कारअनुसार विवाह बन्धनमा बाँधिएका थिए । यिनका एक छोरा र एक छोरी रहेका छन् । यिनका सासु-ससुराका छोरा नभएकाले यिनी सासू ससुसारको अन्तिम अवस्थासम्म ससुरालीमै अलग फ्ल्याट लिएर बसेका थिए । सासु-ससुराको काजकिरिया पनि यिनले नै गरेका थिए । यिनका ससुरालीले आफ्ना नाममा रहेको चलअचल सम्पत्ति छोरीलाई नै

दिएका थिए । यिनका आमाबाबु र सासु ससुराको निधन ३ वर्ष ४ महिनाको अन्तरालभित्रै भएको थियो, जसको पीडा महसुस यिनलाई अहिलेसम्म भइरहन्छ ।

थापाका बाजे राणाशासन कालका बडाहाकिम थिए । त्यसकारण यिनको आर्थिक स्थिति बाजेका पालादेखि नै सम्पन्न थियो । परिवारका तीनजना सदस्य रोजगारी भएकाले यिनको हालको आर्थिक स्थिति पनि सम्पन्न छ ।  नेपाली सेनाको सहायक सेनानीबाट जागिर सुरु गरेका थापा हाल नेपाली सेनाकै उपरथी पदबाट अवकाश प्राप्त छन् । यिनले जागिरका क्रममा स्वदेश र विदेशका थुप्रै ठाउँको भ्रमण गर्ने र लामो समयसम्म बस्ने समेत अवसर पाएका छन् । यिनले आफ्नै निजी खर्चले पनि विदेशका थुप्रै ठाउँहरूको भ्रमण गरेका छन् । यिनी हाल लोकन्थली स्थित आफ्नै निवासमा छोराछोरी र पत्नीका साथ स्थायीरूपमा बसोवास गर्दै आएका छन् । बहुमुखी प्रतिभाशाली व्यक्तित्वका धनी राजेन्द्र थापा नेपाली सेनामा सेवारत भएका कारणले कुनै पनि सङ्घ-संस्थामा आबद्ध भएका छैनन् ।

राजेन्द्र थापाले बाल्यकालदेखि नै फाटफुटरूपमा कविता सिर्जनामा रुचि राखेका थिए । यिनी स्कुले जीवनदेखि नै रेडियो नेपालको बालवाटिका कार्यक्रममा कविता लेखेर वाचनसमेत गर्ने गर्दथे । सानै उमेरदेखि कविता, कथा लेख्न मन पराउने थापाका कविता र कथा डायरीमा नै सुरक्षित रहेका पाइन्छन् । उनले औपचारिक रूपमा २०२६ सालमा **मेरो गीत उडी गयो** गीत लेखेका थिए, जुन सोही सालमा निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको थियो । २०२६ सालबाट नेपाली साहित्यका क्षेत्रमा देखापरेका थापाका हालसम्म एक गीतिसङ्ग्रह **यस पाली त मनै फाट्यो** (२०५३) र तीनवटा गजलसङ्ग्रह **सूर्जे पनि अस्ताउन मात्रै** (२०६२), **सहनेकै छाती अचानो** (२०६२) र **बाटोले अब मान्छे हिँड्छ** (२०६४) पुस्तकाकार रूपमा प्रकाशनमा आएका कृतिहरू हुन् । साहित्यका थुप्रै विधामा कलम चलाएका थापाका हालसम्म गीत र गजलसङ्ग्रह मात्र प्रकाशनमा आएका छन् । उनले २०४१ सालमा ‘सात दिदी बहिनी’ लघुनाटक लेखेर प्रदर्शनसमेत गरेका थिए । उनले लेखेर प्रदर्शन गरेका लघुनाटक हालसम्म पनि प्रकाशनमा आएका देखिँदैनन् ती सबै पाण्डुलिपिका रूपमा सुरक्षित रहेका छन् ।

२०२६ सालबाट गीतलेखन सुरु गरेका राजेन्द्र थापाले थुप्रै गीतहरू लेखेका छन् । उनले लेखेका गीतहरूमा प्रेमध्वज प्रधान, योगेश वैद्य, अरूणा लामा, तारादेवी, निर्मला श्रेष्ठ

रमेश ताम्राकार आदि गायकले स्वर दिएका छन् । साझा प्रकाशनले उनका १०९ वटा गीतहरू सङ्कलन गरेर २०५३ सालमा **यस पाली त मनै फाट्यो** गीतिसङ्ग्रह प्रकाशनमा ल्याएको हो । यस सङग्रहका गीतहरूमा विविध विषयवस्तु समेटिएका गीतहरू रहेका छन् । धेरैजसो गीतहरू मनसँग सम्बन्धित रहेका छन् । मनका विविध उतार- चढावलाई यी गीतहरूका माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ । यस सङ्ग्रहमा देशप्रेम, मायाप्रेम, प्रकृतिप्रेम, जीवनविषयक गीतहरू रहेका छन् । थापाका गीतमा राष्ट्रमा व्याप्त असमानतालाई देखाउने, देशभक्तिको भावलाई प्रकट गर्ने, वातावरणसम्बन्धी विषयलाई प्रकट गर्ने र जीवनका उज्याला पक्ष र अँध्यारा पक्षहरूलाई प्रकट गर्ने गीतहरू भेटिन्छन् । साथै मायाप्रेमका संयोगावस्था र वियोगावस्थाको चित्रण गरिएका पाइन्छन् । उनका गीतहरू लयका बन्धनबाट मुक्त देखिन्छन् । परम्परित लय विधान अङ्गालेर लेख्न खोजेको गीतमा पनि लय भङ्गको स्थिति केही मात्रामा देखिन्छ । यिनका गीतमा आन्तरिक तथा अन्त्यानुप्रासबाट प्राप्त सङ्गीत चेतनाले सङ्गीतको सृष्टि भएको पाइन्छ । उनका गीतहरूमा जीवन र जगत्का मान्यता र मूल्यहरू सरल र सहजरूपमा चित्रित गरिएका छन् ।

२०२६ सालबाट साहित्यलेखन सुरु गरेका थापाले साहित्यका विविध विधामा कलम चलाए तापनि उनका गीत र गजलबाहेक कुनै पनि अन्य रचना प्रकाशित भएका छैनन् । उनको २०५३ सालमा **यस पाली त मनै फाटयो** गीतिसङ्ग्रह प्रकाशनमा आएपछि २०६२ सालमा सूर्जे **पनि अस्ताउन मात्रै** र **सहनेकै छाती अचानो** गजलसङ्ग्रह प्रकाशनमा आएका छन् । यसपछि २०६४ सालमा **बाटोले अब मान्छे हिँड्छ** तेस्रो गजलसङ्ग्रह प्रकाशनमा आएको हो । गजल लेखनकार्यलाई तीव्र गतिमा बढाएका थापाले लामो समयको पर्खाइपछि नेपाली साहित्यमा तीनवर्षको अन्तरालभित्रै तीनवटा गजलसङ्ग्रह थपिदिएका छन् ।

**सूर्जे पनि अस्ताउन मात्रै** गजलसङग्रह २०६२ सालमा **सुदूरपश्चिम प्रतिभा प्रस्फुटन कोशले** प्रकाशनमा ल्याएको हो । यसमा ६८ वटा गजलहरू सङ्गृहीत रहेका छन् । दुर्गम क्षेत्रका पीडा, व्यथा र विविध समस्यालाई विषयवस्तु बनाएर यस सङग्रहका गजल लेखिएका छन् । यस गजलसङ्ग्रहको प्रमुख स्वर नै काली कर्णाली प्रदेशले भोग्नुपरेको पीडाको स्वर हो । काली

कर्णाली क्षेत्रका जनताको पीडालाई प्रत्यक्ष अनुभव गरेर थापाले यस सङ्ग्रहका गजलमा जीवन्त अभिव्यक्त गरेका छन् ।

थापाको **सहनेकै छाती अचानो** गजलसङ्ग्रह २०६२ सालमा **साझा प्रकाशनले** प्रकाशित गरेको हो । यस सङ्ग्रहमा ७६ वटा गजलहरू समावेश गरिएका छन् । यस सङग्रहका रचनामा नेपाली जनमानसकै व्यथा, पीडा र भोगाइका तस्बिर यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यसमा नदेखिने र महसुस गर्नुपर्ने मनोभावलाई चित्रण गरिएको छ । नेपाली मात्रले देखेका, भोगेका र अनुभव गरेका मानवीय संवेदना नै यस सङ्ग्रहका गजलका विषयवस्तु बनेका छन् ।

**बाटोले अब मान्छे हिँडछ** थापाको तेस्रो प्रकाशित गजलसङ्ग्रह हो । यो गजलसङ्ग्रह छाया प्रकाशनले २०६४ मा प्रकाशनमा ल्याएको हो । यसमा १४२ वटा गजलहरू समाविष्ट गरिएका छन् । यस गजलसङ्ग्रहमा पनि विविध विषयवस्तु अँगालिएका गजलहरू रहेका छन् । यस सङ्ग्रहका धेरैजसो गजल प्रेम, बन्धन, बेहोसी, पीडा, पर्खाइ, आत्मपीडा र अनुरागका सबै एउटै पुरुषले अज्ञात र अदृश्य युवतीसँग गरेका एकलौटी संवादजस्ता लाग्छन् । यस सङ्ग्रहका गजलमा समकालीन समाजको चित्र कोरिनुका साथै प्रेमका थोरै प्रसङ्ग र पीडाका धेरै सन्दर्भ उठेका पाइन्छन् ।

नेपाली गजलको लेखन प्रकाशनको गतिलाई निरन्तरता प्रदान गर्ने अन्य गजलकारहरूमध्ये राजेन्द्र थापा पनि एक देखिन्छन् । यिनका गजलहरूमा कोरा कल्पना र सस्ता भावनाहरू पाइन्न । मानवीय चेतनाका सचेत उत्तरदायित्व र राष्ट्रप्रतिको गहन अभिभारा थापाका गजलका विषयवस्तु बनेका छन् । गजललाई कवितात्मक बनाउने र गेयता प्रदान गर्ने कवि तथा गीतकार राजेन्द्र थापाको आगमन गजलक्षेत्रका लागि उल्लेखनीय मानिन्छ । उनका गजलमा जुन वेदना र तन्मयताको भाव छ, त्यसको स्रोत केवल कोरा कल्पनामात्र नभएर हामी बाँचेको परिवेश र जीवन हो ।

नेपाली गीत र गजलमा छुट्टै शिल्पविधान लिएर साहित्यसाधनाा संलग्न रहेका गीतकार राजेन्द्र थापाको नेपाली साहित्यमा छुट्टै पहिचान छ । प्रगतिवादी काव्यचेतका साहित्यकार थापा अत्यन्त सुन्दर, सरल समाजका विम्ब प्रतीकहरूलाई लिएर गीत र गजल रचना गर्दछन् ।

उनका गीत र गजलमा विषयवस्तुको र घटनाको यथार्थ चित्रण गरिएको पाइन्छ । उनले जे देखे त्यही लेखेका छन् । गजलकार राजेन्द्र थापाले आफ्ना कृतिहरूमा ठेट नेपाली पद वा पदावलीको प्रयोग गरी झर्रो नेपाली भाषाशैलीको प्रयोग गरेका छन् । नेपाली माटोमा फुलेका, फलेका र पचेका झर्रा नेपाली शब्द यिनका कृतिमा पाइन्छन् । त्यसैले राजेन्द्र थापा सरल र सहज भाषामा गजल लेख्ने र गजलका क्षेत्रमा नवीनता ल्याउने गजलकारका रूपमा परिचित छन् ।

गीत र गजलका फाँटमा परिचित राजेन्द्र थापाका गजलभन्दा गीतहरुले उत्कृष्ट स्थान लिएका छन् । परिमाणत्मक हिसाबले गीतभन्दा गजलको मात्र बढी भए तापनि गुणात्मक दृष्टिले उनका गीतहरुमा गीतहरु उच्च स्थानमा रहेका देखिन्छन् । भाव र विचारका दृष्टिले 'म माटोको पुजारी', 'यस पाली त मनै फाट्यो' , 'हिमालको छड्के टोपी' , 'म त्यहाँ उभिन्न', 'अरुले हानेको ढुङ्गाले भन्दा', सुख बाँडे दोब्बर , 'हात बढाऔं उसलाई' , 'तेरो यो जात मेरो यो जात' गीतहरु उत्कृष्ट रहेका छन् ।

साहित्यका विविध फाँटमा कलम चलाउने राजेन्द्र थापा मूलतः गीतकार हुन् । उनले गीतबाटै आफ्नो सिर्जनात्मक लेखन प्रारम्भ गरेको पाइन्छ भने गजलका क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । यिनले गजलका क्षेत्रमा नवीन प्रयोग गरेका छन् । गजलको संरचनापक्षलाई भन्दा भावलाई महत्त्वपूर्ण स्थान दिने थापाका गजलमा नयाँ शैली र प्रयोग गरिएको पाइन्छ । नेपाली साहित्यमा गजल र गीतका क्षेत्रमा योगदान दिएका हुनाले उनलाई 'छिन्नलता गीत पुरस्कार' (२०५९) पहलमानसिंह स्वार साहित्य प्रतिभा सम्मान' (२०६४) र 'दामोदर पुडासैनी प्रतिभा सम्मान पुरस्कार' (२०६५) प्राप्त भएको छ ।

राजेन्द्र थापाका साहित्यिक रचनाहरुमा सामाजिक जनजीवनको यथार्थ चित्र खिचिएको पाइन्छ । विशेष गरी नेपाली गाउँ, समाज र राष्ट्रमा व्याप्त राजनैतिक विकृति विसङ्गति आर्थिक शोषण, सामाजिक यातना, पीडा, अभाव, महङ्गी, अन्याय अत्याचारमा पिल्सिरहेका मानव जीवनको मार्मिक अभिव्यक्ति गरिएको छ । नारी माथि गरिएका यातना, पीडा, अन्याय, अत्याचार, हेय, भाव आदिलाई पनि कडा रूपमा प्रस्तुत गरिएको छ । नेपाल राष्ट्र तथा नेपाली भाषा साहित्यप्रतिको अगाध स्नेहको भावनालाई राजेन्द्र थापाले आफ्ना रचनाहरूमा व्यक्त

गरेका छन् । नेपाी गीत र गजलका इतिहासमा मनोविश्लेषणात्मक तथा यथार्थवादी धाराअन्तर्गत कलम चलाउने गीत र गजलकारका रूपमा स्थापित भएका छन् ।

बहुमुखी प्रतिभाका धनी गीतकार तथा गजलकार राजेन्द्र थापा नेपाली साहित्यका अध्ययनशील, चिन्तनशील र सिर्जनशील साहित्यकारका रूपमा चर्चित छन् । उनको सिर्जनशील स्रष्टा व्यक्तित्व हालसम्म पनि उत्तिकै उर्वर रहेको छ । उनका फुटकर कविता, कथा र लघुनाटक पाण्डुलिपिका रूपमा उनको डायरीमै सुरक्षित रहेका पाइन्छन् । आशा गरौ ती रचनाहरू पनि छिटै प्रकाशनमा आउनेछन् । राष्ट्र र राष्ट्रियताका कट्टर हिमायती गीतकार/गजलकार राजेन्द्र थापाको आगामी साहित्यसाधना अझ सिर्जनशील र उर्वर रहने आशा गर्न सकिन्छ । गीत र गजल रचनाबाट सिद्धि मिलिसकेका राजेन्द्र थापाबाट अझ राम्रा-राम्रा कृतिहरूका आशा गर्न सकिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने गीत गजलका माध्यमबाट नेपाली साहित्को विकास र उन्नति गर्ने साहित्यकारका रूपमा राजेन्द्र थापालाई लिन सकिन्छ । जहाँसम्म यिनका कमजोरी पक्षलाई केलाउँदा उनका गजलहरू सैद्धान्तिक मान्यतामा पूर्णतः आधारित हुनसकेका देखिँदैनन् । उनको साहित्यिक भविष्य उज्जल देखिन्छ । समग्रमा भन्नुपर्दा राजेन्द्र थापा नेपाली साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन उनलाई गीत र गजलका विधामा बढी क्रियाशील यथार्थपरक मनोविश्लेषणात्मक साहित्यकारका रुपमा चिन्न सकिन्छ ।

**अध्ययनका सम्भावित क्षेत्रहरू**

- राजेन्द्र थापाका गीतिकारिताको अध्ययन ।
- राजेन्द्र थापाका गजलकारिताको अध्ययन ।

# सन्दर्भग्रन्थसूची


आप्टे, बामनश्रीराम, **संस्कृत हिन्दीकोश**, दिल्ली : मोतीलाल वनारसीदास पब्लिसर्स, ई.१९६९ ।

ओझा, दशरथ, **समीक्षा शास्त्र,** दिल्लीः राजपाल एण्ड ई. १९७५ ।

गौतम, मनमोहन, **सुरकी काव्यकला**, दिल्लीः भातरीय साहित्य मन्दिर, ई. १९५६ ।

.........., **भ्रमर गीतका काव्य वैभव**, दिल्लीः रामचन्द्र गुप्ता, ई. १९६७ ।

जोशी, इन्दिरा, **बुढाकाजी अमरसिंह थापा र बृहत् नेपाल,** काठमाडौँः २०६३ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौँः ने.रा.प्र.प्र., २०५५ ।

.........., **नेपाली बृहत् शब्दकोश**, काठमाडौँः ने.रा.प्र.प्र., २०६० ।

थापा, राजेन्द्र, **यसपाली त मनै फाट्यो** , काठमाडौँः साझा प्रकाशन, २०५३ ।

.........., **सूर्जे पनि अस्ताउन मात्रै**, काठमाडौँः सुदूरपश्चिम प्रतिभा प्रस्फुटन कोश, २०६२ ।

.........., **सहने कै छाती अचानो** , काठमाडौँ : साझा प्रकाशन , २०६२ ।

.........., **बाटोले अब मान्छे हिँड्छ,** काठमाडौँ : छाया प्रकाशन , २०६४ ।

न्यौपाने, टंकप्रसाद, **साहित्यको रूपरेखा,** काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

न्यौपाने, घनश्याम, **गजल सौन्दर्य मिमांशा**, रूपन्देहीः सनसाइन आवासीय उ.मा.वि., २०६४ ।

बराल, कृष्णहरि, **संदृष्टि,** काठमाडौँः साझा प्रकाशन, २०५५ ।

.........., **गीतसिद्धान्त र इतिहास,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६० ।

भट्टराई, देवेन्द्र, **स्रष्टा र समय**, काठमाडौँ, रत्नपुस्तक भण्डार, २०६२ ।

सिंह, राधिका, **महादेवी वर्माके काव्यमे लालित्य योजना**, दिल्लीः दिल्ली नेसनल पब्लिसिङ हाउस, ई. १९९५ ।

## शोधपत्रसूची

दाहाल, विदुरप्रसाद, *यादवखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित एम्. ए. शोधपत्र, २०५८ ।

बराल, कृष्णहरि, *एक फूल अनेक पत्र,* अप्रकाशित एम्.ए. शोधपत्र , २०४४ ।

लुइँटेल, खगेन्द्रप्रसाद, *क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति,* अप्रकाशित एम्.ए. शोधपत्र, २०४६ ।

श्रेष्ठ, रमेशकुमार, *पूर्णिमाकी जुन,* अप्रकाशित एम्.ए. शोधपत्र ।